
**माङ्सेबुङ गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

इभाङ, इलाम, प्रदेश नं. १




# विपद् व्यवस्थापन योजना

# अन्तिम प्रतिवेदन २०७८

# विषयसूची


**खण्ड - १: विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजनाको पृष्ठभूमि** १

**१.१ पृष्ठभूमि** १

**१.२ सोच** ३

**१.३ लक्ष्य** ३

**१.४ उद्देश्यहरू** ३

**१.५ योजनाको अपेक्षित नतिजा** ५

**१.६ अवधारणा** ५

**१.७ योजनाको महत्व** ७

**१.८ योजनाको सीमा** ७

**१.९ योजना कार्यान्वयनको रणनीति** ८

**१.१० विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजनाका वैधानिक आधारहरू** ८

१.१०.१ नेपालको संविधान २०७२ ८

१.१०.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ ८

१.१०.३ स्थानीय सरकार सञ्चालन ऐन २०७४ ९

१.१०.४ स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ १०

१.१०.५ गाउँपालिका/नगरपालिका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (नमुना) २०७८ ११

१.१०.६ स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०७८ १२

**खण्ड - २: माङसेबुङ गाउँपालिकाको परिचय** १३

**२.१ माङसेबुङ गाउँपालिकाको वस्तुगत स्थिति** १३

**२.२ भौगोलिक विवरण** १५

२.२.१ भैागोलिक अवस्थिति १५

२.२.२ नदीनाला, खोला, ताल, पोखरी १९

२.२.३ मौसम तथा हावापानी २२

२.२.४ भू-उपयोगको अवस्था २४

**२.३ प्रशासनिक विवरण** २६

२.३.१ प्रशासनिक विभाजन २६

२.३.२ वडा विभाजन २६

**२.४ सामाजिक विवरण** २६

२.४.१ जनसांख्यिक विवरण २६

२.४.२ उमेर तथा लिङ्गका आधारमा जनसंख्याको विवरण २७

२.४.३ जातीय समूहको उपस्थिति २८

२.४.४ धार्मिक समूहको उपस्थिति २८
२.४.५ शिक्षाको स्तर, स्कुल, कलेज २९
२.४.६ स्वास्थ्य अवस्था, डाक्टर, एम्बुलेन्स तथा अस्पतालको व्यवस्था २९
२.४.७ खानेपानीको व्यवस्था ३०
**२.५ भौतिक पूर्वाधार तथा अन्य विवरण ३१**
२.५.१ सडक तथा पुल ३१
२.५.२ बारुण यन्त्रको व्यवस्था ३३
२.५.३ सुरक्षा निकायको उपस्थिति ३३
२.५.४ बस्ती तथा घरको प्रकार ३३
२.५.५ संचारको सुविधा ३४
२.५.६ विद्युत सुविधा ३४
२.५.७ गाउँपालिकाका बजार केन्द्रहरू ३५
२.५.८ धार्मिक तथा पर्यटकीय स्थानहरू ३५
**२.६ आर्थिक अवस्था ३५**

**खण्ड - ३ः माङसेबुङ गाउँपालिकाको विपद् जोखिमको अवस्था ३६**
**३.१ भूमिका ३६**
**३.२ गाउँपालिकामा देखिने मुख्य विपद्हरू ४०**
३.२.१ बाढी तथा कटान ४०
३.२.२ पहिरो तथा भूक्षय ४०
३.२.३ हावाहुरी ४१
३.२.४ आगलागी ४१
३.२.५ चट्याङ ४१
३.२.६ शीतलहर ४१
३.२.७ सरुवा रोग तथा महामारी ४१
३.२.८ भूकम्प ४२
३.२.९ सर्पदंश ४२
३.२.१० खडेरी ४२
३.२.११ वन्यजन्तुको आक्रमण ४२
**३.३ गाउँपालिकाका विभिन्न वडाहरूमा विगतमा देखिएका विपदका घटना तथा विपद् व्यवस्थापनका लागि चालिएका कदमहरू ४२**
३.३.१ वडा नं. १ ४३
३.३.२ वडा नं. २ ४३
३.३.३ वडा नं. ३ ४३
३.३.४ वडा नं. ४ ४३
३.३.५ वडा नं. ५ ४४
३.३.६ वडा नं. ६ ४४
**३.४ बाढी तथा पहिरो प्रभावित वस्तीहरूको विवरण ४४**

३.५ जोखिम स्तरीकरण र विश्लेषण ४८
३.६ प्रकोपहरू, कारण, प्रभाव तथा न्यूनीकरणका उपायहरू ४९
३.७ प्रकोप पात्रो ५८

खण्ड - ४: विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुनःस्थापना योजना ५९
४.१ विपद् व्यवस्थापन ५९
४.२ विपद् जोखिम रोकथाम तथा न्यूनीकरणका लागि सञ्चालन गर्नुपर्ने गतिविधि ५९
४.३ विपद् पूर्व तयारीका लागि सञ्चालन गर्नुपर्ने गतिविधि ६३
४.४ विपद् प्रतिकार्यका लागि सञ्चालन गर्नुपर्ने गतिविधि ६६
४.५ विपद् पुनर्स्थापना तथा पुनर्निर्माणका लागि सञ्चालन गर्नुपर्ने गतिविधि ६९
४.६ विपद् प्रतिकार्य समय तालीका ७१
४.७ विपद्पश्चात देखापर्ने समस्या तथा गर्नुपर्ने विषयगत कार्य योजना ७२
४.७.१ सूचना तथा समन्वय ७२
४.७.२ खोज तथा उद्धार व्यवस्थापन ७३
४.७.३ आपतकालीन खाद्य सामग्री व्यवस्थापन ७४
४.७.४ पोषण, उपचार र औषधी व्यवस्थापन ७५
४.७.५ आवास, यातायात तथा अन्य व्यवस्थापन ७६
४.७.६ संरक्षण व्यवस्थापन ७७
४.७.७ खानेपानी तथा सरसफाई व्यवस्थापन ७८
४.७.८ शव व्यवस्थापन ७९
४.७.९ आपत्कालीन शिक्षा ७९
४.७.१० फोहोरमैला व्यवस्थापन ८०
४.८ कार्य विभाजन ८१

खण्ड - ५: विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक अन्य विषयहरू ८२
५.१ विपद् न्यूनीकरण तथा व्यवस्थापन कोष ८२
५.२ विपद् व्यवस्थापन समिति ८४
५.२.१ गाउँपालिका विपद् व्यवस्थापन समिति ८५
५.२.२ वडा विपद् व्यवस्थापन समिति ८५
५.२.३ समुदाय विपद् व्यवस्थापन समिति ८६
५.३ विपत् उद्धारका लागि आवश्यक पर्ने सामग्रीहरू ८६
५.४ प्रभावित व्यक्तिहरूका लागि तत्काल आवश्यक खाद्य सामग्रीको विवरण ८८
५.७ विपद् व्यवस्थापनका लागि (Logical Framework Approach (LFA) ८९
५.७.१ नीतिगत तयारी ८९
५.७.२ भौतिक विकास तथा निर्माण ९०
५.७.३ संस्थागत क्षमता विकास ९३
५.७.४ मानव संसाधन विकास ९४
५.७.५ प्राकृतिक स्रोत व्यवस्थापन ९५
५.७.६ जीवनयापन विकास (Livelihood Development) ९६

५.७.७ पूर्व सूचना जानकारी प्रणाली ९७
५.७.८ आपत्कालीन विपद् प्रतिकार्य योजना ९८
५.७.९ पुनर्स्थापना तथा पुनर्निर्माण ९९
५.७.१० विविध ९९

**संक्षेपीकरण** **१००**

**अनूसूचीहरू** **१०१**
**अनुसूची - १: योजना तर्जुमा गर्दाको छलफलका फोटाहरू** **१०१**
**अनुसूची - २: योजना तर्जुमा छलफलको माइन्युट** **१०५**

# तालिका सूची


तालिका नं. १: गाउँपालिकाको भौगोलिक अवस्थिति १५
तालिका नं. २: गाउँपालिकामा रहेका नदीनाला, खोला तथा पोखरी १९
तालिका नं. ३: मौसमसम्बन्धी विवरण २३
तालिका नं. ४: भू-उपयोगको अवस्था २४
तालिका नं. ५: गाउँपालिकाको प्रशासनिक विभाजन २६
तालिका नं. ६: गाउँपालिकाको वडा विभाजन २६
तालिका नं. ७: वडागत जनसंख्या, क्षेत्रफल, जनघनत्व, घरधुरीको विवरण २६
तालिका नं. ८: उमेर तथा लिङ्गका आधारमा जनसंख्याको विवरण २७
तालिका नं. ९: जातजातिअनुसार जनसङ्ख्याको विवरण २८
तालिका नं. १०: धर्मअनुसार जनसङ्ख्याको विवरण २९
तालिका नं. ११: गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरूको विवरण ३०
तालिका नं. १२: खानेपानीको मुख्य स्रोत ३१
तालिका नं. १३: गाउँपालिकामा रहेका सुरक्षा निकायहरू ३३
तालिका नं. १४: छानोको आधारमा घरधुरीको विवरण ३४
तालिका नं. १५: बत्ती बाल्न प्रयोग गरिने इन्धनको स्रोत ३५
तालिका नं. १६: बाढी प्रभावित वस्तीहरूको विवरण ४४
तालिका नं. १७: पहिरो प्रभावित वस्तीहरूको विवरण ४६
तालिका नं. १८: विभिन्न विपद् प्रभावित वस्तीहरूको विवरण ४७
तालिका नं. १९: विभिन्न वडामा विभिन्न विपदको प्रवृति ४८
तालिका नं. २०: प्रकोप विश्लेषण ४९
तालिका नं. २१: प्रकोप पात्रो ५८
तालिका नं. २२: विपद्जोखिम रोकथाम तथा न्यूनीकरणका उपाय ६०
तालिका नं. २३: विपद् पूर्वतयारीका उपाय ६४
तालिका नं. २४: विपद् प्रतिकार्यका उपाय ६७
तालिका नं. २५: विपद् पुनर्स्थापना तथा पुनर्निर्माणका उपायहरू ७०
तालिका नं. २६: विपद् प्रतिकार्य समय तालीका ७१

**तालिका नं. २७:** सूचना तथा समन्वयको लागि प्रतिकार्य योजना ७३
**तालिका नं. २८:** खोज तथा उद्धार व्यवस्थापनको लागि प्रतिकार्य योजना ७४
**तालिका नं. २९:** आपतकालीन खाद्य सामग्री व्यवस्थापनको लागि प्रतिकार्य योजना ७४
**तालिका नं. ३०:** पोषण, उपचार र औषधी व्यवस्थापनसम्बन्धी प्रतिकार्य योजना ७५
**तालिका नं. ३१:** आवास तथा अन्य व्यवस्थापनको लागि प्रतिकार्य योजना ७६
**तालिका नं. ३२:** संरक्षण व्यवस्थापनको लागि प्रतिकार्य योजना ७७
**तालिका नं. ३३:** खानेपानी तथा सरसफाई व्यवस्थापनसम्बन्धी प्रतिकार्य योजना ७८
**तालिका नं. ३४:** शव व्यवस्थापन प्रतिकार्य योजना ७९
**तालिका नं. ३५:** आपत्कालीन शिक्षासम्बन्धी प्रतिकार्य योजना ८०
**तालिका नं. ३६:** फोहरमैला व्यवस्थापनको लागि प्रतिकार्य योजना ८१
**तालिका नं. ३७:** विपत्को समयमा आवश्यक पर्ने सम्भावित बन्दोबस्तीका सामग्रीहरू ८६
**तालिका नं. ३८:** प्रभावित व्यक्तिहरूका लागि खाद्य सामग्रीसम्बन्धी विवरण ८८

# नक्सा सूची


**नक्सा नं. १:** गाउँपालिकाको प्रशासनिक विभाजन नक्सा १४

**नक्सा नं. २:** गाउँपालिकाको स्वरूप नक्सा १६

**नक्सा नं. ३:** गाउँपालिकाको भिरालोपना १७

**नक्सा नं. ४:** गाउँपालिकाको भिरालोपनअनुसार वस्ती वितरण १८

**नक्सा नं. ५:** गाउँपालिकाको जल सम्पदा २०

**नक्सा नं. ६:** गाउँपालिकाको जलसम्पदा अनुसार वस्तीको वितरण २१

**नक्सा नं. ७:** गाउँपालिकाको भू-उपयोगको अवस्था २५

**नक्सा नं. ८:** गाउँपालिकाको सडक सञ्जाल ३२

**नक्सा नं. ९:** गाउँपालिकाका जोखिमयुक्त क्षेत्रहरू ३८

**नक्सा नं. १०:** गाउँपालिकाको भौगर्भिक संरचना ३९

**नक्सा नं. ११:** गाउँपालिकाको भूकम्पीय जोखिमको अवस्था ४०

# खण्ड १ : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजनाको पृष्ठभूमि

## १.१ पृष्ठभूमि

कुनै निश्चित स्थानमा हुने प्राकृतिक वा मानव सृजित दुर्घटना जसले मानव जीवन, सम्पत्ति तथा वातावरणलाई गम्भीर रूपले क्षति पुऱ्याउँछ र उक्त असर सामान्यतया मानवको वशभन्दा बाहिर हुन्छ, त्यस्तो घटनालाई विपद् भनिन्छ । नेपाल विपद् जोखिमयुक्त देशहरूको सूचीमा विश्वकै अग्रपंतिमा रहेको देश हो । नेपालमा विभिन्न प्रकारका विपदका कारणले बर्षेनी ठुलो मात्रामा धनजनको क्षति हुने गरेको छ । विपदलाई नेपालले मात्र नभई विश्वले नै मानव जीवनका लागि गम्भीर सुरक्षा चुनौतीका रूपमा लिदै यसलाई सम्वोधन गर्नका लागि प्रयत्नशील रहेका छन् ।

नेपालमा विगतमा विपद् व्यवस्थापनसम्बन्धी कार्य दैवि प्रकोप उद्धार ऐन २०३९ को अनुसार हुँदै आएकोमा हाल वि.स. २०७४ कार्तिक ५ गते प्रमाणीकरण भएर नयाँ ऐनका रूपमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ कार्यान्वयनमा आएको छ । जसमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै क्रियाकलापहरूको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गरी प्राकृतिक तथा मानव सृजित विपद्बाट सर्वसाधारण नागरिकहरूको जीवन र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पति, प्राकृतिक एवम साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्ने व्यवस्था गरेको छ ।

हाल नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि विभिन्न नीति नियम तथा ऐन कानुनहरूको तर्जुमा गरी लागू गरेको छ । विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७४ का अनुसार विपद् व्यवस्थापनसँग सम्बन्धित नियम तथा ऐन कानुनहरू मध्ये दैवी प्रकोप उद्धार ऐन २०३९, साविकको स्थानीय स्वायत्त शासन ऐन २०५५, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६, जलवायु परिवर्तन नीति २०६७, स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८, राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा २०७०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत मार्गदर्शन २०७२, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति २०७२, राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्रको कार्य सञ्चालन विधि २०७२, राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ महत्वपूर्ण कानुनी दस्तावेजहरू हुन् ।

नेपालको संविधान (२०७२) अनूसूची ८ को बुँदा नं. २० मा उल्लेख भएअनुसार र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-३, दफा ११, उपदफा २ को (न) बमोजिम विपद् व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमनको जिम्मेवारी स्थानीय सरकारको भएको सन्र्दभमा यस माङसेबुङ गाउँपालिकाको विपद् जोखिम पूर्वतयारी तथा व्यवस्थापन योजना निर्माण गरिएको हो ।

नेपालको सन्दर्भमा विपद्सम्बन्धी पूर्वतयारी गर्नु अत्यन्त जरुरी छ। धरातलीय विषमता, भूकम्पीय सम्वेदनशीलता, जलवायुको विषमता, अन्धविश्वास, अज्ञानता, लापरवाहीजस्ता कारणले गर्दा पटकपटक विभिन्न किसिमका प्राकृतिक विपद्हरू आइलाग्ने स्थिति सर्वविदितै छ। माङसेबुङ गाउँपालिका तराइसँग जोडिएको समथर क्षेत्र चुरे तथा महाभारत क्षेत्रमा समेत पर्ने गाउँपालिका भएकोले विशेष गरी बाढी, कटान, पहिरो, भूक्षय, चट्याङ्ग, असिना, खडेरी, आगलागि, लु, शितलहर, महामारी, सर्पदशं, बन्यजन्तुहरूको आक्रमण, हुरीबतासजस्ता जोखिमहरूको लागि सम्वेदनशील क्षेत्रमा पर्दछ । यस बाहेक सम्पूर्ण नेपाल भूकम्पीय उच्च जोखिमको क्षेत्रमा पर्दछ जुन कुरा १९९०, २०४५ र २०७२ सालमा आएका ठुला भूकम्पहरूको अनुभवले पनि प्रमाणित गरेको छ । यसर्थ त्यस्ता विपद्हरूबाट सुरक्षित रहन र न्यूनतम क्षति हुने अवस्था सिर्जना गर्ने हेतुले यो विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजनाको निर्माण गरिएको हो ।

प्रकोप र यसबाट उत्पन्न विपद्‌लाई भाग्यवादी चिन्तनबाट हेर्ने पुरानो सामाजिक परम्पराका कारण विपद् जोखिम न्यूनीकरण नेपालमा प्रभावकारी रूपमा कार्यान्वयन हुन सकिरहेको छैन। यस अवस्थालाई जनचेतनाको कमी, अन्धविश्वास र भौगोलिक विकटताले पनि साथ दिईरहेको छ। पछिल्लो समयमा विश्वव्यापी रूपमा बढ्दै गएको विपद्‌को जोखिम कम नगरिएसम्म दिगो विकासको लक्ष्य प्राप्त हुन नसक्ने देखिएका कारण पनि यसको व्यवस्थापनका विभिन्न पक्षमा काम गर्नुपर्नेमा विश्व समुदाय एक रहेको पाइन्छ। यस सन्दर्भमा विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणको पद्धतिलाई दैनिक व्यवहारमा नै अवलम्बन गर्ने परम्पराको विकास गर्न सघाउनु आजको आवश्यकता हो।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, सरकारबाट स्वीकृत विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ र गृह मन्त्रालयबाट जारी भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ साथै नेपाल सरकारको मिति २०७४ कात्तिक ५ गतेको मन्त्री परिषदको बैठकको निर्णयअनुसार परिमार्जित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ जस्ता दस्ताबेजहरूका मार्गदर्शन तथा स्थलगत अध्ययनको शिलशिलामा संकलित सूचनाको समेत आधारमा यो दस्ताबेज तयार गरिएको हो।

पछिल्लो समय विभिन्न मानवीय क्रियाकलापले गर्दा वायुमण्डलमा हरितगृह ग्याँसको मात्रा निरन्तर बढ्दै गइरहेको छ। यसका लागि बढ्दो शहरीकरण, अव्यवस्थित उद्योग, सवारी साधनहरू, वनजंगल फँडानी वा विनाशजस्ता क्रियाकलापहरूलाई नै प्रमुख कारण मान्न सकिन्छ। अत्याधिक हरितगृह ग्याँस उत्सर्जनका कारण पृथ्वी तातिने क्रम बढे सँगै र यसले निम्त्याएको जलवायु परिवर्तन, विश्वभर अर्थव्यवस्था तथा समाजमा नकारात्मक प्रभाव पार्ने प्रमुख कारकको रूपमा देखा परेको छ। जलवायु परिवर्तनले नेपाललगायत अन्य विकासोन्मुख देशहरूलाई तुलनात्मक रूपमा बढी असर गरिरहेको छ। सानो भूगोल, न्युन औद्योगिक गतिविधि, कृषिमा आधारित अर्थतन्त्र हुनाले नेपालले अन्य देशहरूको तुलनामा नगण्य (प्रति वर्ष ग्लोबल कुलको ०.०२५५ प्रतिशतभन्दा कम) मात्रामा मात्र हरितगृह ग्याँस उत्सर्जन गर्दछ । तर जलवायु परिवर्तनका अत्यन्त संवेदनशीलरूप नकारात्मक असर तथा प्रभावहरू नेपालमा देखा परिसकेका छन्। यहाको भौगोलिक बनावटमा धेरै विविधता र जटिलता भएकोले पनि नेपाल जोखिमपूर्ण देशको सूचीमा पर्दछ। मेपलक्राफ्ट नामक संस्थाले प्रकाशित गर्ने प्रतिवेदनमा नेपाल जलवायु परिवर्तनका कारण विश्वमै अति संकटग्रस्त दश मुलुकको सूची भित्र पर्ने गरेको छ।

पछिल्लो अध्ययनहरूले हिमालय क्षेत्रको तापक्रम सरदर वृद्धिभन्दा धेरै उच्च दरमा बढिरहेको देखाउँछ। जसको प्रत्यक्ष प्रभाव स्वरूप हिमतालमहरूको आकार तीब्र रूपमा वृद्धि हुन गई बिस्फोटन हुने क्रम बढेको त्यसैगरी जलवायु परिवर्तनले बाढी, पहिरो, भूक्षय, खडेरी, भोकमरीजस्ता विपद्‌को समस्याहरूलाई थप जटिल बनाएको छ। बढ्दो तापक्रमले अनियमित वर्षा धेरै नै वृद्धि भएको छ। उच्च हिमाली भेगमा हिमनदी खुम्चिने, हिमताल बढ्ने र वृद्धि हुँदै जाने गति, हिमताल बिष्फोट हुने खतरा र हिम पहिरो मुख्य प्राकृतिक प्रकोप हुन्। मध्य पहाडमा पहिरो, नदी तटमा बाढी आउने, भूक्षय र असामान्य खडेरीजस्ता प्रकोपहरू बढ्दै छन्। यसैगरी नदीमा पानीको सतह बढी खेत बस्ती डुबान हुने, पानीको मुहान सुक्ने र खडेरी तराईमा देखा पर्न थालिसकेका छन्। यसैगरी मौसम नै परिवर्तन हुन थालेपछि नेपालजस्तो कृषिप्रधान देशलाई ठुलो असर पार्नेछ र पारिरहेको छ। आकाशे पानीमा भर पर्ने नेपालको कृषि प्रणालीमा वर्षायाममा हुने उतारचढावले प्रभाव पार्न थाले सँगै कृषि उत्पादनमा कमी आउँछ। यसैगरी मौसम र वर्षाको प्राकृतिक चक्रमा परिवर्तन हुँदा परम्परागत बाली चक्र असन्तुलित हुन जान्छ जसका कारण खाद्यान्न संकट हुन जान्छ र भोकभरीको ठुलो संकट निम्तिन सक्छ।

यसैगरी तापक्रममा वृद्धि भएको कारणले विभिन्न प्रकारको रोगहरू फैलिने क्रम बढी हुन्छ र नेपालमा बढिरहेको पनि छ । विशेष गरेर झाडापखाला, मलेरिया, कालाजार, जापनिज ईन्सेफलाइटिस्जस्ता रोगको उच्च खतरा देखिएको छ । तसर्थ जलवायु परिवर्तनको असरहरूलाई न्यूनीकरण गर्न अनुकूलन उपायहरू अवलम्बन गर्न जरुरी छ । यसका लागि अन्तराष्ट्रिय स्तरमा संयुक्त राष्ट्र संघले जलवायु परिवर्तन अभियान शुरु गरिसकेको छ । नेपालले पनि राष्ट्रिय, जिल्ला तथा स्थानीयस्तरमा अनुकूलनका उपायहरू अबलम्बन गरीजलवायु उत्पन्न प्रकोप न्यूनीकरण अभियान सुरु गरिसकेको छ । जसका लागि नेपाल सरकार वातावरण मन्त्रालयले राष्ट्र संघीय निकायहरू तथा विभिन्न अन्तराष्ट्रिय निकायहरूको सहयोगमा National Adaptation Programme of Action (NAPA), Local Adaptation Plans of Action (LAPA), Community Based Adaptation Plan of Action (CBPA) र Ecosystem Based Adaptation (EBA) जस्ता कार्यक्रमहरू सञ्चालन भईरहेका छन् । त्यस्तै विभिन्न सरकारी विभागहरूमा जलवायु परिवर्तन एकाइहरू तथा जलवायु परिवर्तनको प्रोटोकल विकास गरी अन्य जलवायु परिवर्तन अनुकूलन कार्यक्रमको पहल भैरहेको छ । प्रमुख दाताहरू, विशेष गरी एशियालि विकास बैंकले नेपालमा जलवायु परिवर्तन लचिलोपन (Climate Change Resilient) समाज निर्माणलाई मुख्यधारमा ल्याउन ठुलो लगानी गर्दै आएको छ । यसैअनुरूप यस गाउँपालिकामा जलवायु परिवर्तनले निम्त्याएका समस्याहरूको अध्ययन गरी सघनरूपमा अनुकूलन कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ ।

## १.२ सोच

माङसेबुङ गाउँपालिकालाई विपद् जोखिमबाट बचाउनका लागि विपद्को संभावनालाई कम गर्दै सम्भावित विपद्लाई प्रभावकारी ढंगबाट सामना गर्ने र गाउँपालिकालाई विपद् उत्थानशील गाउँपालिकाको रूपमा विकास गर्ने सोचका साथ यो योजना तयार पारिएको हो ।

## १.३ लक्ष्य

विभिन्न समयमा हुने विपद् तथा प्राकृतिक प्रकोपले जनधनमा पर्न जाने क्षतिलाई न्यूनीकरण गर्दै मानव जिवनका लागि नभई नहुने भौतिक पूर्वाधारहरू जस्तै घर, खेतीयोग्य जमिन, सडक, सञ्चार, खानेपानी, शिक्षा, स्वास्थ्य, उद्योग तथा अन्य आधारभूत मानवीय सेवाहरूमा पर्न जाने प्रत्यक्ष वा अप्रत्यक्ष नकारात्मक प्रभावलाई कम गरी सम्पूर्ण क्षेत्रलाई सुरक्षित राख्नु यो योजनाको लक्ष्य रहेको छ ।

## १.४ उद्देश्यहरू

प्राकृतिक प्रकोपबाट व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य र जीविकाका साधनहरू साथै साँस्कृतिक, सामाजिक र भौतिक पूर्वाधार र सम्पदाहरूको संरक्षण गर्ने यस योजनाको मूल उद्देश्य हो । यस बाहेक यो योजनाका अन्य उद्देश्यहरू निम्नानुसार छन्:

- गाउँपालिकाको विपद् जोखिमको अवस्थाबारे सम्पूर्ण सूचना संकलन गर्नु ।
- गाउँपालिकामा आउने विपद्को प्रकार, तीब्रता तथा असरको बारेमा अध्ययन गर्नु ।
- गाउँपालिकामा देखा पर्ने मुख्य विपद्को लेखाजोखा गर्नु ।
- जनसमुदायमा विपद्को सम्बन्धमा सचेतना फैलाउनु ।
- विपद्जोखिम बढाउने मानवीय गतिबिधिहरूको बारेमा आम जनसाधारणलाई सुसूचित गरी त्यसलाई निरुत्साहित गर्नु ।

- विपद् व्यवस्थापनमा स्थानीय स्रोत, साधन, समुदाय तथा सीपको अधिकतम प्रयोगका लागि उत्प्रेरित गर्नु ।
- विपद् जोखिमका बारेमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान अभिवृद्धि गर्नु ।
- विपद्को समयमा प्रयोग गर्न सकिने खुला तथा सुरक्षित स्थानको पहिचान गर्नु ।
- गाउँपालिकामा हुनसक्ने विपद्को जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभलाभको खाका तयार पार्नु ।
- मानवीय गतिविधि तथा विकास निर्माणका कार्यले विपद्मा पार्न सक्ने असर तथा त्यसमा ध्यान दिनुपर्ने कुराहरूको बारेमा जानकारी प्रदान गर्नु ।
- विपद् व्यवस्थापनको लागि कार्य विभाजन, जिम्मेवारी प्रदान, कोष निर्माण र उद्धार टोली तथा उपकरण व्यवस्थापनको लागि खाका तयार पार्नु ।
- गाउँपालिकाको विपद् जोखिम नक्शा तयार पार्नु ।
- स्थानीय जनता, जनप्रतिनिधि, संघसस्था तथा सम्पूर्ण सरोकारवालाहरूलाई विपद् व्यवस्थापनका लागि प्रोत्साहित गर्नु ।
- प्रकोप, जोखिम तथा संभावित विपद्को प्रचार, प्रसार तथा सूचना प्रवाह प्रभावकारी बनाउनु ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न सरकारी निकाय, गैर सरकारी एवं सामुदायिक संघ, संस्थाका साथै निजी क्षेत्रको पनि भूमिकालाई स्पष्ट पारी समन्वयात्मक ढंगले कार्य गर्न प्रेरित गर्नु ।
- विपद् जोखिम न्यूनीकरणलाई जलवायु परिवर्तन अनुकूलनका कार्य, दिगो विकास लक्ष्य तथा विकासमूलक क्रियाकलापहरूसँग एकीकरण तथा मूलप्रवाहीकरण गर्नु ।
- विपद् जोखिम न्यूनीकरणका लागि सार्वजनिक तथा निजी लगानी वृद्धि गरी उत्थानशीलता अभिवृद्धि गर्नु ।
- विपद् जोखिमको लेखाजोखा, नक्शाङ्कन तथा राष्ट्रिय भूउपयोग नीतिको आधारमा जमिनको वर्गीकरण गरी सोअनुरूप जमिनको समुचित उपयोग गर्नु ।
- विपद् प्रभावमा आधारित बहुप्रकोप पूर्व सूचना प्रणालीको विकास गरी प्रभावकारी पूर्व तयारी तथा प्रतिकार्य मार्फत क्षतिलाई न्यूनीकरण गर्न दिशानिर्देश गर्नु ।
- विपद्बाट प्रभावित व्यक्ति, परिवार र समुदायलाई समयमै उचित राहतको सुनिश्चितता गर्नु ।
- विपद् पश्चात पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माणमा उत्थानशील संरचना विकास निर्माण गर्न प्रेरित गर्न ।
- उपलब्ध सीमित साधन स्रोतको अधिकतम परिचालन गर्दै विपद् राहत, उद्धार र प्रतिकार्यका विषयमा नेपाल सरकारबाट भएका निर्णयको कार्यान्वयन गर्नु ।
- प्राकृतिक वा गैर प्राकृतिक विपद्को जोखिमलाई न्यूनीकरण गर्न विपद्को उचित व्यवस्थापनका तरिका अवलम्बन गरी मानवीय, भौतिक र प्राकृतिक सम्पदा एवं संरचनाको संरक्षण र प्रर्वद्धन गर्नु ।

## १.५ योजनाको अपेक्षित नतिजा

यस योजनाले प्राप्त गर्न खोजेको अपेक्षित परिणामहरू मुख्यतया निम्न रहेका छन्:

- गाउँपालिकाको समग्र वस्तुस्थिति विवरण संकलन हुनेछ ।
- विपद्बाट प्रभावित हुन सक्ने क्षेत्र एवं समुदायको संख्या र अवस्थितिको जानकारी हासिल हुनेछ ।
- विपद् जोखिम र संकटासन्नताको अवस्थाको आधारमा जोखिम विश्लेषण हुनेछ ।
- पूर्व चेतावनी प्रणाली राख्न सहज हुनेछ ।
- विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय समुदायहरू सचेत हुनेछन् ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि संलग्न सरोकारवाला निकाय तथा संघ संस्थाहरूसँग प्रभावकारी सहयोग, समन्वय र सहकार्य हुनेछ ।
- विपद् व्यवस्थापनका लागि गाउँपालिकामा कार्यरत सबै गैरसरकारी संस्था, आयोजनालगायत निजी क्षेत्रहरूबाट समेत विपद् व्यवस्थापनका लागि सहयोग उपलब्ध हुनेछ ।
- विपद् प्रतिकार्यका सन्दर्भमा खोज तथा उद्धारलगायतका कार्यका लागि आवश्यक दक्ष जनशक्ति तयार हुनेछन् ।
- विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभका लागि विभिन्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको संलग्नतामा गठित विभिन्न विषयगत क्षेत्रहरूबाट विशिष्ट तथा प्रभावकारी कार्यसम्पादन हुनेछ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभका क्रियाकलापहरू समयमानै व्यवस्थित एवम् वैज्ञानिक तरिकाले प्रभावकारी रूपमा सम्पन्न हुनेछन् ।
- विपद्को समयमा प्रभावित समुदायलाई तत्काल उद्धार गर्न सजिलो हुनेछ ।
- विपद् प्रभावितहरूलाई सहज र सरल माध्यमबाट तत्काल राहत सेवा उपलब्ध गराउन सजिलो पर्नेछ ।
- विपद् जोखिम न्यूनीकरण गर्न सरोकारवालाहरू बिच समन्वयात्मक संयन्त्रको निर्माण भई विपद्को समय र विपद् पश्चातको समयमा प्रतिकार्य गर्न सहज हुनेछ ।

## १.६ अवधारणा

नेपाल प्राकृतिक तथा मानव सृजित प्रकोपहरूको जोखिममा रहेको तथ्याङ्क विभिन्न अनुसन्धान र प्रतिवेदनबाट अवगत भएको छ । यसमा मुख्य गरी भूकम्प, बाढी, पहिरो, मौसमजन्य प्रकोप, सडक दुर्घटनाजस्ता प्रकोप रहेका छन् । प्राकृतिक तथा मानव सृजित जोखिमहरूले जुनसुकै अवस्थामा प्रकोप तथा विपद् हुन सक्ने खतरा हुनाले यस्ता जोखिमहरूलाई निर्क्यौल गरी यससम्बन्धी एकीकृत, समावेशी र समय सापेक्षित विपद् व्यवस्थापन नीति निर्माण तथा कार्यान्वयन वर्तमान समयमा अपरिहार्य देखिन्छ । संयुक्त राष्ट्र संघले निर्दिष्ट गरेको दिगो विकासको लक्ष्यले तय गरेअनुसारका सामाजिक, आर्थिक राजनीतिक र सांस्कृतिक विकासलाई अवरोध गर्न सक्ने सबै प्रकारका विपद्लाई व्यवस्थापन गर्नुपर्ने आवश्यकता छ । १ सय ८७ देशहरूको सहभागितामा संयुक्त राष्ट्र संघले सन् २०१५ मा जारी गरेको विश्वव्यापी विपद्जोखिम न्यूनीकरणका लागि सेन्डाई अवधारणापत्र (२०१५-२०३०) का अनुसार प्राकृतिक वा मानव सिर्जित प्रकोपहरूका साथै वातावरणीय,

प्रविधिजन्य र जैविक प्रकोप तथा जोखिमबाट सिर्जित साना तथा ठूला स्तरका, तारनतार तथा आकल-झुकल, अचानक तथा बिस्तारै हुने, सबै प्रकारका विपद्जोखिमलाई सम्बोधन गर्नेछ । यसले सबै तहमा गरिने सबै क्षेत्रका विकासका अन्तर्निहित एवं परस्परमा अन्तर सम्बन्धित विपद्जोखिमको बहुप्रकोप व्यवस्थापनमा मार्गदर्शन गर्ने उद्देश्य राख्दछ । विश्वव्यापीरूपमा विभिन्न प्रकोपहरूबाट विपद्घटनाहरू वृद्धि भई धेरै जनधनको क्षति भैरहेको र विपद् व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखी कार्यहरू भैरहेको सर्न्दभमा नेपालले पनि प्राकृतिक तथा मानवजन्य प्रकोपहरूको प्रभावहरूलाई न्यूनीकरण गर्ने उद्देश्यलाई प्राथमिकतामा राखेको छ ।

कमजोर भौगोलिक बनावट, मौसमी घटनाहरू, तीव्र जनसंख्या वृद्धि, अब्यवस्थित बसाई तथा विकास गतिविधिहरूका कारणले नेपाल प्राकृतिक प्रकोपहरूको उच्च जोखिममा रहेको छ । यस किसिमको विषम परिस्थितिमा सम्भावित विपद्को व्यवस्थापन गरी क्षति न्यूनीकरणको लागि देशका विभिन्न तहदेखि समुदाय स्तरसम्म प्रयासहरू हुनु जरुरी छ । विगतका अनुभवहरू तथा विपद् व्यवस्थापनको क्षेत्रमा विकसित नीति र अवधारणाहरूको आधारमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको महत्व तथा आवश्यकता अपरिहार्य भएको कुरा महसुस गरिएको छ । मानवीय दुर्घटनाहरूमा कमी ल्याउने र प्राकृतिक प्रकोपका असर न्यूनीकरण गर्ने विभिन्न गतिविधिहरू मध्ये विपद् पूर्वतयारी एउटा महत्वपूर्ण गतिविधि हो । यस सर्न्दभमा नेपाल सरकार, संयुक्त राष्ट्र संघका एजेन्सीहरू, राष्ट्रिय, अन्तराष्ट्रिय गैर सरकारी सघं संस्थाहरू तथा रेडक्रस अभियानले विगत वर्षदेखि देशका सम्पूर्ण जिल्ला तथा स्थानीय निकायमा आपतकालीन योजना सहित विपद् पूर्वतयारी योजना निर्माणका लागि आपसमा समन्वय गर्दै आएका छन् ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना देहाय बमोजिमको अवधारणामा आधारित रहेको छ :

- विपद् जोखिम न्यूनीकरण, नियन्त्रण तथा व्यवस्थापनमा नेपालको संविधान २०७२ ले निर्दिष्ट गरे बमोजिम संघीय शासन प्रणालीअनुरूपको अवधारणा अवलम्बन गर्ने ।
- विपद् जोखिम न्यूनीकरण, नियन्त्रण तथा व्यवस्थापनमा बहुप्रकोप विपद् जोखिम व्यवस्थापनको अवधारणा अवलम्बन गर्ने ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा व्यापक जनसहभागिता सुनिश्चित गर्ने ।
- विपद् जोखिमका कारक तत्वहरूको निराकरणको लागि विपद् जोखिम न्यूनीकरणमा केन्द्रित अभियानहरू सञ्चालन गर्ने ।
- जोखिमसम्बन्धी पूर्वजानकारीका आधारमा विपद् जोखिम न्यूनीकरणका कार्यहरू गर्ने ।
- विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक, सहकारी तथा निजी क्षेत्रको संलग्नता वृद्धिगर्ने ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा विज्ञान तथा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै स्थानीय स्रोत, साधन, ज्ञान, सीप तथा श्रमलाई अत्यधिक उपयोग गर्ने ।
- विपद् जोखिम न्यूनीकरणका कार्यहरूलाई क्षेत्रगत नीति र योजनाहरूमा मूलप्रवाहीकरण गर्ने ।
- दिगो विकास लक्ष्य, खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, जलवायु परिवर्तन अनुकूलन, वातावरण व्यवस्थापन र विपद् जोखिम न्यूनीकरण बिच सामञ्जस्यता कायम गर्ने ।
- विपद् जोखिमका स्थानीय तथा विशिष्ठ विशेषतालाई बुझी जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने ।

## १.७ योजनाको महत्व

भू-मण्डलीय तापक्रम वृद्धि, प्रदुषण, पर्यावरणीय असन्तुलन, अनियन्त्रित बसाइसराई, जनसंख्या वृद्धि, अव्यवस्थित सहरीकरण, वन फडानी, जलवायु परिवर्तन आदिका कारण विगतको तुलनामा विपद्का घटना र त्यसबाट हुनेक्षति दिन प्रतिदिन बढ्दै गइरहेको छ । विकासका आधारभूत भौतिक संरचनाहरूलाई भूकम्प, बाढी, पहिरोजस्ता विपद्हरूले क्षणभरमै तहसनहस पार्ने गरेका छन् । प्राकृतिक विपद्लाई रोक्न नसकेपनि जोखिम न्यूनीकरण तथा पूर्वतयारी योजना बनाएर क्रमवद्ध रूपमा कार्यगरेको खण्डमा, त्यस्ता विपद्हरूबाट हुने धनजनको क्षति उल्लेखनीयरूपमा घटाउन सकिन्छ । विकास निर्माणको प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई समावेश गर्न सकेमा विकास निर्माणको प्रतिफल सुरक्षित हुने र संकटासन्नतामा कमी ल्याई विपद् उत्थानशिल समुदायनिर्माण गर्न सकिने कुरा सबैतिर महशुस हुन थालेको छ । यसर्थ माङसेबुङ गाउँपालिकालाई विपद् उत्थानशील बनाउनको लागि यो योजना निर्माणको महत्व रहेको छ ।

विपद्बाट प्रभावित समुदायलाई सहयोगको आवश्यकता पर्दछ र सहयोग कार्यलाई जतिसक्दो छिटो र छरितो गराउनु पर्दछ जसले गर्दा थप क्षति हुनबाट बचाउन सकिन्छ । विपद् व्यवस्थापनका ३ वटा चरणहरू हुन्छन् । पहिलो चरण विपद् अघि गरिने व्यवस्थापन पूर्वतयारी र क्षति न्यूनीकरणका कार्यहरू पर्दछन् दोस्रो चरण विपद् भैरहको बेलामा खोज उद्धार तथा आपतकालीन आवास र राहत त्यस्तै तेश्रो चरणमा विपद्पछिको उद्धार तथा राहत, पुनर्स्थापना र पुनर्निमाणका गतिविधिहरू पर्दछन् । राहत प्रतिकार्यमा गरिने लगानी र प्रतिफलभन्दा विपद् पूर्व न्यूनीकरण र पूर्वतयारीका गतिविधिहरू सञ्चालन गर्न सकिएमा विपद् पश्चात हुने असर ६ गुणाले कम हुन्छ भने मान्यता अध्ययनहरूले देखाएको छ । यद्यपि विपद्लाई कुनै सावधानी वा लगानीले पूर्णरूपमा जोखिम मुक्त बनाउन भने कठिन छ । तर पनि विपद् पूर्व गरिने न्यूनीकरण र पूर्वतयारीका कार्यहरूलाई महत्वका साथ कार्यान्वयन गरिनु पर्दछ । यो कार्ययोजना मुख्यतः माङसेबुङ गाउँपालिकामा बर्षेनी हुने बाढी र आगलागीबाट प्रभावित समुदायमा न्यूनतम मानवीय सहायताहरू पूर्ति गर्नका निमित्त समयमै र समन्वयात्मक ढंगले मानवीय सहयोग उपलब्ध गराई विपद्बाट हुने तत्कालीन असरहरूलाई कम गराउने औचित्यका साथ यो योजना तयार गरिएको छ ।

यस योजनाले विपद्जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनलाई सहज, योजनाबद्ध र प्रभावकारी बनाउन मद्धत पुऱ्याउँदछ । जसरी रोग लागेपछि उपचार गर्नु भन्दा रोग नै लाग्न नदिने कुरा महत्वपूर्ण हुन्छ त्यसैगरी विपद् आईसकेपछि त्यसलाई व्यवस्थापन गर्नेभन्दा विपद्को जोखिमलाई घटाएर विपद् नै नहुने वा विपद्ले असर नै गर्न नसक्ने कुराको ग्यारेन्टी गर्नु बढी बुद्धिमानी हुन्छ । यद्यपि सबैखाले विपद्लाई पूर्णतया नियन्त्रण गर्न सम्भव हुदैन तर सबैखाले विपद्को असरलाई धेरै हदसम्म न्यूनीकरण गर्न भने सकिन्छ ।

## १.८ योजनाको सीमा

यस गाउँपालिकाको विपद् जोखिम व्यवस्थापन योजनाको कार्यक्षेत्र गाउँपालिका भित्र आइपर्न सक्ने साना तथा मध्यम स्तरीय विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरूमा सीमित रहने छ । विपद्को कुनैपनि घटना राजनैतिक वा प्रशासनिक सिमानाभित्र सीमित नहुने हुँदा यस योजनाको कार्यान्वयनको क्रममा छिमेकी स्थानीय निकायमा तथा राष्ट्रिय स्तरमा आवश्यक समन्वय गर्नु पर्ने हुन्छ । यस योजनामा समावेश भएका विपद् जोखिम व्यवस्थापनका क्रियाकलापहरूको लागि आवश्यक आर्थिक स्रोत, साधन र जनशक्ति, गाउँपालिकाको आन्तरिक स्रोतसाधनबाट व्यवस्था गरिने छ । यसको लागि गाउँपालिका भित्र कार्यरत विभिन्न निकाय तथा गैरसरकारी संघसंस्थाहरूको सहयोग लिन सकिनेछ । यस योजनाले गाउँपालिकाभित्र हुने विकास निर्माणका योजना तर्जुमा तथा कार्यान्वयनको क्रममा विपद् जोखिम न्यूनीकरणका विधाहरूलाई समाहित गर्न सघाउने छ ।

## १.९ योजना कार्यान्वयनको रणनीति

यो योजना गाउँपालिकाको सभाले पारित गरेपछि कार्यान्वयनमा आउनेछ। यसका लागि गाउँपालिकाले वार्षिक कार्यक्रममा नै निश्चित बजेट छुट्याउने छ। योजनामा भएका कुराहरूलाई प्राथमीकताका आधारमा बजेटको उपलब्धताका आधारमा कार्यान्वयन गर्दै लगिनेछ। यो योजनाको पूर्ण कार्यान्वयनका लागि प्रदेश सरकार, संघीय सरकार, जिल्ला विपद् जोखिम व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, विषयगत कार्यालय, नेपाल रेडक्रस सोसाइटी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकायसमेतको समन्वय एवं सहयोगमा बजेटको व्यवस्था गर्नेछ। यसका साथै योजनाअनुसार समुदाय र सरोकारवालाहरूलाई समेत परिचालन गरिनेछ।

गाउँपालिकाभित्र विपद् जोखिम व्यवस्थापनका विषयमा काम गर्न चाहने सरकारी, गैर-सरकारी निकाय वा अन्य संघ-संस्थाहरूलाई सघाउने गरी कार्य योजना तर्जुमा गर्न लगाइ कार्यान्वयन गरिनेछ। त्यसरी गरिने कार्यक्रमहरू यो योजनाको उद्देश्यअनुरूप विपद् जोखिम व्यवस्थापनलाई सघाउ पुऱ्याउने हदसम्म त्यस्ता कार्यक्रमहरू लाई यस योजनामा समावेश गरी सञ्चालन गरिनेछ। स्थानीय तवरमा विपद् जोखिम व्यवस्थापनलाई व्यवहारमा ल्याउन यो योजनाले संस्थागत विकास, क्षमता विकास र नमूना योजना निर्माण गर्ने रणनीति लिइएको छ।

गाउँपालिका भित्रका सबै वडाहरूमा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले लागू गरेको स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०७८ तथा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७४ तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ अनुरूप समितिहरू गठन गरी गाउँस्तरीय विपद् जोखिम व्यवस्थापन समितिको संयोजनमा वडास्तरीय समितिहरूले काम गर्नेछन्। संस्थागत विकासअन्तर्गत गठन भएका गाउँ तथा वडा स्तरीय विपद् जोखिम व्यवस्थापन समितिका सदस्यहरूलाई विपद् जोखिम व्यवस्थापनलगायत अन्य सम्बन्धित दक्षता अभिवृद्धिका लागि सैद्धान्तिक ज्ञान तथा व्यवहारिक सीप प्रदान गर्न विविध तालिम कार्यक्रमहरूको आयोजना गरिनेछ।

## १.१० विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजनाका वैधानिक आधारहरू

### १.१०.१ नेपालको संविधान २०७२

नेपालको संविधान २०७२ का विभिन्न धारासँग सम्बन्धित रहेका अनुसूची-७ मा संघ र प्रदेशको साझा अधिकारको सूची, अनुसूची-८ मा स्थानीय तहको अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझासूची मा विपद् व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय सरकारलाई जिम्मेवार बनाईएको छ। स्थानीय सरकारको एकल अधिकार तथा दायित्वमा पनि विपद् व्यवस्थापनलाई राखेकोले यस सम्बन्धमा स्थानीय निकाय सबैभन्दा जिम्मेवार र अग्र भूमिकामा रहेको कुरा स्पष्ट छ।

### १.१०.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को परिच्छेद ७ को १७ का अनुसार गाउँ कार्यपालिकाका प्रमुखको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिनेछ र उक्त समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार रहने छन्:

- परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवं कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रमअनुरूप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

- स्थानीय तहलाई विपद् व्यवस्थापनका लागि बजेट बिनियोजन गर्न लगाउने,
- सरकारी निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंमसेवक सामाजिक परिचालकलगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापनसम्बन्धी कार्य गर्ने, गराउने
- स्थानीय तहका पदाधिकारी, कर्मचारी,स्वंयमसेवक सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,
- भौतिक संरचना निर्माण गर्दा भवन संहितालगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने,
- स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यको लागि परिचालित हुन वडा वा समुदायस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने,
- विपद् प्रतिकार्यका लागि आपतकालीन नमुना अभ्यास गर्ने, गराउने,
- विपद् प्रभावित क्षेत्रमा उद्धार तथा राहतको व्यवस्था गर्ने,
- विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा ब्यवसायिक प्रतिष्ठानले यस ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,
- स्थानीय तहमा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने गराउने,
- स्थानीय स्तरमा आपतकालीन कार्य सञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,
- विपद्मा परी हराएका बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,
- विपद्बाट प्रभावित घर परिवारको पहिचान, स्तर निर्धारण तथा परिचय पत्र बितरण गर्ने, गराउने,
- विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्रलगायतका अन्य उपकरणहरू खरीद गरी तयारी हालतमा राख्न लगाउने,
- कार्यकारी समिति,प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयअनुसार विपद् व्यवस्थापनसम्बन्धी अन्य कार्य गर्ने गराउने,
- विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

### १.१०.३ स्थानीय सरकार सञ्चालन ऐन २०७४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (न) मा उल्लेख भएअनुसार गाउँपालिकाको विपद् व्यवस्थापनसम्बन्धी अधिकार तथा जिम्मेवारी निम्नानुसार रहेको छ :

- विपद् व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।
- स्थानीयस्तरमा विपद्पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्वभण्डारण, वितरण र समन्वय गर्ने ।
- स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन गर्ने ।
- विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा वस्तीहरूको पहिचान र स्थानान्तरण गर्ने ।

- विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने ।
- विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन गर्ने ।
- विपद्जोखिम न्यूनीकरणसम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।
- विपद् पश्चात स्थानीय स्तरको पुनर्स्थापना र पुनर्निर्माण गर्ने ।
- स्थानीयस्तरको विपद्सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान गर्ने ।
- स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणालीको विकास गर्ने ।
- समुदायमा आधारित विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रमको सञ्चालन गर्ने ।
- विपद् व्यवस्थापनसम्बन्धी अन्य कार्यहरू गर्ने ।

### १.१०.४ स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८

नेपाल निरन्तर दोहोरिइरहने बाढी, पहिरो, महामारी, आगलागी, शीतलहर र हिमताल विस्फोट, हिमपहिरो तथा विनाशकारी भूकम्पको जोखिममा रहेको मुलुक हो । जलवायु परिवर्तनका कारण पर्ने प्रतिकूल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ । यस सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत “विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६” मा व्यवस्था भए बमोजिम विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा पूर्वतयारी तथा जोखिम न्यूनीकरण कार्यलाई विशेष महत्व दिइएको छ । विपद् जोखिम व्यवस्थापनको सवाललाई विकासका योजनासँग मूलप्रवाहीकरण गरी विपद् उत्थानशील समाज निर्माण गर्ने क्रममा जिम्मेवार निकायले पहलकदमी लिन आवश्यक भइसकेको छ । यस परिस्थितिमा विपद् जोखिम व्यवस्थापनलाई केन्द्रदेखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात् गर्दै दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न, प्रभावित सबै वर्ग, समुदाय एवं क्षेत्रको पहुँच र स्वमित्व स्थापित हुनेगरी स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्दै विपद् जोखिम व्यवस्थापनलाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को मूल भावना तथा मर्मलाई आत्मसात गर्दै साविक स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३४ ले दिएको अधिकार प्रयोग गरी स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८ स्वीकृत गरी लागू गरिएको हो ।

सम्भावित विपद्को जोखिम कम गर्न, विपद्को समयमा आपत्कालीन कार्य सम्पादन गर्न र विपद्पश्चात् पुनःस्थापना तथा पुनर्निर्माणका लागि दिशानिर्देश गर्न तयार गरिएको योजनाबद्ध कार्यक्रम, कार्यजिम्मेवारी तथा बजेटसहितको ढाँचा नै विपद् जोखिम व्यवस्थापन योजना हो, जसले–

- स्थानीय निकाय, समुदाय र सरोकारवालाको प्रत्यक्ष र सक्रीय सहभागिताको प्रत्याभूति गर्छ ।
- विपद्द्वारा हुनसक्ने जनधनको क्षति र साधनस्रोत र संरचनामा पर्नसक्ने प्रतिकूल प्रभावको विश्लेषण गर्छ ।
- प्रकोपको नक्साङ्कन गरी समुदायमा रहेको सङ्कटासन्नताको पहिचान, स्तरीकरण तथा क्षमता विश्लेषण गरी जोखिम न्यूनीकरण गर्ने विधिको प्रयोगमा जोड दिन्छ ।
- आवश्यकताअनुसार विकासप्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्दै विपद् पूर्व, विपद्को समयमा र विपद्पश्चात् गर्नु पर्ने कार्यलाई प्राथमिकीकरण गर्छ ।

विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन यस निर्देशिकाले हरेक स्थानीय निकायले विपद् व्यवस्थापन योजना बनाउनुपर्ने र योजना मुताविकका विविध गतिविधिहरू सञ्चालन गर्न दिशानिर्देश गरेको छ । स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा प्रक्रिया तथा चक्र निम्नानुसार रहेको छ :




### १.१०.५ गाउँपालिका/नगरपालिका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (नमुना) २०७८

स्थानीय सरकाय सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) र नेपाल सरकारबाट जारी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०७६ अनुरूप यस गाउँपालिकाको पनि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गरिने छ । जसको लागि पनि यस योजनाले मार्गनिर्देश गर्ने तथा सो पूर्वतयारी तथा प्रतिकार्य योजनाका मुलभूत विषयवस्तुलाई समेत समेटेर यस योजना तयार गरिएको छ । गाउँपालिका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (नमुना) २०७८ मा उल्लेख गरिएका १२ ओटा अनुसूचीहरूमध्ये अनुसूची-३ को सरोकारवाला निकायको पहिचान तालिका, अनुसूची-८ को स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण, अनुसूची-९ को विषयक्षेत्रका अगुवा संस्थाका

पदाधिकारीहरूको विवरण, अनुसूची-१० को विषयक्षेत्र अन्तर्गतका सरोकारवाला निकाय तथा संस्थाहरूको विवरण, अनुसूची-११ को प्रतिकार्यको लागि उपलब्ध जनशक्ति तथा संस्थाहरूको विवरण र अनुसूची-१२ को योजना अनुगमन, मूल्याङ्कन तथा सिकाई संश्लेषण प्रारूपमा उल्लेख गरिएका सूचकहरू र लक्ष्यहरू साथै पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन अवस्था र सिकाईसम्बन्धी ढाँचाहरू तयार गरी आवश्यक सूचक तथा तथ्याङ्कहरू गाउँपालिका स्वयम्ले व्यवस्थापन गर्ने छ ।

### १.१०.६ स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०७८


विपद जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) मा नेपालको हिमाली, पहाड तथा तराई क्षेत्रमा विभिन्न प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपहरुको जोखिम रहेको उल्लेख छ । यस्ता जोखिमहरू न्यूनीकरण र व्यवस्थापन गर्न राष्ट्रिय, प्रादेशिक र स्थानीय स्तरमा समेत योजनाबद्ध एकीकृत प्रयासको आवश्यकता रहेको छ । विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ मा पनि प्रभवाकारी विपद् व्यस्थापनका लागि स्थानीय तहमा सङ्गठन संरचना, रणनीति, कार्यक्रम तथा योजना लागू गरिने उल्लेख छ । यस स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०७८ ले विभिन्न प्रकोपको जोखिम न्यूनीकरण (Risk Reduction), पूर्वतयारी (Preparedness), प्रतिकार्य (Disaster Response), पुनर्निर्माण (Reconstruction) र पुनर्स्थापना (Rehabilitation) चरणमा गरिने क्रियाकलापहरू समेटेको छ । जस अनुसार नै यस गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना तर्जुमा गरिएको छ ।

# खण्ड २ : माङसेबुङ गाउँपालिकाको परिचय

## २.१ माङसेबुङ गाउँपालिकाको वस्तुगत स्थिति

माङसेबुङ गाउँपालिका प्रदेश नं. १, इलाम जिल्लाको पश्चिम क्षेत्रमा अवस्थित रहेको छ। साबिकको गजुरमुखी, इभाङ र बाँझो गाउँ विकास समितिलाई समावेश गरी माङसेबुङ गाउँपालिका निर्माण गरिएको हो । यस गाउँपालिकाको पूर्वमा देउमाई नगरपालिका र माई नगरपालिका, पश्चिममा र दक्षिणमा चुलाचुली गाउँपालिका, उत्तरमा फाकफोकथुम गाउँपालिका र पाँचथर जिल्ला (मिक्लाजुङ गाउँपालिका) सँग सिमाना जोडिएको छ। झापा जिल्लाको दमक बजार सँग उत्तर दक्षिण कच्ची सडक यातायातले जोडिएको यस गाउँपालिकामा दमक-रवि-राँके सडक अन्तर्गत पाँचथर जिल्लाको रबि बजार हुँदै आवतजावत गर्न सकिन्छ। त्यस्तै, देउमाइ नगरपालिकाको मंगलबारे बजार हुँदै इलाम जिल्लाको सदरमुकाम सम्म जान सकिन्छ।

यस गाउँपालिका २६° ४३' ४२.५८" देखि २६° ५५' ३५.३९" उत्तरी अक्षाांश र ८७° ३८' ५५.२४" देखि ८७° ४७' २९.०१" पूर्वी देशान्तरमा फैलिएको छ। समुन्द्र सतहबाट करिब १४१ मिटर देखी २००० मिटर सम्मको उचाईमा अवस्थित यस गाउँपालिकाको कुल क्षेत्रफल १७१.८२ वर्ग कि.मि. रहेको छ भने कुल जनसंख्या १८,३९८ रहेको छ। यो गाउँपालिका ६ वटा वडामा विभाजन भएको छ। "माङसेबुङ" लिम्बु भाषामा राखिएको नाम हो। किराँतहरूको भाषामा "माँग" भन्नाले "देवताको वास्यस्थान" भन्ने बुझिन्छ। किरांतहरूको बाहुल्यता रहेको यस स्थान देवताहरूले मनपराएको स्थान भएको हुनाले यस स्थानको नाम "माङसेबुङ" रहन गएको हो। सामाजिक बनावटको आधारमा जनाजातिहरूको बाहुल्यता रहेको छ जसमध्ये लिम्बु (.४१.७९ प्रतिशत) र राई (३७.७४ प्रतिशत) रहेका छन्। यस गाउँपालिकाका अधिकांश जनसंख्या कृषि पेशामा आवद्ध छन्।




**नक्सा नं. १:** गाउँपालिकाको प्रशासनिक विभाजन नक्सा


## २.२ भौगोलिक विवरण

### २.२.१ भैगोलिक अवस्थिति


यस गाउँपालिकाको भूधरातल उत्तरतर्फ अग्लिदैँ गएका महाभारत पर्वतसँग जोडिएको तथा दक्षिणतर्फ होचा चुरे पर्वत सँग जोडिएको छ। सामान्यतया भूधरातल मन्दढाल (concave slope) प्रकारको छ। उत्तरतर्फ शितोष्ण प्रकारको जङ्गल र दक्षिण तर्फ शमसितोष्ण प्रकारको जङ्गलले ढाकेको छ। अमरिसोको प्रचुर सम्भावना रहेको यस गाउँपालिकामा उल्लेख्य भूभाग यसले ओगटेको छ। नेपालको तल्लो पहाडी भूभागहरुको भू-बनौट कमजोर भएको हुँदा कतिपय अवस्थामा यसको प्राकृतिक रूपमा परिवर्तन हुने विभिन्न चक्रीय प्रणालीका कारणबाट ह्रास हुने गर्दछ भने अदूरदर्शी मानवीय क्रियाकलापका कारण पनि जन, धन र जैविक विविधता नाश हुँदै गएको पाईन्छ। यहाँको माटो फुस्रो तथा बलौटे प्रकारको रहेको छ। देउमाई, मेवा, रतुवा लगाएतका दर्जनाभन्दा बढी साना-ठूला खोल खोल्सीहरू यो गाउँपालिका भएर बग्ने गर्दछन्। तलको नक्सा तथा तालिकामा माङसेबुङ गाउँपालिकाको अवस्थिति देखाइएको छ।

**तालिका नं. १:** गाउँपालिकाको भौगोलिक अवस्थिति

| | |
|---|---|
| गाउँपालिकाको क्षेत्रफल | १७१.८२ वर्ग कि.मि |
| भौगोलिक अवस्थिति | २६° ४३' ४२.५८" देखि २६° ५५' ३५.३९" उत्तरी अक्षांश<br>८७° ३८' ५५.२४" देखि ८७° ४७' २९.०१" पूर्वी देशान्तरमा |
| भिरालो (डिग्री) | ०-१२ (डिग्री) १७.२७%<br>१२-३० (डिग्री) ५९.०६%<br>३० (डिग्री) भन्दा माथि २३.६५% |
| उचाई | १४१ मिटर उचाइँदेखि २००० मि |
| सिमाना | पूर्व- माई र देउमाइ नगरपालिका<br>पश्चिम - चुलाचुली गाउँपालिका<br>उत्तर- फाकफोकथुम गाउँपालिका र पाँचथरको मिक्लाजुङ गाउँपालिका<br>दक्षिण- चुलाचुली गाउँपालिका |
| भौगोलिक विभाजन | (क) दक्षिणमा चुरे पर्वत श्रेणी<br>(ख) महाभारत पर्वत श्रेणी |





**नक्सा नं. २:** गाउँपालिकाको स्वरूप नक्सा




| Slope ,degree | Area_sq.km |
|---|---|
| 0 to 12 | 29.79 |
| 12 to 30 | 101.83 |
| above 30 | 40.79 |
| Total | 172.41 |

**नक्सा नं. ३:** गाउँपालिकाको भिरालोपना





**नक्सा नं. ४:** गाउँपालिकाको भिरालोपनअनुसार वस्ती वितरण

### २.२.२ नदीनाला, खोला, ताल, पोखरी


माङसेबुङ गाउँपालिकामा विभिन्न नदीनाला, खोला, ताल तथा पोखरीहरू रहेका छन् । विभिन्न क्षेत्र तथा वडाहरूमा फैलिएका नदीनाला, खोला, ताल तथा पोखरीहरू रहेको जल क्षेत्रमा विभिन्न किसिमका जलचरहरू र पन्छीहरू बास बस्नुको साथै यहाँको पानी पिउने गर्दछन् । यसका अतिरिक्त किसानहरूले समेत सिँचाइको लागि पानी प्रयोग गर्दछन् । चुरे क्षेत्रको भू-बनोट संवेदनशिल भएकोले पहिरो तथा भूक्षयको जोखिम रहेको छ । बसोवास तथ वस्ती विकासलाई वैज्ञनिक रूपमा सुधार गरी बाढी तथा पहिरोबाट हुने क्षतिलाई कम गर्न सकिन्छ । पूर्व सूचना प्रणालीको विकास, पूर्वतयारी आदिका माध्यमबाट बाढीको प्रभावलाई न्यूनीकरण गर्न सकिन्छ । माङसेबुङ गाउँपालिकाको मुख्य पानीको स्रोत धारा, कुवा तथा मुलको स्रोत हो ।

**तालिका नं. २:** गाउँपालिकामा रहेका नदीनाला, खोला तथा पोखरी

| क.सं. | खोला नदी तथा तालहरू | ठेगाना | अवस्था र असर |
|---|---|---|---|
| १. | देउमाई खोला | वडा नं. १, २, ३ | कटान र भूक्षय |
| २. | फेवा खोला | वडा नं. १, २ | " |
| ३. | फुङ खोला | वडा नं. १ | " |
| ४. | लम्फेवा खोला | वडा नं. १ | " |
| ५. | फाकफोक खोला | वडा नं. १ | " |
| ६. | तामा खोला | वडा नं. २, ३ | " |
| ७. | रतुवा खोला | वडा नं. ३, ४, ६ | " |
| ८. | मेवा खोला/मावा खोला | वडा नं. ३, ४, ५, ६ | " |
| ९. | नागदह ठाडे खोला | वडा नं. ३ | " |
| १०. | घर्ती खोला | वडा नं. ३ | " |
| ११. | फेदी खोला | वडा नं. ३ | " |
| १२. | गरुवा खोला | वडा नं. ३ | " |
| १३. | विजुवा खोला | वडा नं. ३ | " |
| १४. | खोँगी खोला | वडा नं. ३ | " |
| १५. | बनेली खोला | वडा नं. ४ | " |
| १६. | सुदुवा खोला | वडा नं. ४ | " |
| १७. | मुसे खोला | वडा नं. ४ | " |
| १८ | झिल्के खोला | वडा नं. ४ | |
| १९. | पेरुङ्गे खोला | वडा नं. ४ | |
| २०. | तनाखे खोला | वडा नं. ४ | |
| २१. | धनेषे खोला | वडा नं. ४ | |
| २२. | धनदुवा खोला | वडा नं. ४ | |
| २३ | धोद्रे खोला | वडा नं. ४ | |
| २४ | मझुवा खोला | वडा नं. ५ | |
| २५ | मटिट्याङ | वडा नं. ५ | |
| २६ | डोल पोखरी | वडा नं. २ | |




**नक्सा नं. ५:** गाउँपालिकाको जल सम्पदा




**नक्सा नं. ६:** गाउँपालिकाको जलसम्पदा अनुसार वस्तीको वितरण

### २.२.३ मौसम तथा हावापानी

यस माङसेबुङ गाउँपालिका क्षेत्रमा मौसम सम्बन्धी तथ्याङ्कहरू संकलनका लागि हालसम्म कुनै पनि मौसमी उपकरणहरू जडान गरिएको छैन । तसर्थ यस गाउँपालिकाको भौगोलिक अवास्थिति सँग मेलखाने नजिकको स्थान कन्याम (टि स्टेट स्टेशन) अवस्थित मौसमी केन्द्रको औसत तथ्याङ्कहरू, भू-उपग्रहबाट प्राप्त तथ्याङ्कहरू तथा मौसमसम्बन्धी काम गर्ने विभिन्न अन्तरास्ट्रिय संस्थाहरूले उपलब्ध गराउने तथ्याङ्कहरूका आधारमा यहाँको मौसम तथा हावापानीको विश्लेषण गरिएको छ ।


यस गाउँपालिकामा उचाईअनुसार प्रकृतिको हावापानी केही भिन्नता पाईन्छ । दक्षिणी चुरे पर्वत आसपासको भूभागमा Humid subtropical climate पाईन्छ भने उत्तरी महमभारत पहाडी भूभागमा Temperate climate पाईन्छ । गाउँपालिका नजिकको मौसम मापन केन्द्र कन्याम स्टेसनको औषत मासिक तापक्रम ८-२० डिग्री सेल्सीयसको विचमा रहेको छ । May to August वैशाख देखि साउन महिना तातो महिनाका रूपमा औषत १९ डिग्री सेल्सीयस तापक्रम रहन्छ भने December to February पौष देखि फागुन महिना चिसो महिनाका रूपमा औषत ९ डिग्री सेल्सीयस तापक्रम रहन्छ । त्यसैगरी हिउँदको समयमा राम्रोसँग घाम नलाग्ने र कुहिरोको अत्यधिक प्रभावले शीतलहर समेत लाग्दछ । औषत वार्षिक वर्षा २६२५.९७ मिलिमिटर रहेको छ जसमध्य ८० प्रतिशत वर्षा June-September असार देखि असोज महिनामा हुने गरेको छ । हिउँद र वर्षा याममा वर्षाको अन्तर ७३५ मिलिमिटर हुने गरेको छ । सवैभन्दा सुख्खा नोभेम्बर महिनामा २.५७ मिलिलिटर र सवैभन्दा पानी पर्ने जुलाई महिनामा ७३७.०८ मिलिलिटर पानी पर्दछ । वर्षाको मासिक वितरण हेर्दा सबैभन्दा बढी वर्षा वर्षायामको ४ महिना विशेषगरी असार, श्रावण, भाद्र, आश्विन महिनाहरूमा हुने गर्दछ ।

यस गाउँपालिकाको भौगोलिक अवस्थितिका कारणले गर्दा गर्मीमा खोला किनारका वस्तीमा अत्यधिक गर्मी हुने र जाडोमा पहाडका टुप्पामा रहेका वस्तीमा ठण्डी पनि देखा पर्दछ । हरितगृह ग्याँसको उत्सर्जनमा वृद्धि हुन थाले सँगै देखा परेको जलवायु परिवर्तनका प्रभावका कारण अत्यन्त ताता तथा चिसा दिनहरू हालका वर्षहरूमा बढ्दै गैरहेको पाईन्छ । जलवायु परिवर्तनले निम्त्याएका यस्ता मौसमी गतिविधिहरू विषेशगरी शीतलहरले बुढाबुढी तथा विपन्न जनताहरूले दुःख पाउने र अकालमा मृत्युवरण गर्ने समस्या पनि रहेको छ । त्यसैगरी हालका वर्षहरूमा यस क्षेत्रमा कम वर्षा हुन थालेको देखा परेको छ । तथापि वर्षायाममा हुने छोटो समयाका अतिवृष्टिका घटनाहरू भने पहिलेभन्दा बढी दोहोरिरहेको देखिन्छ । समग्रमा प्रत्येक वर्ष कम वर्षा हुँदै जानुले खडेरी यस क्षेत्रको एक प्रमुख प्राकृतिक प्रकोप बन्दै गएको छ । त्यस्तै अतिवृष्टिका घटनाहरू बारम्बार दोहोरिदै जानुले माङसेबुङ क्षेत्रले प्रत्येक वर्ष ठुला बाढीको प्रकोपहरू सामना गर्दै आइरहेको छ । जसका कारण धनजनको क्षतिका साथै हजारौ खेती योग्य जमिनहरू कटानमा पर्ने, नदी तथा खोला कटान तथा भूक्षयीकरण अत्यधिक रूपमा बढ्दै गएको छ ।

माङसेबुङ क्षेत्रको औसत तापक्रम (अधिकतम, न्युनतम र औसत) र वर्षाको अवस्था तथा विगत ४० वर्षको बार्षिक (trend) तल देखाइएको छ ।

**तालिका नं. ३:** मौसमसम्बन्धी विवरण

| महिना | औसत मासिक वर्षा (mm) | तापक्रम न्यूनतम (ºC) | तापक्रम अधिकतम (ºC) | औसत मासिक तापक्रम (ºC) |
|---|---|---|---|---|
| जनवरी | ११.३७ | ४.०९ | १२.०२ | ८.०५ |
| फेब्रुवरी | २१.८१ | ५.९४ | १३.८१ | ९.८८ |
| मार्च | २७.९८ | ९.९२ | १८.४१ | १४.१६ |
| अप्रिल | ८८.५७ | १३.५१ | २१.०४ | १७.२८ |
| मे | २३८.५७ | १४.९६ | २१.२२ | १८.०९ |
| जून | ५१६.१३ | १६.७७ | २१.८६ | १९.३१ |
| जुलाइ | ७३७.०८ | १७.१३ | २१.३६ | १९.२४ |
| अगस्त | ५४३.८४ | १७.४१ | २२.०५ | १९.७३ |
| सेपटेम्बर | ३०४.८६ | १६.२५ | २१.१९ | १८.७२ |
| अक्टुवर | १२८.९८ | १३.१५ | १९.९९ | १६.५७ |
| नोभेम्वर | २.५७ | ९.०५ | १६.८३ | १२.९४ |
| डिसेम्वर | ४.२१ | ५.४० | १३.५९ | ९.५० |




### २.२.४ भू-उपयोगको अवस्था

गाउँपालिकाको भू-उपयोगको अवस्था हेर्दा सबैभन्दा बढी भूभाग वन क्षेत्रले ५८.६४ प्रतिशत ओगटेको छ। खेतीयोग्य जमिनले ३२।४६ प्रतिशत, जल क्षेत्रले ०.२२ प्रतिशत र निर्माण क्षेत्रले ०.८० प्रतिशत ओगटेको छ। महाभारत पहाड क्षेत्रमा अधिकांश भूभाग वन क्षेत्रले ढाकेको छ भने खोला किनारमो समथर भूभाग खेतीयोग्य जमिन र वस्तीले ढाकेको छ। गाउँपालिकाको भू-उपयोगको अवस्था तलको तालिका र नक्सामा देखाइएको छ।

**तालिका नं. ४:** भू-उपयोगको अवस्था

| सि.नं. | विवरण | क्षेत्रफल | प्रतिशत |
|---|---|---|---|
| १. | आवास क्षेत्र | १.३९ | ०.८० |
| २. | झाडी/बुट्यान | ८;१० | ४.७० |
| ३. | खेतीयोग्य जमिन | ५५.९६ | ३२.४६ |
| ४. | वन/जङ्गल | १०१.१० | ५८.६४ |
| ५. | भिरक्षेत्र (Cliff) | ०.४२ | ०.२४ |
| ६. | जल क्षेत्र (पानीको स्रोत) | ०.३७ | ०.२२ |
| ७. | बाँझो जमिन | १.८५ | १.०८ |
| ८. | वालुवा (Sand) | ३.२२ | १.८७ |
| | **जम्मा** | १७२.४१ | १००.०० |




**नक्सा नं. ७:** गाउँपालिकाको भू-उपयोगको अवस्था

## २.३ प्रशासनिक विवरण

### २.३.१ प्रशासनिक विभाजन

**तालिका नं. ५:** गाउँपालिकाको प्रशासनिक विभाजन

| | |
|---|---|
| स्थानीय तह | माङसेबुङ गाउँपालिका, प्रदेश नं. १, ईलाम |
| गाउँपालिका केन्द्र | इभाङ |
| समावेश भएका साविकका गा.वि.स. हरू | इभाङ, बाँभ्को र गजुरमुखी |
| वडा संख्या | ६ |
| गाउँपालिकाको क्षेत्रफल | १७१.८२ वर्ग कि.मि |
| भौगोलिक प्रकृति | महाभारत पर्वत क्षेत्र र दक्षिणमा चुरेको सँगमस्थल |

### २.३.२ वडा विभाजन

**तालिका नं. ६:** गाउँपालिकाको वडा विभाजन

| समावेश भएका साविकका गा.वि.स. तथा तीनका वडाहरू | हालको वडाहरू |
|---|---|
| गजुरमुखी (१ - ९) | १ |
| इभाङ (१ - ५, ९) | २ |
| बाँभ्को (७, ८) र इभाङ (६-८) | ३ |
| बाँभ्को (२) | ४ |
| बाँभ्को (९) | ५ |
| बाँभ्को (१, ३-६) | ६ |

## २.४ सामाजिक विवरण

### २.४.१ जनसांख्यिक विवरण

कुनैपनि विकास योजना तर्जुमा गर्दा जनसंख्याको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेषण आवश्यक हुन्छ। विपद् जोखिम न्यूनीकरणमा समेत जनसंख्याको उमेर अवस्थाअनुसार क्षति निर्धारण हुने भएकाले यसको विश्लेषण हुनु जरुरी छ अर्थात् विपद्को जोखिममा विशेष गरी वृद्धवृद्धा र बालबालिका पर्दछन्।

**तालिका नं. ७:** वडागत जनसंख्या, क्षेत्रफल, जनघनत्व, घरधुरीको विवरण

| वडा नं. | घरधुरी संख्या | जनसंख्या | | | क्षेत्रफल (वर्ग कि.मी.) | जनघनत्व |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | कुल जनसंख्या | | |
| १ | ६९७ | १६७८ | १८०१ | ३४७९ | २१.५० | १६१.८१ |
| २ | ७५७ | १८२० | १९८० | ३८०० | २२.६० | १६८.१४ |
| ३ | ८०४ | १९३९ | २१८६ | ४१२५ | ३४.०४ | १२१.१८ |
| ४ | ४२१ | ८६० | १०५३ | १९१३ | ५५.२१ | ३४.६५ |
| ५ | ५९० | १२९८ | १४३२ | २७३० | १२.६८ | २१५.३ |
| ६ | ५०० | १२५३ | १२४९ | २५०२ | २५.७९ | ९७.०१ |
| **जम्मा** | **३७६९** | **८८४८** | **९७०१** | **१८५४९** | **१७१.८२** | **१०७.९६** |

*स्रोत : माङसेबुङ घरधुरी सर्भेक्षण, २०७६*

माथिको तालिकामा माङसेबुङ गाउँपालिकाको जनसंख्याको विवरण प्रस्तुत गरिएको छ। माङसेबुङ घरधुरी सर्भेक्षण, २०७६ अनुसार यस गाउँपालिकाको जनसंख्या १८५४९ रहेको छ। जसमध्ये पुरुष ९७०१ जना ( ५२.३० प्रतिशत) र महिला ८८४८ जना ४७.७० प्रतिशत) रहेका छन्। १७१.८२ वर्ग कि.मी. मा फैलिएको यस गाउँपालिकाको जनसंख्या १८५४९ रहेकाले यस क्षेत्रको जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) १०७.९६ जना रहेको छ।

माङसेबुङ गाउँपालिका ६ वटा वडाहरूमा विभाजित छ। वडागत विवरणअनुसार सबैभन्दा धेरै घरधुरी वडा नं. ३ मा रहेको छ जहाँ ८०४ घरधुरीहरू रहेका छन्। वडागत जनसंख्याको महिला/पुरुष अनुपात विवरणसमेत सबै वडाहरूमा समान्यतया समान किसिमको देखिन्छ।

## २.४.२ उमेर तथा लिङ्गका आधारमा जनसंख्याको विवरण

माङसेबुङ घरधुरी सर्भेक्षण २०७६ अनुसार यस गाउँपालिकको कुल जनसंख्या मध्य १५-५९ वर्ष उमेर समूहका ६६.८१ प्रतिशत, १५ वर्ष भन्दा कम उमेर समूहका २२.२४ प्रतिशत र ६० वर्ष वा सोभन्दा माथि उमेर समूहका १०.९५ प्रतिशत रहेको छ। विशेष गरी १५ वर्ष मुनिका र ६० वर्ष माथिका उमेर समूह विपद्बाट बढी जोखिममा पर्दछन्।

**तालिका नं. ८:** उमेर तथा लिङ्गका आधारमा जनसंख्याको विवरण

| उमेर समूह | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ० देखि ४ | ५४१ | ५४४ | १०८५ | ५.८५ |
| ५ देखि ९ | ६५५ | ६९४ | १३४९ | ७.२७ |
| १० देखि १४ | ८३४ | ८५७ | १६९१ | ९.१२ |
| १५ देखि १९ | ९९४ | १०४९ | २०४३ | ११.०१ |
| २० देखि २४ | ९७८ | ११४९ | २१२७ | ११.४७ |
| २५ देखि २९ | ७५४ | ९७९ | १७३३ | ९.३४ |
| ३० देखि ३४ | ६८६ | ८११ | १४९७ | ८.०७ |
| ३५ देखि ३९ | ५६६ | ७०४ | १२७० | ६.८५ |
| ४० देखि ४४ | ५२१ | ५२४ | १०४५ | ५.६३ |
| ४५ देखि ४९ | ४९८ | ४६२ | ९६० | ५.१८ |
| ५० देखि ५४ | ४९३ | ४९० | ९८३ | ५.३० |
| ५५ देखि ५९ | ३४६ | ३८९ | ७३५ | ३.९६ |
| ६० देखि ६४ | ३१७ | ३६२ | ६७९ | ३.६६ |
| ६५ देखि ६९ | २४९ | २६० | ५०९ | २.७४ |
| ७० देखि माथि | ४१६ | ४२७ | ८४३ | ४.५४ |
| जम्मा | ८८४८ | ९७०१ | १८५४९ | १०० |

*स्रोत : माङसेबुङ घरधुरी सर्भेक्षण, २०७६*

### २.४.३ जातीय समूहको उपस्थिति

यस गाउँपालिकाको सामाजिक संरचना हेर्दा बहुभाषिक, बहुधार्मिक र बहुजातीय संरचना रहेको देखिन्छ। यस गाउँपालिकामा विभिन्न जातजाति अनुसार जनसङ्ख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी जनसङ्ख्या जनजातिको देखिन्छ। जनजातिको कुल जनसङ्ख्या मध्ये किराँतीको (राई र लिम्बुको) संयुक्त जनसङ्ख्या करिब ८०.७९ % रहेको छ। राईको प्रतिशत करिब ३८.४७ % र लिम्बुको ४२.३२ % जस्तो रहेको छ। यसै गरी क्षेत्री जनसङ्ख्या ८.४१ % रहेको छ। तलको तालिकामा केही विस्तृत विवरण दिइएको छ।

**तालिका नं. ९:** जातजाति अनुसार जनसङ्ख्याको विवरण

| जातजाति | वडा | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | | |
| लिम्बु | ३०८ | २३९ | ४३१ | १४९ | ४६९ | ७ | १५९५ | ४२.३२ |
| राई | ८२ | २९० | २८७ | २४० | १०५ | ४४६ | १४५० | ३८.४७ |
| क्षेत्री | १२८ | ११७ | ४२ | | १ | २९ | ३१७ | ८.४१ |
| कामी | २४ | २७ | १३ | १७ | ६ | ४ | ९१ | २.४१ |
| नेवार | ४६ | २५ | १ | १ | | २ | ७५ | १.९९ |
| मगर | १५ | २९ | २ | १० | १४ | | ७० | १.८६ |
| ब्राह्मण | ३३ | ९ | १ | | १ | | ४४ | १.१७ |
| सुनुवार | २१ | १ | १३ | | | | ३५ | ०.९३ |
| दमाइ | ९ | ७ | १२ | | २ | १ | ३१ | ०.८२ |
| तामाङ | १४ | ९ | १ | ३ | | १ | २८ | ०.७४ |
| भुजेल | १३ | ३ | | | | १० | २६ | ०.६९ |
| सार्की | ४ | | | | | | ४ | ०.११ |
| गुरुङ | | | | १ | | | १ | ०.०३ |
| कुँवर | | १ | | | | | १ | ०.०३ |
| शेर्पा | | | १ | | | | १ | ०.०३ |
| जम्मा | ६९७ | ७५७ | ८०४ | ४२१ | ५९० | ५०० | ३७६९ | १०० |

*स्रोत: गाउँपालिका सर्भेक्षण, २०७६*

### २.४.४ धार्मिक समूहको उपस्थिति

यस माङसेबुङ गाउँपालिकामा रहेका कूल १८५४९ जनसङ्ख्या मध्य किराँत धर्मावलम्बीको जनसङ्ख्या १३४०४ (७२.२६ प्रतिशत), हिन्दु धर्मावलम्बीको जनसङ्ख्या ३१९४ अर्थात् १७.२२ प्रतिशत, इसाई धर्मावलम्बीको जनसङ्ख्या ९१८ अर्थात् ४.९५ प्रतिशत रहेको पाइन्छ। विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ। केही मात्रामा विविधता रहे पनि यस गाउँपालिकामा किराँत धर्मावलम्बीहरूको प्रधानता रहेको तथ्याङ्कले देखाउँछ।

किराँत भाषामा यस गाउँपालिकामा आधारभूत शिक्षा पढ्न चाहने विद्यार्थीहरूलाई गाउँपालिकाले विशेष व्यवस्था गर्न सक्ने संवैधानिक प्रावधान रहेको छ । भाषाअनुसार जनसङ्ख्याको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १०:** धर्मअनुसार जनसङ्ख्याको विवरण

| सि.न. | धर्म | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | किराँत | १३४०४ | ७२.२६ |
| २ | हिन्दु | ३१९४ | १७.२२ |
| ३ | क्रिश्चियन | ९१८ | ४.९५ |
| ४ | स्वार्गिक मार्ग | ५८५ | ३.१५ |
| ५ | बौद्ध | ४२१ | २.२७ |
| ६ | प्रकृति | १७ | ०.०९ |
| ७ | नास्तिक | १० | ०.०५ |
| | जम्मा | १८५४९ | १०० |

*स्रोत: गाउँपालिका सर्भेक्षण, २०७६*

### २.४.५ शिक्षाको स्तर, स्कुल, कलेज

कुनैपनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाको ठुलो भूमिको हुन्छ । शिक्षालाई मानव विकासको सूचकको रूपमा लिइन्छ । शिक्षाको स्तरीय विकासले मात्र देशमा रोजगारीको अवसर उत्पन्न हुन्छ । शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ । शिक्षा क्षेत्रमा माङसेबुङ गाउँपालिकाको अवस्था सन्तोषजनक रहेको पाइन्छ । यस क्षेत्रका मानिसहरूमा रहेको अशिक्षा, गरिबि, अन्धविश्वास तथा लापरवाहीले गर्दा विभिन्न किसिमका विपद् जोखिम रहेको छ । विपदबाट जोगिनका लागि विपद्सम्बन्धी शिक्षा तथा सचेतनाको आवश्यकता पर्दछ । यसका लागि गाउँपालिकाले विशेष पहलकदमी लिनु अपरिहार्य छ । यस गाउँपालिकामा उच्च शिक्षा अध्ययन गर्ने क्याम्पस तथा उच्च मा.विको अभाव रहेको छ ।

### २.४.६ स्वास्थ्य अवस्था, डाक्टर, एम्बुलेन्स तथा अस्पतालको व्यवस्था

यस गाउँपालिकाका बासिन्दाहरूले आवश्यकताअनुसारको स्वास्थ्य सेवा प्रयाप्त छैनन् । आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दीअनुसार स्वास्थ्यकर्मीहरू नभएको हुँदा यस गाउँपालिकामा स्वास्थ्य चौकीहरू भएता पनि गाउँपालिकाका बासिन्दाहरूले राम्रो र प्रयाप्त सेवा पाउन सकेका छैनन् । त्यसैगरी गाउँपालिकामा गाउँघर क्लिनिक, खोप क्लिनीक र सामुदायिक स्वास्थ्य एकाइहरू पनि रहेका छन् ।

विपद् प्रतिकार्यका लागि सबैभन्दा महत्वपूर्ण आवश्यकता स्वास्थ्य उपचारको हुन्छ । त्यसका लागि स्वास्थ्यकर्मी, औषधी, स्वास्थ्य उपकरण, एम्बुलेन्स, स्वास्थ्य संस्था आदिको आवश्यकता पर्दछ । माङसेबुङ गाउँपालिका स्वास्थ्य सेवाका हिसावमा कमजोर अवस्थामा छ । स्थानियको स्वास्थ्य सेवा पाउने नैसर्गीक अधिकारलाई सुनिश्चित गर्न र विपदमा परेका व्यक्तीहरूको उपचारको लागि पनि यस गाउँपालिकामा स्वास्थ्य सेवाको उपलब्धतालाई बढाउदै लैजानुपर्दछ । विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ११:** गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरूको विवरण

| क्र.सं. | संस्थाको किसिम | संख्या | स्थान र वडा | कैफियत |
|---|---|---|---|---|
| १. | स्वास्थ्य चौकी | १ | इभाङ-२ | |
| २. | स्वास्थ्य इकाई | १ | मणिपुर-३ | |
| ३. | स्वास्थ्य इकाई | १ | आदिपुर-३ | |
| ४. | स्वास्थ्य इकाई | १ | मणिपुर, लारुम्बा-५ | |
| ५. | स्वास्थ्य इकाई | १ | सिमलटार-४ | |
| ६. | स्वास्थ्य चौकी | १ | नाङरुङ, गजुरमुखी-१ | |
| ७. | स्वास्थ्य चौकी | १ | चिसापानी, पञ्चमी-६ | |
| ८. | नेपाल रेड क्रक सोसाइटी, देउमाई उपशाखा | | गजुरमुखी-१ | |
| ९. | नेपाल रेड क्रक सोसाइटी, आदिपुर उपशाखा | | आदिपुर-३ | |
| १०. | एम्बुलेन्स | | गा.पा.मा नरहेको | |

*स्रोत : गाउँपालिका कार्यालय*

माथि उल्लेखित तालिका अनुसार गाउँपालिकाका ३ वटा वडाहरूमा स्वास्थ्य चौकी रहेको देखिन्छ । सो स्वास्थ्य चौकीहरूले आवश्यकताअनुसार सेवा उपलब्ध नभएका कारण सबै बासिन्दाहरूले राम्रो उपचार पाउन सकेका छैनन् । यहाँ भएका स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधीहरूको पनि कमी देखिन्छ । आकस्मिक सेवा तथा रक्तसञ्चार सेवाको उपलब्धता नभएकोले विपद् पश्चात आकस्मिक उपचारका लागि दमक लैजानुपर्ने बाध्यता रहेको छ । यस गाउँपालिकामा सुविधासम्पन्न अस्पताल तथा विषेशज्ञ डाक्टरको उपलब्धता छैन । गाउँपालिकामा हालसम्म एउटा पनि एम्बुलेन्स नहुनुले विपद्को उद्धारमा थप नाजुक अवस्था रहेको स्पष्ट हुन्छ ।

### २.४.७ खानेपानीको व्यवस्था

तल दिइएको तालिका अनुसार माङसेबुङ गाउँपालिकाको बासिन्दाहरुको खानेपानीको मुख्यस्रोत धारा पाइप ( घर कम्पाउड भित्र) रहेको देखिन्छ । जस अनुसार ५३.१२ प्रतिशत परिवारहरूले धारा पाइप (घर कम्पाउड भित्र) को पानी उपभोग गर्ने गर्दछन् । त्यसैगरी क्रमश धारा/पाइप सार्वजनिक स्थान, खोला र मुलको पानी/जरुवाको पानी उपभोग गर्दछन् । पानी जिवनका लागि नभई नहुने आधारभूत आवश्यकता हो तर यसलाई सही तरिकाले प्रयोग गर्न सकिएन भने यो रोग तथा महामारीको स्रोत पनि हुन सक्दछ । सफा र शुद्ध पानीको अभावमा गाउँका गरिव तथा निमुखालाई रोगले सहजै आक्रमण गर्न सक्ने भएकोले पानीको यथोचित उपलब्धताका लागि गाउँपालिकाले विशेष चासो एवं पहलकदमी लिनु पर्दछ ।

**तालिका नं. १२:** खानेपानीको मुख्य स्रोत

| वडा नं. | धारा पाइप (घर कम्पाउण्ड भित्र) | धारा पाइप सार्वजनिक स्थान | ढाकिएको इनार/कुवा | नढाकिएको इनार/कुवा | मूलको पानी/जरुवा | खोला | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ३८५ | १३५ | ३० | ६ | १०२ | ३९ | ६९७ |
| २ | ५३६ | १५८ | ४ | २० | ३८ | १ | ७५७ |
| ३ | ४६७ | २८० | १५ | २९ | ९ | ४ | ८०४ |
| ४ | १०७ | २० | ४ | १०७ | २८ | १५५ | ४२१ |
| ५ | १३१ | ४३५ | ६ | २ | १२ | ४ | ५९० |
| ६ | ३७६ | १०६ | ९ | १ | ७ | १ | ५०० |
| जम्मा | २००२ | ११३४ | ६८ | १६५ | १९६ | २०४ | ३७६९ |
| प्रतिशत | ५३.१२ | ३०.०९ | १.८० | ४.३८ | ५.२० | ५.४१ | १००.०० |


*स्रोत : माङसेबुङ गाउँपालिकाको वेबसाईट*

## २.५ भौतिक पूर्वाधार तथा अन्य विवरण

कुनै पनि ठाउँको विकासमा त्यस क्षेत्रको भौतिक पूर्वाधारहरूले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । माङसेबुङ गाउँपालिकाको विपद् व्यवस्थापन योजनाको चर्चा गर्दा यस क्षेत्रको पूर्वाधारको अवस्था चर्चा गर्नु जरुरी हुन्छ । यो प्रतिवेदनको यस खण्डमा माङसेबुङ गाउँपालिकामा रहेका भौतिक पूर्वाधारहरूको हालको अवस्थाको बारेमा छोटो चर्चा गरिएको छ ।

### २.५.१ सडक तथा पुल

हरेक क्षेत्रको सहजताका लागि सडक विकासको एक मुख्य पूर्वाधार हो । सडकको निर्माण बिना पर्यटन विकास, उत्पादित बस्तुको बजारीकरण, अन्य व्यापार तथा आवत जावतमा सहजता हुँदैन । माङसेबुङ गाउँपालिकाको भौगोलिक अवस्थिति सुगम भैकन पनि यहाँ गुणस्तरीय, सहज भरपर्दो र पर्याप्त सडक सञ्जालको निर्माण हुन सकेको छैन । यहाँको अधिकांश सडकहरू कच्ची छन् । त्यसैले यस गाउँपालिकाका विभिन्न स्थानमा सडक यातायातलाई विस्तार गर्ने र सम्पूर्ण स्थानमा सडक यातायातलाई विस्तार गर्ने र सम्पूर्ण गाउँबासीहरूलाई सहज यातायातको व्यवस्था गर्ने क्रम जारी रहेको छ । केही सडकहरू कच्ची अवस्थाका रहेको र वर्षातमा आवागमनमा व्यापक कठिनाई उत्पन्न हुने भएकाले विपद्को अवस्थामा उद्धार कार्य निकै जटिल बन्दछ र थप क्षति हुन जान्छ । यस गाउँपालिकामा भएका सडक सञ्जालहरूको विवरण तलको नक्सामा दिइएको छ ।




**नक्सा नं. ८:** गाउँपालिकाको सडक सञ्जाल

### २.५.२ बारुण यन्त्रको व्यवस्था

मानवीय तथा प्राकृतिक रूपमा आइपर्ने विपद्लाई रोकथाम तथा न्यूनीकरण गरी त्यसको उचित व्यवस्थापनबाट संभावित जनधनको क्षति रोक्न विभिन्न क्रियाकलापहरू गर्नुपर्दछ । आगलागी हुनु पनि एक मानवीय विपद्को अवस्था हो । यसबाट बच्नको निम्ति समयमै व्यवस्थापनको क्रियाकलापहरू गर्नुपर्ने हुन्छ । त्यसैको निम्ति यस माङसेबुङ गाउँपालिकामा पनि वारुणयन्त्रको व्यवस्था गर्नु नितान्त जरुरी छ । गाउँमा आगलागी भएको स्थितिमा वारुणयन्त्रको मद्दतले आगलागीलाई नियन्त्रण गर्न सकिन्छ । वारुणयन्त्रलाई चौविसै घण्टा तयारी अवस्थामा राख्नुपर्दछ । वारुणयन्त्रको मर्मत, ईन्धन तथा जनशक्तिको यथोचित व्यवस्था भएमा मात्र वारुणयन्त्रलाई प्रभावकारी ढंगबाट सञ्चालन गर्न सकिन्छ । हरेक बस्ती नजिकमा पानीको सहज उपलब्धतालाई पनि ख्याल गरिनुपर्दछ । वारुणयन्त्र चलाउनका लागि तालिम प्राप्त जनशक्तिको साथै अग्नी नियन्त्रकको पनि व्यवस्था गरिनु अपरिहार्य रहेको छ । वारुणयन्त्रको सञ्चालनका लागि सुरक्षा निकायको पनि सहयोग लिन सकिन्छ ।

### २.५.३ सुरक्षा निकायको उपस्थिति

कुनै पनि ठाउँको विकासका लागि शान्ति सुरक्षा एक महत्वपूर्ण पूर्वसर्त हो । त्यहाँ बस्ने बासिन्दाहरूको लागि आवश्यक सुरक्षाको प्रत्याभूति दिन सकिएन भने उनीहरू निरुत्साहित हुन्छन् र त्यस क्षेत्रको विकासमा गम्भीर असर पर्दछ । हरेक व्यक्तिले निर्वाधरूपमा आफ्नो पेशा व्यवसाय सञ्चालन गर्न तथा ठुला लगानीका व्यवसाय सञ्चालन गर्न सुरक्षाको व्यवस्था हुनु जरुरी छ ।

विपद् व्यवस्थापनका लागि ठुलो जनशक्ति आवस्यक हुनुको साथै बल, हिम्मत र सीपको पनि आवश्यकता पर्दछ । सुरक्षा निकायलाई विपद् व्यवस्थापनका लागि First Responder का रूपमा पनि लिन सकिन्छ । सुरक्षा निकायले शान्ति सुरक्षा कायम गर्ने कार्यका अलावा विपद् प्रतिकार्य गर्ने कार्यलाई पनि असरदार ढङ्गबाट सम्पादन गर्न सक्ने भएकोले सुरक्षा निकायको उपस्थिति अपरिहार्य छ । गाउँपालिकामा रहेका सुरक्षा निकायहरूको विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १३:** गाउँपालिकामा रहेका सुरक्षा निकायहरू

| क.सं. | प्रहरी युनिटहरू | वडा नं. |
|---|---|---|
| १. | प्रहरी चौकी | इभाङ-२ |
| २. | प्रहरी चौकी (अस्थायी पोष्ट) | नाङरुङ, गजुरमुखी-१ |
| ३. | प्रहरी चौकी | चिसापानी, पञ्चमी-६ |
| ४. | सशस्त्र प्रहरी बल नेपाल (सुरक्षा वेस) | चिसापानी, पञ्चमी-६ |
| ५. | प्रहरी चौकी | लामीटार-३ |

*स्रोत : गाउँ कार्यपालिकाको कार्यालय, २०७६*

### २.५.४ बस्ती तथा घरको प्रकार

गाउँपालिकामा रहेका घरको बनावटको आधारमा घरको प्रकार हेर्दा परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमा ढुंगामाटो, काठ र बाँसको जोडाइबाट बनेको घरधुरी संख्या धेरै पाइन्छ । घरको छानाको बनोटको आधारमा जस्ताको छानो भएको घरधुरी संख्या धेरै पाइन्छ भने सबैभन्दा कम घर टायल/ढुङ्गाको छानो भएको छ ।

**तालिका नं. १४:** घरको गारोको प्रकारका आधारमा धरधुरी विवरण

| वडा नं. | बाँस | सिमेन्ट र ढुङ्गा/ईँट्टा | सेन्टर बेरा | जस्ता | माटो र ढुङ्गा | आर.सि.सि. | काठ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४७ | २५ | ५७ | १ | ४५४ | ११ | १०२ | ६९७ |
| २ | २२ | २७ | ८० | ३ | ५८३ | १ | ४१ | ५७५ |
| ३ | ७८ | ९ | ४३ | १०५ | १७६ | ४ | ३८९ | ८०४ |
| ४ | ८२ | | ३ | १ | १ | | ३३४ | ४२१ |
| ५ | ३१ | ७ | ३६ | ३१ | ७ | ६ | ४७२ | ५९० |
| ६ | १६ | २९ | ४ | ६१ | २२२ | ९ | १५९ | ५०० |
| **जम्मा** | २७६ | ९७ | २२३ | २०२ | १४४३ | ३१ | १४९७ | ३७६९ |

*स्रोत: गाउँपालिका सर्भेक्षण, २०७६*

**तालिका नं. १५:** घरको छानोको आधारमा घरधुरीको विवरण

| वडा नं. | जस्ता | आर.सि.सि. | खर | टायल/ढुङ्गा | काठ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ६०० | ११ | ८४ | | २ | ६९७ |
| २ | ६९१ | | ६२ | ४ | | ७५७ |
| ३ | ७६० | ३ | ३९ | २ | | ८०४ |
| ४ | ३६२ | | ५३ | | ६ | ४२१ |
| ५ | ५७० | ७ | ९ | १ | ३ | ५९० |
| ६ | ४७५ | ९ | १६ | | | ५०० |
| **जम्मा** | ३४५८ | ३० | २६३ | ७ | ११ | ३७६९ |

*स्रोत: गाउँपालिका सर्भेक्षण, २०७६*

### २.५.५ संचारको सुविधा

माङसेबुङ गाउँपालिका सञ्चार सञ्जालबाट जोडिएको छ । यहाँको अधिकांश वडाहरूमा मोबाइल फोन सञ्जालले सञ्चार सुविधा प्रदान गरेको छ । कुनै पनि ठाउँको विकासको लागि सञ्चार सुविधा आवश्यक हुन्छ । त्यसकारण विकासको लागि उच्च गतिको सञ्चार सञ्जालको सुविधा हुन अत्यावश्यक हुन्छ । माङसेबुङ गाउँपालिकाका केही स्थानहरूमा मात्र नेपाल टेलिकम र एनसेलको 3G Network सेवा उपलब्ध छ । त्यसैगरी यस गाउँपालिकामा एफ.एम र रेडियो नेपाललगायत विभिन्न स्टेशनहरूको सिधा प्रशारण भएको पाइन्छ । टी.भी. कार्यक्रमका लागि प्रकाश केवल नेटवर्क, व्लेजन स्पेश केवल नेटवर्क र स्याटलाइट च्यानल प्रसारकहरूले सेवा पुग्न सकेको छैन ।

विपद् व्यवस्थापनलाई सहज र प्रभावकारी बनाउन विपद् जोखिमबारेका सूचनाहरू क्षण-क्षणमा आदानप्रदान भैरहनु आवस्यक भएकाले सञ्चार सेवालाई प्रभावकारी बनाउनु अत्यन्त जरुरी छ । गाउँपालिकामा सञ्चार सेवा पुगेतापनि सबै स्थानमा प्रयाप्त र प्रभावकारी भने हुन सकेको छैन ।

### २.५.६ विद्युत सुविधा

दैनिक बत्ती बाल्न प्रयोग गरिने उर्जा स्रोतमा जलविद्युत प्रमुख स्रोतको रूपमा रहेको देखिन्छ । यस गाउँपालिकामा बत्ती बाल्न बिजुली प्रयोग गर्नेको घरधुरी संख्या करिब ३६.३२ प्रतिशत रहेको छ । त्यस्तै विद्यतु पश्चात दोस्रो प्रमुख स्रोतमा माइक्रो हाइड्रो २७.७५ प्रतिशत रहेको छ । गाउँपालिकाको सवै वडामा सम्पुर्ण वस्तीमा वद्युतको पहुँच पुग्न सकेको छैन । त्यसैले यस गाउँपालिकामा विद्युतको पहुँचको लागि नेपाल सरकार र सम्बन्धित निकायहरूले पहल गर्नुपर्ने देखिन्छ ।

**तालिका नं. १६:** बत्ती बाल्न प्रयोग गरिने इन्धनको स्रोत

| वडा नं. | राष्ट्रिय प्रशारणको विद्युत | सोलार इनर्जी | मट्टीतेल | माइक्रो हाइड्रो | बायो ग्याँस | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २३५ | ३३ | ३७ | ३९२ | | ६९७ |
| २ | २५३ | १०१ | ५९ | ३४० | ४ | ७५७ |
| ३ | ३५३ | १७७ | १०० | १७४ | | ८०४ |
| ४ | | ३७९ | ४१ | | १ | ४२१ |
| ५ | ५२८ | ५८ | २ | | २ | ५९० |
| ६ | | २५३ | १०६ | १४० | १ | ५०० |
| जम्मा | १३६९ | १००१ | ३४५ | १०४६ | ८ | ३७६९ |
| प्रतिशत | ३६.३२ | २६.५६ | ९.१५ | २७.७५ | ०.२१ | १०० |

*स्रोत: गाउँपालिका सर्भेक्षण, २०७६*

### २.५.७ गाउँपालिकाका बजार केन्द्रहरू

गाउँपालिकामा रहेका प्रमुख बजार केन्द्रहरू इभाङ, बाहाबल चारथुम बजार, गजुरमुखी धाम, नाङरुङ, चिसापानी पञ्चमी, रक्से, चतुरे, खलँगे, रतुवा ठुलोवेशी, भालुटार, मार्चेबुङ रहेको छ।

### २.५.८ धार्मिक तथा पर्यटकीय स्थानहरू

नेपाल धार्मिक तथा साँस्कृतिक पर्यटनको महत्वपूर्ण गन्तव्यकारूपमा रहेको छ। नेपालको पर्यटन सेवामा धार्मिक तथा साँस्कृतिक क्षेत्रले प्रत्यक्ष भूमिका खेलेको छ। यहाँ आउने प्राय: सबै पर्यटक कुनै न कुनै रूपमा धार्मिक र साँस्कृतिक सम्पदाहरूबाट आकर्षित भएका हुन्छन्। यदि यस्तो छैन भनेपनि दृश्यावलोकनका लागि भएपनि कुनै न कुनै धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक क्षेत्रमा पुगेका हुन्छन्। माङसेबुङ गाउँपालिका धार्मिक तथा प्राकृतिक पर्यटनको दृष्टिले केही गन्तव्य स्थलहरू गजुरमुखी, माङमालुङ, लारुम्बा आदि रहेका छन्।

## २.६ आर्थिक अवस्था

गाउँपालिकामा अझैपनि गरिबीको समस्या विद्यमान रहेको पाइन्छ। अधिकांश जनताको मुख्या पेशा खेती किसानी रहेको छ। केही युवाहरू रोजगारीका लागि विदेश पनि जाने गरेका छन्। स्वास्थ्य, शिक्षा, पोषिलो खाना आदिमा उनीहरूको पहुँच सन्तोषजनक छैन। विपद्सँग जुध्नका लागि उनीहरूसँग यथोचित सामर्थ्य छैन। तसर्थ यस गाउँपालिकाका जनतालाई विपद्बाट जोगाउनका लागि सरकार नै विषेश जिम्मेवारीका साथ अग्रसर हुनुपर्दछ।

गरिबीका कारणले स्थानीयहरूले विपद् उत्थानशील भौतिक संरचना बनाउन सकेका छैनन्। साथै उनीहरू विपद् जोखिमयुक्त स्थानमा पनि बसोबास गर्न बाध्य छन्। खोला किनारालाई बसोबासका लागि उपयुक्त मानिदैन तर यहाँका अधिकांश मानिसहरू त्यसको परवाह नगरी बाढीले प्रभाव पार्न सक्ने स्थानमा समेत बसोबास गरिरहेका छन्।

# खण्ड ३ : माङसेबुङ गाउँपालिकाको विपद् जोखिमको अवस्था

## ३.१ भूमिका

विपद्सँग सरोकार राख्ने सयुक्त राष्ट्र संघसँग सम्बन्धित विभिन्न संस्थाका अनुसार नेपाल विश्वमा भूकम्पीय जोखिमको हिसाबले ११ औं, पानीजन्य प्रकोपबाट हुने क्षतिका हिसाबले ३० औं र जलवायु परिवर्तनको जोखिमका हिसाबले चौथो स्थानमा रहेको छ । गृह मन्त्रालय र यु.एन.डि.पी.को स्रोतअनुसार नेपालमा हरेक वर्ष ४२० वटा विपद्का घटनाहरू घट्ने, १ हजार जनाको मृत्यु हुने, ८० जना हराउने, १ लाख ३५ हजार प्रभावित हुने, १६ हजार परिवार विस्थापित हुने र ठुलो संख्यामा भौतिक क्षति हुने तथ्याङ्क छ । त्यसै गरी नेपालका २ हजार ३ सय १५ वटा हिमताल मध्ये २२ वटा विष्फोट हुने खतरामा रहेका छन् । यसबाट पुष्टि हुन्छ कि विपद्को हिसाबले नेपाल संसारको अति संवेदनशील अर्थात प्रकोप संकटापन्न क्षेत्रमा अवस्थित छ । अर्थात विपद्का दृष्टिकोणले नेपाल संकटाभिमुख देशहरूको सूचीमा पर्दछ ।

नेपालमा विभिन्न समयमा आइपरेका विभिन्न किसिमका संकट तथा विपद्हरूबाट व्यापक रूपमा धनजनको क्षति हुँदै आएको छ । गृह मन्त्रालयबाट प्रकाशित प्रतिवेदनअनुसार नेपालमा विपद्बाट वर्षेनि सयौं मानिसहरूको मृत्यु तथा वेपत्ता गरेको छ । नेपालको मुख्य विपद्को रूपमा बाढी, पहिरो, भूकम्प, खडेरी, झाडापखाला, महामारी, हिमताल विष्फोट, आगलागी, हुरी बतास, असिना, चट्याङ्ग, सडक दुर्घटना, आगलागीहरू रहेका छन् । यी मध्ये मुख्य संकट वा विपद्कोरूपमा बाढी, पहिरो, महामारी, हुरी बतास र आगलागीका घटनाहरू नै प्रमुख रहेका छन् । यी घटनाहरूबाट धेरैको अकालमा ज्यान जानुका साथै ठुलो मात्रामा भौतिक, मानवीय एवं प्राकृतिक क्षति हुने गरेको छ ।

विपद् व्यवस्थापनलाई राष्ट्र तथा समुदायको मुख्य प्राथमिकता भित्र पार्नुपर्ने, विपद् जोखिमको अनुगमन प्रणालीको विकास, विपद् व्यवस्थापनसम्बन्धी ज्ञानको प्रचार प्रसार, विपद् निम्त्याउने खालका भौतिक विकास तथा अन्य क्रियाकलापहरूलाई निरुत्साहित गर्ने र विपद् व्यवस्थापनसम्बन्धी पूर्वतयारी कार्यलाई हरेक क्षेत्र तथा तहबाट योजना बनाई समुदाय तथा सिंगो राष्ट्रलाई उत्थानशील बनाउनका लागि विश्व विपद्जोखिम न्यूनीकरण सम्मेलन, २००५ (World Disaster Risk Reduction Conference, 2005) ले मुख्य प्राथमिकता दिएको छ । त्यस्तै १८–२२ जनवरी २००५ मा जापानको ह्योगो शहरमा भएको विश्व सम्मेलनलाई ह्योगो सम्मेलन र सो सम्मेलनबाट जारी गरिएको घोषणा पत्रलाई ह्योगो घोषणा पत्र (Hyogo Declaration) तथा कार्ययोजनालाई ह्योगो कार्य योजना (Hyogo framework for Action) को नामले चिनिन्छ । ह्योगो सम्मेलनका मुख्य प्राथमिकताहरूलाई नेपालले विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ तयार गरी कार्यान्वयनमा ल्याएको छ । उक्त रणनीतिले संघिय, प्रादेशिक, जिल्ला, नगरपालिका र साविकमा गा.वि.स स्तरसम्म विपद् जोखिम न्यूनीकरणका लागि जिम्मेवार संस्थाको सांगठनिक संरचना र अवधारणाको परिकल्पनाका साथै उसले खेल्नुपर्ने भूमिकासमेत स्पष्ट व्यवस्था गरेको थियो । नेपाल सरकारबाट स्वीकृत गरिएको रणनीतिमा पनि जोखिम न्यूनीकरणसम्बन्धी अवधारणाहरूलाई आपत्कालीन पूर्वतयारी (Preparedness), प्रतिकार्य (Response) तथा पुनर्लाभ (Recovery) सम्बन्धी कार्यक्रममा व्यवस्थितरूपमा समावेश गर्ने उल्लेख गरिएको छ । विपद्जोखिम न्यूनीकरणका लागि विश्वव्यापी रूपमा, HYOGO संरचना (२००५-२०१५) पश्चात हाल आगामी १५ वर्षका लागि SENDAI संरचना (२०१५-२०३०) लागू भइसकेको छ । यसले विपद् जोखिम तथा यसबाट जीवन, जीविकोपार्जन र स्वास्थ्य तथा आर्थिक, भौतिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय सम्पत्ति, व्यक्ति, व्यवसाय, समुदाय तथा देशहरूमा हुने क्षति नोक्सानीलाई न्यून


गर्ने लक्ष्य राखेको छ । विपद्जोखिम व्यवस्थापन कार्यका लागि यसले सरकारलाई प्रमुख रूपमा जिम्मेवार ठानेको छ भने यसका लागि स्थानीय तह, निजी क्षेत्र तथा सरोकारवालाहरूसँग समेत जिम्मेवारी बाँडफाँड गरिनुपर्ने उल्लेख छ ।

विभिन्न विपद्का कारणले प्रत्येक वर्षमा हुने धनजनको क्षति न्यूनीकरण गर्न र विस्थापितलगायत प्रभावितहरूको उचित व्यवस्थापनका लागि स्थानीय स्तरमा सहभागितामूलक योजना निर्माण गरी कार्य गरेमा मात्र प्रभावितहरूले न्याय तथा राहत पाउन सक्ने अवस्था भएको हुँदा विपद्बाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजनाको निर्माण गरी विपद् प्रतिकार्यलाई व्यवस्थित गर्ने प्रयासको थालनी गरिएको हो ।


माङसेबुङ गाउँपालिका विशेषगरी बाढी, कटान, पहिरो, आगलागी, हावाहुरी, चट्याङ, सर्पदंश, महामारी, असीना, खडेरी, जंगली जनावरको त्रास, शितलहर, लु आदिको जोखिम रहेको छ । माङसेबुङ गाउँपालिकामा वर्षा, हावाहुरी, चट्याङले वर्षेनी ठुलो क्षति पुऱ्याएको देखिन्छ । महामारीजन्य जोखिमहरूमा झाडापखाला, भाइरल ज्वरो, विशालु च्याउको प्रकोपजस्ता जोखिमहरू पनि कहिलेकाँही देखिने गर्दछन् । यस गाउँपालिकामा हरेक वर्ष माथि उल्लेखित विपद्का कारण जनधनको क्षति भइरहेको पाइन्छ । विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि केन्द्रदेखि स्थानीय तहसम्म संस्थागत संरचनामा सुधार गरी विपद्को सामना गर्ने क्षमता अभिवृद्धि गर्दै सुरक्षित संस्कृतिको विकासमा अगाडि बढ्नु आवश्यक देखिन्छ ।

यस गाउँपालिकामा बग्ने कमल, रतुवा, मावा, दुधे, बागद्वार, विसौनी चाँजु, विदुवा, बुकुवा, नुनसरी, मावा, ग्याङग्री खोला तथा चुरे पहाडबाट दक्षिणतिर बग्ने धेरै वर्षे खोलाहरूले वर्षेनी धेरै उव्जाउ भूमि कटान गरिरहेका छन् । अधिकाँस खोलाहरूमा हिउँदमा प्रायः पानी हुँदैन । यिनै खोलामा आउने बाढीका कारण नदी तथा खोला तटीय क्षेत्रमा बसोवास गर्ने समुदायहरूले प्रत्येक वर्ष बाढी तथा कटानको जोखिमको सामना गरिरहनुपरेको छ । वर्षातको समयमा खास गरी बाढी, कटान, महामारीजस्ता प्रकोपहरू दोहोरीने गरेको हुदाँ सोको लागि स्वयम स्थानीय तह, जिल्ला एवं रेडक्रस सोसाइटीलगायतका निकायहरूसमेत पूर्वतयारी र प्रतिकार्यका लागि प्रयत्नशील रहेका छन् । यो प्रयत्नलाई अझ व्यवस्थित तथा प्रभावकारी बनाउनका लागि स्थानीय तह अझ बढी सक्रिय एवं योजनाबद्ध ढंगबाट अगाडी बढ्नु अपरिहार्य छ ।

विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि केन्द्रदेखि स्थानीय तहसम्म संस्थागत संरचनामा सुधार गरी विपद्को सामना गर्ने क्षमता अभिवृद्धि गर्दै सुरक्षित संस्कृतिको विकासमा अगाडि बढ्नु आवश्यक देखिन्छ । यसका लागि गाउँपालिका, वडा तथा समुदायस्तरमा समिति निर्माण गरी विपद् पूर्वतयारी तथा व्यवस्थापनसम्बन्धी योजना बनाई कार्यान्वयन गर्नुपर्दछ । तल दिइएको नक्साहरुमा गाउँपालिकाको विभिन्न जोखिम र जोखिमयुत्त स्थानहरु देखाइएको छ ।





**नक्सा नं. ९:** गाउँपालिकाका जोखिमयुक्त क्षेत्रहरू




| Geological formation | Area_sq.km |
|---|---|
| Lower Siwalik | 44.68 |
| Middle Siwalik | 36.29 |
| Sarung Khola Formation | 38.15 |
| Seti Formation | 8.72 |
| Shiprin Khola Formation | 39.69 |
| Takure Formation | 4.89 |
| **Total** | **172.41** |

**नक्सा नं. १०:** गाउँपालिकाको भौगर्भिक संरचना




**नक्सा नं. ११:** गाउँपालिकाको भूकम्पीय जोखिमको अवस्था

## ३.२ गाउँपालिकामा देखिने मुख्य विपद्‌हरू

### ३.२.१ बाढी तथा कटान

नदीनाला तथा खोलामा पानीको मात्रा बढि भएर आफ्नो नियमित बहावभन्दा दायाँवायाँ घरबस्ती, खेतवारी आदिमा प्रवेश गऱ्यो भने त्यसलाई बाढी भनिन्छ। बाढीले नेपालमा हरेक वर्ष ठुलो धनजनको क्षति पुऱ्याउँदछ। विषेशत वर्षायाममा बाढीले गाउँ बस्ती तथा खेती योग्य जमिनमा हानी नोक्सानी पुऱ्याउँदछ। माङसेबुङ गाउँपालिका ईलाम जिल्लाको दक्षिण पश्चिम भागमा अवस्थित छ। बाक्लो आवादी रहेको क्षेत्रमा समथर फाँट जमिन रहेको र वर्षातमा आकस्मिक रूपमा बग्ने महाभारत र चुरेका खोलाहरू वस्ती नजिक रहेकोले बाढी तथा कटानको जोखिम रहेको पाईन्छ। बाढी सँगसँगै कटान, पहिरो र महामारीको प्रकोप पनि जोडिने हुनाले यसको असर बढी हुन सक्दछ।

### ३.२.२ पहिरो तथा भूक्षय

भौगोलिक हिसाबले अति संवेदनशिल मानिने चुरे पर्वत क्षेत्रका केही भाग र महाभारत पर्वत क्षेत्रका अधिकाँस भूभागमा पहिरो र भूक्षयका जोखिमहरू रहेको छ। अव्यवस्थित सडक निर्माण, वनफडानी, भिरालो जमिनमा खेतीपाती जस्ता मानवीय कारणले गर्दा पहिरोको जोखिम दिनानु दिन बढ्दै गएको पाईन्छ। पहिरोले घर तथा सँरचनाहरूलाई असर पुऱ्याउनुका साथै बोटविरुवा र बाली लाई पनि क्षति र नष्ट गर्दछ। पहिरोले बाढी र खोला कटानलाई समेत बढावा दिने गर्दछ।

### ३.२.३ हावाहुरी

चैत्र/बैशाख महिनामा नेपालको तराई तथा चुरे क्षेत्रमा हावाहुरीले पनि मानवीय तथा अन्य धनमालको क्षति पुर्‍याउने गरेको छ । हावाहुरीले गाउँघरका खर तथा टिनले छाएका कच्ची छाना भएका घरहरूलाई असर पुऱ्याउनुका साथै बोटविरुवा र बाली लाई पनि क्षति र नष्ट गर्दछ । हावाहुरीको कारणले आगलागीलाई पनि बढावा दिने गर्दछ । गाउँपालिकामा धेरै घरहरू खर तथा टीनले छाएकोले ती घरहरूलाई हावाहुरीले बढी असर गर्न सक्दछ ।

### ३.२.४ आगलागी

गर्मीयाम बढ्ना साथ आगलागीको विपद् प्रत्येक वर्ष दोहोरिने गरेको छ । समुदायका मानिसहरूको असावधानीपूर्वक आगोको प्रयोग र गुज्जमुज्ज परि बनेका कच्ची घर र झुप्रोहरूको बनोटले गर्दा आगलागीका घटना बढी हुने गरेको पाइन्छ । आगलागी नियन्त्रण गर्नका लागि आवश्यक पर्ने दमकल तथा तालिम प्राप्त जनशक्तिको अप्रयाप्तता र अभावले गर्दा पनि आगलागीको असरलाई कम गर्न समस्या रहेको छ । गाउँपालिकाको प्राय सबै जसो वन क्षेत्रमा हरेक वर्ष हिँउदमा आगलागी हुने गरेको पाईन्छ ।

### ३.२.५ चट्याङ

नेपालमा सबैभन्दा कम विचार पुऱ्याइने वा सावधानी अपनाउने तर मान्छेको मृत्युमा सबैभन्दा बढी जिम्मेवार विपद्को रूपमा चट्याङलाई लिन सकिन्छ । चट्याङका कारणले हरेक वर्ष विभिन्न विपद्ले हुने मृत्यु मध्य करिव २० प्रतिशतको मृत्यु हुने गर्दछ । चट्याङका सम्बन्धमा आममान्छेलाई आवश्यक जानकारी छैन जसले गर्दा उनीहरूले सामान्य सावधानी पनि अपनाउँदैनन् ।

### ३.२.६ शीतलहर

चुरे आसपास क्षेत्र तथा खोला किनारका वस्तीहरूमा हिउँदको महिना मंसिर देखि माघसम्म बाक्लो हुस्सु लाग्ने र चिसो हुने गर्दछ । चिसोबाट केटाकेटी र वृद्धवृद्धाहरूलाई बढी असर हुने गरेको छ । यसै गरी न्यानो कपडा नभएका अर्थात गरीब परिवार शीतलहरको जोखिममा रहेका हुन्छन । चिसो सुरु हुनासाथ केटाकेटीमा निमोनिया रोग बढी देखिने समस्या छ । यस समयमा आवश्यक दाउरा उपलब्ध गराई गाउँबस्ती, शहरमा सामुहिक रूपमा आगो ताप्ने व्यवस्था र न्यानो कपडा तथा कम्बल वितरण गर्ने योजना बनाउनु उपयुक्त हुन्छ । साथै दीर्घकालीन रूपमा आवास योजना निर्माण गर्नु आवस्यक छ । गाउँपालिकाको अधिकाँस भुभाग महाभारत पर्वत क्षेत्रमा पर्ने भएकाले शितलहरको जोखिम भने न्यून रहेको छ ।

### ३.२.७ सरुवा रोग तथा महामारी

जनचेतनाको कमी र वर्षातको समयमा खानेपानीका स्रोतमा समेत बाढी तथा पहिरो पस्ने भएकोले विभिन्न सरुवा रोग तथा महामारी रोगहरू भित्रन सक्ने सम्भावना हुन्छ । जुन द्वितीय विपद्को रूपमा आउन सक्छ, त्यस्ता स्थानहरूमा तुरुन्त स्वास्थ्यकर्मीको टोली खटाई शुरुमै रोगहरू नियन्त्रण गरी महामारी फैलन नदिने उपायहरू अपनाउनु पर्दछ । स्थानीयस्तरमा जनचेतनाको अभावमा सामान्य झाडापखालाजस्ता रोगको पनि समयमा निदान नभई यसले महामारीको विकराल अवस्था श्रृजना गर्ने गरेकोमा हाल भने न्यूनीकरण हुँदै गएको पाईन्छ ।

### ३.२.८ भूकम्प

सिङ्गो नेपाल नै भूकम्पका दृष्टिकोणले जोखिमयुक्त छ । देशका अन्य भाग जस्तै यस गाउँपालिकामा पनि घर बनाउँदा भूकम्पप्रतिरोधक प्रविधि र सचेतना नअपनाउने हो भने भोलीका दिनमा भूकम्पले ठुलो क्षति पुऱ्याउन सक्दछ । २०७२ बैशाख १२ गते गोरखा जिल्ला केन्द्रबिन्दु रहेको महाभूकम्पको प्रभाव नेपाल भर नै केहि मात्रामा देखिएको थियो । भूकम्पबाट मानवीय क्षति नभएता पनि भौतिक संरचनामा केही मात्रामा असर परेको थियो ।

### ३.२.९ सर्पदंश

नेपालका तातो हावापानी भएका क्षेत्रहरुमा विषालु सर्पदंशको टोकाइको कारणले पनि धेरै व्यक्तिले अकालमा ज्यान गुमाउनु परिरहेको छ । घर वरिपरिको सरसफाईमा ध्यान नपुऱ्याउँदा र लापरबाहीपूर्ण गतिविधिले गर्दा यो समस्या कतिपय ठाउँमा विकराल अवस्थामा रहेको छ । सर्पदंशको उपचार शिघ्र गर्नु पर्दछ र यो सर्पदंश विशेष स्वास्थ्य चौकीमा मात्र सम्भव हुन्छ । गाउँपालिकामा सर्पदँशको समस्या न्यून रहेता पनि यसको आवश्यक व्यवस्थापन गर्नु जरुरी छ ।

### ३.२.१० खडेरी

विश्वमा देखा परेको जलवायु परिवर्तनको कारणले नेपालमा पनि असरहरू देखा पर्न थालेका छन् । अतिवृष्टि, अनावृष्टि आदिको कारणले गर्दा ठाउँठाउँमा खडेरीको समस्या पनि देखा पर्न थालेको छ । लामो समयसम्म पानी परेन भने बालीनाली तथा जीवजनावरमा नकारात्मक असर पर्न गई भोकमरी तथा महामारीको समस्या देखा पर्न सक्छ ।

### ३.२.११ वन्यजन्तुको आक्रमण

माडसेबुङ गाउँपालिकाको धेरै स्थानमा जंगल रहेको र उक्त जंगलमा विभिन्न किसिमका जंगली जनावरहरू रहेका छन् । जंगलमा मानवीय गतिविधि तथा जनावरलाई खाना पानीको अभावको कारणले गर्दा कहिलेकाहीँ जनावरले स्थानीय मान्छेहरू लााई आक्रमण गरी घाईते बनाउने र कहिलेकाहीँ मृत्युसमेत हुने गरेको छ । जंगली जनावरको आक्रमणबाट बच्नको लागि जंगल नजिकको ईलाकामा बस्ने मानिसहरू विशेष सजग हुनु पर्दछ र गाउँपालिकाले पनि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

गाउँपालिकामा विशेग गरी बाँदर र अन्य केही जंगली जनावरको आतङ्क रहेको पाईन्छ । बाँदरले बालीनालीमा ठुलो क्षति पुऱ्याउने गरेको हुनाले गाउँपालिकाले यसको समाधानका लागि उपयुक्त रणनीति अवलम्वन गर्नु पर्नेछ ।

## ३.३ गाउँपालिकाका विभिन्न वडाहरूमा विगतमा देखिएका विपदका घटना तथा विपद् व्यवस्थापनका लागि चालिएका कदमहरू

- गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन भएको तर वडास्तरीय विपद् व्यवस्थापन समिति पनि गठन भइ नसकेको ।
- नेपाल रेडक्रस सोसाइटी देउमाई उपशाखाले वडा नं. १ मा, नेपाल रेडक्रस सोसाइटी आदिपुर उपशाखाले वडा नं. ३ मा विपद् सम्बन्धी केही जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै तथ्याङ्क सङ्कलन गर्ने, नेपाल प्रहरीसँग र वडा कार्यालयसँगको समन्वयमा राहत वितरणमा सहयोग पुऱ्याउने, शसस्त्र प्रहरीलाई उद्धारमा सहयोग गर्ने जस्ता कार्यहरूमा नेपाल सरकारको

सहयोगीको भूमिका निर्वाह गरेको भएता पनि गाउँपालिका स्तरीय उपशाखा स्थापना हुन नसकेको ।

- जलमापन केन्द्र कन्याम (तथा दमक बाट पनि), बाढी पूर्वानुमान शाखाबाट बाढीको पूर्व सूचना प्रदान गर्ने गरिएको छ । विपदको समयमा माथिबाट प्राप्त सूचना सम्प्रेषण गरी बस्तीहरूमा मोबाइल एस.एम.एस. तथा स्थानीय रेडियोहरु मार्फत सूचना प्रवाह गर्ने गरिएको ।
- गाउँपालिकामा ट्यूब, पाइप, डोरी, हेल्मेट, लाइफज्याकेट, फाएर एक्सटिनगुइसर, सावेलजस्ता केही आधरभूत उद्धार सामग्रीहरू रहेको छ ।
- गाउँपालिकामा विपद व्यवस्थापन कोष संचालन कार्यविधि तयार भई कार्यान्वयनमा रहेको

### ३.३.१ वडा नं. १

- देउमाई खोलाले गजुरमुखी धाम, आम्बोटे पुछार, फेवा दोभान किनारमा १०० औं विगा खेतीयोग्य जमिन कटान गरेको र केही घर समेत जोखिममा पारेको ।
- वि.स.२०६० तिर महामारीजन्य रगतमासीको झाडापखाला रोगले गाउँ नै प्रभावित पारेको । हाल विश्वव्यापी कोरोना महामारीले असर गरेको ।
- चट्यान बाट विगतमा पशुहरुको क्षति भएको

### ३.३.२ वडा नं. २

- समसाजुङ पहिरोले जोगीडाँडामा ७ घर विस्थापित गरेको र अन्य ५/६ घर हाल पनि जोखिममा रहेका, समसाजुङ, लुङ्गापिङमा पनि वस्ती जोखिममा रहेका
- बताहा पहिरोले विगतमा केही घर विस्थापित गरेको ।
- रत्न वस्ती नजिकको वि.स.२००५ देखिको पुरानो पहिरोले २० घर जति जोखिममा रहेको
- विगतमा विफर जस्ता महामारीले असर गरेको, हाल कोरोना महामारीले असर गरेको

### ३.३.३ वडा नं. ३

- चट्याङले गर्दा वडामा विगतमा मानवीय क्षति गरेको, पशु क्षति भएको । चट्याङले वडाको लामीडाँडा, लामीटार तथा चतुरे क्षेत्र बढी प्रभावित हुने गरेको ।
- भन्ज्याङ पहिरो, शेर्मा टोलमा विगतमा ३ घर विस्थापित भएका, तथा हाल पनि ३० घर जति जोखिममा रहेका
- शुभाचेङ वस्तीको पहिरोले केही घर विस्थापित भएको र हाल ८ घर जति जोखिममा रहेका
- केराबारी पहिरोले ६ घर जति जोखिममा रहेका ।
- रतुवा तथा मेवा खोलाले खेतीयोग्य जमिन कटान गरेको

### ३.३.४ वडा नं. ४

- अजिङगरे पहिरोले ३ घर विस्थापित भएका र हाल पनि आसपासका घर जोखिममा रहेका
- बनेली रमिते पहिरो र देउराली मुरली टोल पहिरोले घरहरु जोखिममा रहेका तथा जमिन कटान भई मासियर गएको
- रतुवा खोलाले चार पहिरे, गमरबासे, लाली चोक, गैरीगाउँ, सिङफेरे, भाद्रे आदि क्षेत्रमा खेतीयोग्य जमिन कटान गरेको तथा केही घर समेत जोखिममा रहेका ।
- सुदुवा, झिल्के, मुसे खोलाले खेतीयोग्य जमिन कटान गरेको ।
- आगलागीबाट वाषिक १/२ घरमा क्षति हुने गरेको ।

### ३.३.५ वडा नं. ५

- सेतीखरे पाटाको पहिरोले लारुम्वा, बेलबोटे, चुनिया, गुरुआश्रम क्षेत्रका १००औ घर अप्रत्यक्ष जोखिममा रहेका तथा धेरै विगा खेतीयोग्य जमिन मासियर गएको ।
- दमक-रवि-राँके सडक विस्तार गर्दाको पहिरोले तेङ्गोबुङ, सेसेला, सेनेला, सिसेनी पाटा, भञ्ज्याङ आदि टोलका सयौं घर जोखिममा परेका ।
- मेवाखोलाले मेवावेशी क्षेत्रमा हजार रोपनी भन्दा बढी खेतीयोग्य जमिन कटान गरेको
- हावाहुरीले वार्षिक १/२ छाना उडाउने गरेको ।

### ३.३.६ वडा नं. ६

- हिउँदको समयमा वार्षिक रुपमा केही घरमा आगलागी हुने गरेको ।
- हिउँदको समयमा वार्षिक रुपमा वनमा डढेलो लाग्ने गरेको
- कुसुन्डे, बोहोरा गाउँ, अम्बके मावा टोलमा पहिरोको जोखिम रहेको

## ३.४ बाढी तथा पहिरो प्रभावित वस्तीहरूको विवरण

गाउँपालिका क्षेत्रमा बाढी तथा पहिरोका मुख्य जोखिम क्षेत्रहरू तथा त्यसबाट हुन सक्ने सम्भावित सँरचनागत जोखिमको अवस्था तलको तालिकामा दिइएको छ ।

**तालिका नं. १७:** बाढी प्रभावित वस्तीहरूको विवरण

| वडा नं. | प्रभाव पार्ने नदी खेला | मुख्य प्रभावित क्षेत्र/वस्ती | प्रभावित घरधुरी संख्या | अन्य संरचना जोखिम |
|---|---|---|---|---|
| १ | देउमाई खोला | देउमाइ दोभान झोलुङ्गे पुल नजिक | १/२ | खेती योग्य जमिन कटान |
| | | देउमाई दोभान बाट मुनी तिर | | खेती योग्य जमिन कटान |
| | | आम्बोटे पुछार | | खेती योग्य जमिन कटान |
| | | | | गजुरमुखी धामको खेलमैदान कटान |
| १ | फेवा खोला | खोलाको पुछार गजुरमुखी नजिकको वस्ती | | खेतीयोग्य जमिन |
| २ | देउमाई खोला | | २/३ | खेतीयोग्य जमिन कटान |
| २ | फेवा खोला | | | नम्वरी जग्गा कटान |
| ३ | मेवा खोला | फुलुङ्गी | | जमिन कटान, मन्दिर क्षेत्र कटान |
| ३ | रतुवा खोला | रतुवा ठुलो वेसी | ५/६ | खेतीयोग्य जमिन कटान |
| | | कोप्चे, चिन्डे, रतुवावेशी | | खेतीयोग्य जमिन कटान |
| | | भर्ती दोभान (तनामे) | | खेतीयोग्य जमिन कटान |
| | | बाघमारा | | खेतीयोग्य जमिन कटान |
| ३ | नागदह ठाडे खोल्सा | नागदह | | खेतीयोग्य जमिन क्षति |

| वडा नं. | प्रभाव पार्ने नदी खेला | मूख्य प्रभावित क्षेत्र/वस्ती | प्रभावित घरधुरी संख्या | अन्य संरचना जोखिम |
|---|---|---|---|---|
| ३ | घर्ती खोल्सी कटान | घर्ती टोल | | जमिन कटान |
| ३ | फेदी खोल्सी कटान | फेदी | | खेतीयोग्य जमिन कटान |
| ३ | गरुवा खोल्सी कटान | गरुवा | | खेतीयोग्य जमिन कटान |
| ३ | विजुवा खोल्सी | चिन्डे | | खेतीयोग्य जमिन कटान |
| ४ | रतुवा खोला | चार पहिरे, गमरबासे, लाली चोक, गैरीगाउँ, सिङफेरे, भाद्रे | ५/७ | वस्ती जोखिम, जग्गा कटान |
| ४ | सुदुवा खोला | बडहेर सिमलेटार, मुसे, तीन दोभान | ५/६ | वस्ती जोखिम, जग्गा कटान |
| ४ | झिल्के खोला | | | एकता वस्ती ग्राउन्ड कटान, खेतीयोग्य जमिन |
| ४ | मुसे खोला | | | खेतीयोग्य जमिन कटान |
| ४ | रोड पहिरो,भुक्षय | अजिङगरे, भाद्रे, सिमलेटार, चारपहिरे | १०० | वस्ती जोखिम, जग्गा कटान |
| ५ | मेवावेशी खोला कटान क्षेत्र | | | १००० रोपनी जति जग्गा |
| ५ | मटिट्याङ खोला कटान | | | खेतीयोग्य जमिन कटान |
| ५ | मझुवा खोला कटान | | | खेतीयोग्य जमिन कटान |
| ५ | रोडको भलले बारी कटान | विभिन्न ठाँउमा | | खेतीयोग्य जमिन कटान |
| ६ | बाढी तथा कटानको समस्या नगन्य रहेको | | | |

**तालिका नं. १८:** पहिरो प्रभावित वस्तीहरूको विवरण

| वडा नं. | पहिरोको नाम वा रहेको स्थान | मुख्य प्रभावित वस्ती/क्षेत्र | प्रभावित घरधुरी संख्या | अन्य संरचना जोखिम |
|---|---|---|---|---|
| १ | आरुबोटे (सदाम खोप) पहिरो | आरुबोटे (साविक वडा-६) | | खेतीयोग्य जमिन पुरिएको, जमिन भासिएको |
| १ | राई गाउँ पहिरो | राई गाउँ (साविक वडा-९) | | खेतीयोग्य जमिन पुरिएको |
| १ | रत्नदेवी स्कुलको मुनि | रत्नदेवी स्कुल ( साविक वडा-३) | | रोडको माटोले जमिन पुरिएको |
| १ | तोभाङ गाउँ पुछार | | | जमिन भासिएको |
| २ | पचासे पहिरो (पुरानो पहिरो) | रत्न वस्ती | ७/८ | थप सम्भावित १५ घर |
| | समसाजुङ पहिरो | जोगीडाँडा | ५ | ७ घर विस्थापित खेतीयोग्य जमिन कटान |
| | | लुङगापिङ | ९/१० | खेतीयोग्य जमिन कटान |
| | | समसाजुङ | १० | खेतीयोग्य जमिन कटान |
| २ | बताहा पहिरो (पुरानो पहिरो) | मुडुला गाउँ | | घर विस्थापित भएको खेतीयोग्य जमिन कटान |
| २ | रोडको माटोले पुरिएको, भूक्षय | काभ्राबोटे | २ | |
| | | सातविसे | ४ | |
| | | अमले वस्ती | | खेतीयोग्य जमिन |
| २ | डाँडागाउँ पहिरो | डाँडागाउँ वस्ती | | खेतीयोग्य जमिन कटान |
| ३ | भन्ज्याङ पहिरो | शेर्मा टोल | ३०/३५ | ३ घर विस्थापित खेतीयोग्य जमिन मासिएको |
| ३ | केराबारी पहिरो (खोंगी खोला) | सुनुवार गाउँ | ६ | |
| ३ | केरावारी पहिरो | याक्खा टोल | | १ घर विस्थापित |
| ३ | शुभाचेङ वस्ती | | ८ | पहिले गाउँ नै विस्थापित |
| ३ | रोडले ल्याएको पहिरो, भूक्षय | लामीटार | ४ | |
| ३ | मुक्तिडाँडा छेउको पहिरो | मुक्तिडाँडा | | वस्ती/जमिन क्षति |
| ४ | देउराली पहिरो | मुरली टोल | ३/४ | ५ घर अप्रत्यक्ष, जमिन कटान |
| ४ | बनेली र रमिते पहिरो | बनेली र रमिते | १० | खतीयोग्य जमिन कटान |
| ४ | अजिङगरे पहिरो | अजिङगरे | | ३ घर विस्थापित, छेउछाउ घर जोखिम |
| ४ | सिङफेरे पहिरो | सिङफेरे | २/३ | १ घर विस्थापित |
| ४ | भाद्रे टोल | भाद्रे | ४/५ | जमिन भासिएको/भूक्षय |
| ४ | चार पहिरे टोल | चार पहिरे | ४ | |
| ४ | सिमलटार कोलेनि पहिरो | सिमलटार | ४ | |
| ४ | झिल्के पहिरो | | १ | २ घरमा क्षति |

| वडा नं. | पहिरोको नाम वा रहेको स्थान | मुख्य प्रभावित वस्ती/क्षेत्र | प्रभावित घरधुरी संख्या | अन्य संरचना जोखिम |
|---|---|---|---|---|
| ५ | सेतीखरे पाटाको पहिरो | लारुम्बा | ५०/६० | |
| | | बेलबोटे | २०/२५ | |
| | | चुनिया | २० | |
| | | गुरु आश्रम क्षेत्र | | सँरचना क्षति हुन सक्ने |
| ५ | रिखुवा पहिरो | गंगटे गाउँ | ४/५ | गुरु आश्रम क्षेत्रको संरचना क्षति हुन सक्ने |
| ५ | मटिट्याङ शिर चुरे पहिरो | लासेबुङ मुनि, नामतोकला | १५/२० | |
| ५ | रोड पहिरो, भुक्षय | तेङ्गोबुङ, सेसेला, सेनेला, सिसेनी पाटा | १५० | किराँत मन्दिरलाई असर गर्न सक्ने |
| ५ | भन्ज्याङ पहिरो | भन्ज्याङ | २७ | रोड निर्माणले थपिएको |
| ५ | सरस्वती मा.वि. माथिको पहिरो | स्कुन नजिकका घर | ३/४ | स्कुल प्रभावित |
| ५ | मिक्तोप्ला टर्निङ | मिक्तोप्ला | ५० | रोड निर्माणले थपिएको |
| ६ | कुसुण्डे पहिरो | कुसुण्डे | ३/४ | जमिन कटान, अमले नजिक रोडको माटोले जमिन पुरिएको |
| ६ | बोहोरा गाउँ पहिरो | बोहोरा गाउँ | | खेतीयोग्य जमिन |
| ६ | मावा टोल पहिरो | अम्वके | | घर/जग्गा विस्थापित |

**तालिका नं. १९:** विभिन्न विपद् प्रभावित वस्तीहरूको विवरण

| वडा नं. | विपदको नाम | कैफियत/प्रभाव/जोखिम |
|---|---|---|
| १ | चट्याङ | पशुहरु मरेको |
| १ | हावाहुरी | छाना उडाउने समस्या |
| १ | वस्तीमा आगलागी | न्यून |
| १ | जङ्गलमा आगलागी | धेरै क्षेत्रमा लाग्छ |
| १ | असिना | बाली तथा फलफुलको फुल झारेको |
| १ | सर्पदंशा | न्यून |
| १ | सडक दुर्घटना | न्यून |
| १ | महामारी | रगतमासीको झाडापखालाले गाउँ प्रभावित (२०६०तिर) |
| २ | सडक दुर्घटना | न्यून |
| २ | आगलागी | हरेक वर्ष एक पटक जङ्गलमा आगलागी हुने गरेको |
| २ | वन्यजन्तु-मान्छे द्वन्द | बाँदरले बालीनालीका क्षति पुऱ्याइएको |
| २ | असीना | कहिलेकाँही |
| २ | हावाहुरी | कहिलेकाँही |
| २ | खडेरी | |
| २ | महामारी | कोरोना (धेरै पहिला विफर) |
| २ | सर्पदंशा | न्यून |
| २ | चट्यान | न्यून क्षति |
| ३ | हावाहुरी | वार्षिक २/४ वटा छाना उडाउजे |

| वडा नं. | विपदको नाम | कैफियत/प्रभाव/जोखिम |
|---|---|---|
| ३ | असीना | न्यून (बाली क्षति) |
| ३ | चट्यान | लामीडाँडा/लामीटार/चतुरे (मानविय क्षति भएको), पशु तथा संरचना क्षति गरेको |
| ३ | खडेरी/अतिवृष्टि | हुन्छ |
| ३ | सर्पदंशा | |
| ४ | वस्तीमा आगलागी | वार्षिक १/२ घरमा क्षति हुने |
| ४ | जंगलमा आगलागी | हरेक वर्ष |
| ४ | हावाहुरी | छानो उडाउने |
| ४ | असिना | बाली क्षति |
| ४ | चट्यान | |
| ४ | सर्पदंशा | जोखिम रहेको |
| ५ | वस्ती आगलागी | कहिलेकाँही |
| ५ | जङ्गलमा आगलागी | हरेक वर्ष |
| ५ | हावाहुरी | वार्षिक १/२ घरको छाना उडाउने |
| ५ | असीना | सामान्य क्षति हुने |
| ५ | चट्यान | सामान्य क्षति हुने |
| ५ | सर्पदशां | नगन्य |
| ५ | वन्यजन्तु द्वन्द | बाँदर |
| ५ | सडक दुर्घटना | न्यून |
| ६ | वस्तीमा आगलागी | वार्षिक २/३ घर आगलागी |
| ६ | जंगलमा आगलागी | हरेक वर्ष |
| ६ | चट्यान | मान्छेको क्षति छैन |
| ६ | हावाहुरी | कहिलेकाँही |
| ६ | महामारी रोग | |
| ६ | असीना | वार्षिक बाली क्षति |

## ३.५ जोखिम स्तरीकरण र विश्लेषण

गांउपालिका भित्र विगतमा भएका विपद् जन्य घटनाको दोहोरोपनाको (Frequency) आधारमा वस्तुगत अवस्था आंकलन गर्ने प्रयास भएता पनि विगतका विपद्सम्बन्धी तथ्याङ्कको पूर्ण उपलब्धताको अभावका कारणले वास्तविकता पत्ता लगाउन असहज हुने भएकाले उपलब्ध तथ्याङ्क तथा सरोकारवालाहरूको राय सुझावका आधारमा यस गाउँपालिका भित्र पर्न सक्ने विपद्हरू पहिचान गरी प्राथमिकीकरण गरिएको छ ।

**तालिका नं. २०:** विभिन्न वडामा विभिन्न विपदको प्रवृति

| क्र.सं. | विपद | वडा नं. | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ |
| १ | पहिरो | ४ | ६ | ७ | ८ | ९ | ३ |
| २ | बाढी/कटान | ५ | ३ | १० | १२ | ५ | ० |
| ३ | भूक्षय | ८ | ९ | ८ | ११ | १३ | ५ |
| ४ | बस्तीमा आगलागी | १ | २ | २ | ४ | ३ | ३ |

| क्र.सं. | विपद | वडा नं. | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ |
| ५ | जङ्गलमा आगलागी | १ | १ | १ | २ | २ | १ |
| ६ | शितलहर | १ | ० | ० | ३ | २ | ० |
| ७ | चट्याङ | २ | ३ | २ | २ | १ | २ |
| ८ | हुरी/बतास | ३ | २ | ३ | ३ | ४ | २ |
| ९ | खडेरी | १ | १ | १ | १ | १ | १ |
| १० | अतीवृष्टी | १ | १ | १ | २ | १ | २ |
| ११ | सर्पदंश | २ | २ | १ | ३ | २ | १ |
| १२ | जङ्गली जनावर आक्रमण/बाली विनाश | २ | ६ | ३ | ५ | २ | ३ |
| १३ | महामारी | १ | २ | १ | १ | २ | १ |
| १४ | सडक दुर्घटना | २ | ३ | ४ | ३ | ६ | ० |

## ३.६ प्रकोपहरू, कारण, प्रभाव तथा न्यूनीकरणका उपायहरू

तालिका नं. २१: प्रकोप विश्लेषण

| क्र.सं. | प्रकोप | कारण | कारक तत्व | प्रमुख प्रभाव | जोखिम न्यूनीकरणका उपायहरू |
|---|---|---|---|---|---|
| १ | पहिरो तथा भूक्षय | भिरालो भूधरातल अतिवृष्टि, वन विनाश, अव्यवस्थित सडक निर्माण | ▪ वनजंगल विनाश ।<br>▪ अव्यवस्थित भौतिक संरचना निर्माण जस्तै मुख्यतया सडक निर्माण ।<br>▪ अतिवृष्टी, अनावृष्टि ।<br>▪ चेतनाको अभाव ।<br>▪ सरकारी नितिनियमको पालना नहुनु वा फितलो हुनु । | ▪ मानवीय क्षति तथा चोटपटक लाग्ने ।<br>▪ धन सम्पत्तिको नोक्सान जस्तै घर गोठमा क्षति, पशुपंक्षीमा क्षति । उत्पादनशिल जमिनको विनास ।<br>▪ भौतिक संरचनाको तथा बस्ती विस्थापित ।<br>▪ पहिरो पश्चात् भोकमरी र महामारी तथा गरिबी बढ्नु ।<br>▪ मानसिक तनाव ।<br>▪ सामाजिक अपराध जस्तो चोरी डकैती बढ्नु । | ▪ पहिरो जाने सम्भावित क्षेत्रमा बस्ती नबसाल्ने ।<br>▪ वृक्षारोपण गर्ने ।<br>▪ जथाभावी भौतिक संरचना निर्माण नगर्ने तथा त्यस्ता संरचना निर्माण गर्दा पहिरो तथा भुक्षयलाई रोक्न बायोइन्जिनियरिङ्ग जस्ता कृयाकलाप गर्ने ।<br>▪ सम्भावित क्षति लाई रोक्न आवश्यक अल्पीकरणका कृयाकलापहरु गर्ने ।<br>▪ चेतना बढाउने । |

| क्र.सं. | प्रकोप | कारण | कारक तत्व | प्रमुख प्रभाव | जोखिम न्यूनीकरणका उपायहरू |
|---|---|---|---|---|---|
| | | | | | ▪ सरकारी नीति नियमलाई<br>▪ कडाईका साथ कार्यान्वयन गर्ने । |
| २ | बाढी | अतिवृष्टि, वन विनाश, भूक्षय, अव्यवस्थित निर्माण | ▪ अव्यवस्थित बस्ती ।<br>▪ प्रभावकारी विपद् जोखिममा आधारित भूउपयोग योजनाको अभाव ।<br>▪ तटबन्धन नहुनु,<br>▪ जोखिम क्षेत्रमा बसोबास गर्नु । जनचेतनाको कमी ।<br>▪ असूरक्षित तथा अव्यवस्थित तरिकाले खोलानालाको तिरमा बसोबास तथा खेतीपाति गर्नाले ।<br>▪ भिरालो पानी कटान नभएको ठाउँमा बसोबास गर्नाले ।<br>▪ खोला छेउमा वृक्षारोपण तथा तटबन्धन नगर्नाले ।<br>▪ अव्यवस्थित सिचांई, नहर र बाधँ निमार्ण भएको कारणले ।<br>▪ खोलाको किनाराबाट उचित निकासको प्रवन्ध नभएको कारण अनियन्त्रित ढङ्गले ढुङ्गा, गिटी, बालुवा निकासी गर्नाले ।<br>▪ खोलाको छेउछाउमा बोट विरुवा फडानी गर्नाले । | ▪ मानिस, पशुपन्छीहरू घाइते वा मृत्यु हुने ।<br>▪ बालीनाली तथा भौतिक पूर्वाधारहरूमा क्षति हुने ।<br>▪ नदी कटान हुने । शुद्ध पानी तथा सरसफाइको अभावका कारण रोग फैलिने ।<br>▪ सामान्य वषार्तको समयमा समेत जनधनको ठुलो क्षति हुने ।<br>▪ खोला/नदी गहिरिँदै जानाले भौतिक सरंचना पुल, बाटो, कुलो आदि भत्किने ।<br>▪ प्राकृतिक विपत्तिको समयमा यथासक्य छिटो उद्धार तथा राहत वितरण गर्न समस्या हुन सक्ने ।<br>▪ खेतीयोग्य जमिन पुरिन गई उत्पादन घट्न सक्छ जसका कारण भोकमरी लाग्न सक्ने वा कृषि पेशा छोडी अन्य पेशा अँगाल्न बाध्य हुनुपर्ने । | ▪ खोलानाला, जलाशय तथा जलाधार क्षेत्रमा वृक्षारोपण गर्ने ।<br>▪ वनजंगलको संरक्षण तथा वृद्धि गर्ने ।<br>▪ बाढी तथा पहिरो जाने क्षेत्रमा जैविक इन्जिनियरिङ्ग प्रविधिको तटबन्धन गर्ने ।<br>▪ समुदाय, वडा, र पालिकास्तरीय बाढी न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने ।<br>▪ खोज र उद्धार तालिम कार्यक्रम तर्जुमा गर्ने । पूर्वसूचना प्रणालीको स्थापना गर्ने ।<br>▪ भिरालो जमिनमा बसोबास नगर्ने ।<br>▪ मानिसको, पशुपक्षिंको र कृषि बालीको बिमा गर्नका लागि उचित व्यवस्था मिलाउने । |

| क्र.सं. | प्रकोप | कारण | कारक तत्व | प्रमुख प्रभाव | जोखिम न्यूनीकरणका उपायहरू |
|---|---|---|---|---|---|
| | | | ▪ खोलाको किनारामा अनियन्त्रित रूपमा जमिन उत्खनन् गर्नु ।<br>▪ खोला नदीभन्दा भिरालो स्थानमा वस्ती हुनु ।<br>▪ बढी मात्रामा वर्षा हुनु, खोरिया फडानी बढी हुनु ।<br>▪ अव्यवस्थित नाली निर्माण गर्नु ।<br>▪ बाढीको पूर्व सूचनाको व्यवस्था नहुनु । | | |
| ३ | भूकम्प | तिब्बती र भारतीय उपमहादीप को भूखण्ड बिच भौगर्भिक टकराव | ▪ अव्यवस्थित सहरीकरण ।<br>▪ भूकम्प थेग्ने गरी नबनाईएका कमजोर आवासीय/सार्वजनिक भवनलगायतका भौतिक पूर्वाधारहरू ।<br>▪ प्रभावकारी विपद् जोखिममा आधारित भू-उपयोगको कमी ।<br>▪ भूकम्प प्रतिरोधी निर्माण प्रविधिसम्बन्धी जानकारीको कमी ।<br>▪ भूकम्प प्रतिरोधी भौतिक संरचना निर्माणमा ज्ञान नहुनु ।<br>▪ भवन निर्माण आचारसंहिताको | ▪ घर तथा भवनहरूमा क्षति हुनाले मानिस, पशुपन्छीहरू घाइते हुने ।<br>▪ जनसंख्याको ठूलो हिस्सा घरवारबिहिन हुने ।<br>▪ मानिसमा डर र त्रास हुनु ।<br>▪ जिविकोपार्जनमा समस्या (अस्थाइ शिविरमा बस्न पर्नु) ।<br>▪ विद्यालय, स्वास्थ्य चौकी, सामुदायिक भवन आदि भौतिक पूर्वाधारहरूको क्षति हुने ।<br>▪ पुल तथा सडकहरू क्षति हुने ।<br>▪ राष्ट्रको दिगो आर्थिक सामाजिक | ▪ भूकम्पीय जोखिम लेखाजोखा, जोखिम न्यूनीकरण तथा पूर्वतयारीको विषयमा जनचेतना अभियान सञ्चालन गर्ने ।<br>▪ विभिन्न स्तरमा भूकम्पीय जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य तालिम कार्यक्रम तर्जुमा गर्ने ।<br>▪ इन्जिनियर, आर्किटेक्ट तथा सब-इन्जिनियरहरूको लागि भूकम्प प्रतिरोधी भवन डिजाइन तथा निर्माण प्रविधि तालिम कार्यक्रम तर्जुमा गर्ने । |

| क्र.सं. | प्रकोप | कारण | कारक तत्व | प्रमुख प्रभाव | जोखिम न्यूनीकरणका उपायहरू |
|---|---|---|---|---|---|
| | | | पूर्ण रूपमा कार्यान्वयन नहुनु ।<br>▪ आर्थिक अभावका कारण भौतिक संरचना बनाउन नसक्नु ।<br>▪ भूमिको अभावका कारणले भौतिक संरचना उपयुक्त किसिमको बनाउन नसक्नु जस्तै ६ धुर जमिन भएका स्थानमा घरको झ्याल, ढोका राख्नका लागि खाली ठाउँ राख्न नसक्नु ।<br>▪ भौतिक संरचना निर्माण गर्दा मिश्रण प्रक्रिया उपयुक्त नहुनु । | विकासमा असर पार्ने ।<br>वातावरणीय प्रदुषण बढ्न गई मानव स्वास्थ्यमा प्रभाव पार्ने ।<br>▪ राष्ट्रका पुरातात्विक संरचनाको क्षति भई राष्ट्रको पहिचानमा नै असर पर्ने ।<br>▪ राष्ट्रमा अनिकाल तथा महामारी फैलने (जस्तो पहाडमा पहिरो गई उर्वर भूमि कटान हुँदा किसान अनिकालको चपेटामा पर्न सक्ने । | ▪ निर्माणकर्मीहरूको लागि भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>▪ भवन निर्माण संहिता र मापदण्ड लागू गर्ने जनचेतनाको वृद्धि गर्ने ।<br>▪ बनिसकेका संरचनाहरूको भूकम्पीय प्रवलीकरण गर्ने ।<br>▪ सम्पूर्ण गाउँपालिका क्षेत्रमा राष्ट्रिय भवन निर्माण संहिताको पूर्ण कार्यान्वयन गर्ने/गराउने । गैर-संरचनात्मक जोखिम लेखाजोखा तथा अल्पीकरण तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>▪ गैर-संरचनात्मक जोखिम अल्पीकरण अभियान सञ्चालन गर्ने ।<br>▪ समुदायस्तरीय प्राथमिक उपचार तथा खोज उद्धार तालिम प्रदान गर्ने ।<br>▪ गाउँपालिकाका प्रत्येक वडाहरूमा आवश्यक मात्रामा सरल खोज उद्धार उपकरणहरूको भण्डारण गर्ने । |

| क्र.सं. | प्रकोप | कारण | कारक तत्व | प्रमुख प्रभाव | जोखिम न्यूनीकरणका उपायहरू |
|---|---|---|---|---|---|
| | | | | | ▪ समुदाय, शिक्षण संस्था तथा अस्पतालहरूमा भूकम्पीय पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने ।<br>▪ समुदाय, शिक्षण संस्था तथा अस्पतालहरूमा आवधिक भूकम्पीय प्रतिकार्य अभ्यास गर्ने/गराउने । वडा/गाउँपालिका स्तरीय सामाजिक, भौतिक, धार्मिक, प्राकृतिक आदि सबै सम्पदाहरूको सूची/ अभिलेख तयार गर्ने ।<br>▪ गाउँपालिका भित्र रहेका सार्वजनिक खुल्ला जमिन तथा भवन परिसरहरूको अभिलेख तयार गरी सङ्कटासन्न टोल समुदायमा भएका सार्वजनिक खुल्ला जमिन तथा भवन परिसरहरूमा समुदायमा आधारित आपत्कालीन अस्थायी बसोबास योजना निर्माण गरी जानकारी गराउने । निकासी योजना (Evacuation plan) तयार गर्ने ।<br>▪ मानिस, पशुपन्छी र कृषिबालीको बिमा |

| क्र.सं. | प्रकोप | कारण | कारक तत्व | प्रमुख प्रभाव | जोखिम न्यूनीकरणका उपायहरू |
|---|---|---|---|---|---|
| | | | | | गर्नका लागि उचित व्यवस्था मिलाउने । |
| ४ | हावाहुरी | मौसमी प्रक्रिया | ▪ भवनमा कमजोर छाना हुनु ।<br>▪ कच्ची आवास हुनु | ▪ भवनहरूको क्षति (छाना उडाउने) ।<br>▪ खेती बाली तथा फलफूल नष्ट हुने । मानिसहरू घाइते तथा मृत्यूको जोखिम हुन सक्ने । | ▪ भवनका कमजोर भागहरू बलियो बनाउने, छाना बलियोसँग राख्ने ।<br>▪ खेती/बालीलाई हावाहुरीबाट जोगाउने प्रविधिको प्रयोग गर्ने, बेमौसमी खेती प्रणाली लागू गर्ने, जनचेतनाको वृद्धि गर्ने ।<br>▪ समुदाय, वडा, पालिकास्तरीय हावाहुरी जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने । |
| ५ | चट्याङ्ग | मौसमी प्रक्रिया | ▪ भवनहरूमा अर्थिङ्गको प्रयोग नहुनु ।<br>▪ विद्युतीय सामानको प्रयोग बढ्नु ।<br>▪ घर कमजोर हुनु । | ▪ विद्युतीय सामानको क्षति हुने ।<br>▪ मानिसहरू घाइते हुने । | ▪ अर्थिङ्गको प्रयोगबारे जनचेतनाको वृद्धि गर्ने ।<br>▪ समुदाय, वडा, पालिकास्तरीय चट्याङ्ग जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने ।<br>▪ विभिन्न स्तरमा चट्याङ्गबाट सुरक्षित रहने योजना तर्जुमा गर्ने ।<br>▪ सामुदायिक रूपमा चट्याङ्ग |

| क्र.सं. | प्रकोप | कारण | कारक तत्व | प्रमुख प्रभाव | जोखिम न्यूनीकरणका उपायहरू |
|---|---|---|---|---|---|
| | | | | | अवरोधकहरूको निर्माण गर्ने । |
| ६ | आगलागी | प्राकृतिक (हुरी), विद्युत सर्ट सर्किट, मानवीय लापरवाही | ▪ अस्थायी प्रकृतिका खर, जस्तापाता तथा टायलको छाना तथा अत्याधिक काठ प्रयोग भएका घर बस्ती हुनाले ।<br>▪ जथाभावी विद्युत लाइन निर्माण ।<br>▪ जनचेतनाको कमी ।<br>▪ आगोको दुरूपयोग ।<br>▪ बालबालिकाले भेट्ने ठाउँमा आगलागीजन्य वस्तु जस्तै सलाई, लाईटर, ग्याँसचुलो, मट्टितेल आदि राख्नु ।<br>▪ घाँस, दाउरा गर्न जाने व्यक्तिहरूले चुरोट, बिँडीका ठुटा ननिभाईकन जथाभावी फाल्नाले ।<br>▪ डढेलो लगाउँदा राम्रो घाँस उत्पादन (पलाउने) भन्ने सोचाईले ।<br>▪ नजिकमा पानीका स्रोत तथा दमकलको व्यवस्था नहुनु ।<br>▪ डढेलो लाग्दा वरिपरिको तापक्रम बढी हुने हुँदा छिटो नियन्त्रणमा लिन नसक्नु । | ▪ मानिसहरू गम्भीर रूपमा पोलिने ।<br>▪ लामो समयसम्म बिरामी पर्ने तथा मृत्यु हुने ।<br>▪ उचित उपचार पाउन कठिन पर्ने ।<br>▪ विद्युतीय सामानको क्षति हुने ।<br>▪ घर वस्ती, कल कारखाना, वन जंगल विनाश हुने ।<br>▪ घरगोठ जल्न सक्ने, जनधनको क्षति हुने ।<br>▪ बालबालिका तथा अशक्त व्यक्तिलाई प्रत्यक्ष प्रभाव पर्न सक्छ ।<br>▪ बोटविरुवा तथा वन्यजन्तु डढेर नष्ट हुने ।<br>▪ भू-क्षयको जोखिम वढ्न सक्ने डढेलो फैलन सक्ने ।<br>▪ जैविक विविधताको ह्रास, वन्यजन्तु लोप हुने, मिचाहा प्रजातिका वनस्पति छिटो फैलावट हुने<br>▪ आगलागी मार्फत क्षति पश्चात् विपद् व्यवस्थापन आश्रय स्थलको उचित व्यवस्था नहुँदा रोगहरूको प्रकोप बढ्न सक्ने । | ▪ आगलागी नियन्त्रणका लागि इनार, पोखरीजस्ता जलस्रोतहरूको पहिचान गरी संरक्षण गर्ने ।<br>▪ अग्नि नियन्त्रणका लागि उपयोगी परम्परागत/आधुनिक उपायहरूको व्यापक प्रचार प्रसार गर्ने ।<br>▪ दमकलको व्यवस्था गर्ने ।<br>▪ विभिन्न स्तरमा अग्नि नियन्त्रण तथा प्रतिकार्य तालिम कार्यक्रम तर्जुमा गर्ने ।<br>▪ आगलागी नियन्त्रण तथा प्रतिकार्य योजना तर्जुमा गर्ने ।<br>▪ गाउँपालिका भित्र तथा आसपासका अस्पतालहरूमा विभिन्न स्तरका पोलिएका बिरामीहरूको लागि विशेष उपचार कक्षहरूको स्थापना गर्ने ।<br>▪ स्थानीय निकायले जथाभावी बनाएको, विद्युत लाइन व्यवस्थित गर्न स्थानीय |

| क्र.सं. | प्रकोप | कारण | कारक तत्व | प्रमुख प्रभाव | जोखिम न्यूनीकरणका उपायहरू |
|---|---|---|---|---|---|
| | | | ▪ साँघुरो बाटोको कारण दमकल पुऱ्याउन नसक्दा क्षति हुने । | | बासिन्दालाई सीप प्रदान गर्ने । आगोको प्रयोग गर्दा सचेत रहने जनचेतनाको वृद्धि गर्ने । |
| ७ | महामारी | प्रदुषित हावापानी, सरसफाइमा कमी । | ▪ जनचेतनाको कमी ।<br>▪ उपचार गर्न नसक्नु ।<br>▪ कमजोर प्रकोप व्यवस्थापनका कारण संक्रमण बढ्नाले<br>▪ प्रदुषित पानी तथा खाद्यान्नका कारण | ▪ मानिसहरू तथा पशु पक्षिंहरू बिरामी पर्ने तथा मृत्यु हुने । | ▪ औषधी व्यवस्थापन गर्ने ।<br>▪ सरसफाइमा ध्यान दिनेबारे जनचेतना वृद्धि गर्ने । वातावरण स्वच्छ राख्ने ।<br>▪ स्वास्थ्य शिविर खोलेर, बिरामी छुट्याएर उपचार गर्ने ।<br>▪ सरुवा रोग नियन्त्रण गर्ने । |
| ८ | खडेरी | मौसमी प्रक्रिया | ▪ जलवायु परिवर्तन, प्रदुषण, पर्यावरणीय असन्तुलन, भूमण्डलीय तापक्रम वृद्धि, वनजंगल विनाश<br>▪ पानीको मुहान सुक्नु ।<br>▪ अनावृष्टी तथा अल्पवृष्टी, वर्षातको कमी । तापक्रम वृद्धि हुनु ।<br>▪ सिँचाइको व्यवस्था नहुनु । खडेरीमा पनि उत्पादन हुने विउविजन नहुनु लामखुट्टेको वृद्धि हुनु । | ▪ खेतीपाती तथा बाली नाली उत्पादन घट्ने ।<br>▪ रोगव्याध फैलने, जीवन कष्टकर हुने ।<br>▪ कृषि उत्पादनमा कमि आउने ।<br>▪ मूल्य वृद्धि (विशेष गरी खाद्यान्नमा) भोकमरी तथा कुपोषण हुन सक्ने ।<br>▪ रोगको संक्रमण हुने (झाडा, वान्ता, पखाला)<br>▪ आगलागीको जोखिम हुने ।<br>▪ पशुपन्छी र वन्यजन्तुको | ▪ वन जंगल तथा हरित क्षेत्रको सरक्षण गर्ने ।<br>▪ जलाधार क्षेत्रको संरक्षण गर्ने ।<br>▪ दिगो विकासको अवधारणा अवलम्बन गर्ने ।<br>▪ पर्यावरणीय प्रणालीको संरक्षण गर्ने । |

| क्र.सं. | प्रकोप | कारण | कारक तत्व | प्रमुख प्रभाव | जोखिम न्यूनीकरणका उपायहरू |
|---|---|---|---|---|---|
| | | | | वासस्थानमा प्रभाव आदि । | |
| ९ | वन्यजन्तु आक्रमण | वासस्थानको विनाश | ▪ मानवीय वस्ती विस्तारले वासस्थानमा पर्न जाने असर<br>▪ वनजंगल विनाश | ▪ आक्रमण बाट मृत्यू हुन सक्ने ।<br>▪ अंगभंग हुन सक्ने ।<br>▪ बालीनाली नष्ट हुने ।<br>▪ त्रासदी फैलने, असुरक्षित महशुस | ▪ वनजंगलको संरक्षण गर्ने ।<br>▪ वासस्थान वरपर मानवीय गतिविधि कम गर्ने ।<br>▪ दिगो विकासको अवधारणा अवलम्बन गर्ने ।<br>▪ पर्यावरणीय प्रणालीको संरक्षण गर्ने । |
| १० | सर्पदंश | सरसफाईमा कमी तथा लापरबाही | ▪ घर वरिपरि फोहर तथा सर्पको बासस्थान रहनु<br>▪ कच्ची घर<br>▪ अध्यारोमा हिँडडुल गर्नु | ▪ अकालमा मृत्य हुन सक्ने । | ▪ सरसफाईमा ध्यान दिने ।<br>▪ घर वरिपरि दुलो तथा फोहर जम्मा हुन नदिने ।<br>▪ रातको समयमा बत्ती बालेर मात्र हिड्डुल गर्ने ।<br>▪ सर्प धपाउने प्राकतिक उपाय अवलम्बन गर्ने ।<br>▪ सर्पदंश उपचार केन्द्रको व्यवस्था गर्ने । |
| ११ | सडक दुर्घटना | असावधानी, कमजोर सडक सँरचना | ▪ सडक नियम पालना नहनु, | ▪ अकालमा मृत्य र अंगभंग हुन सक्ने | ▪ सडक नियम पालनामा कडाई गर्ने<br>▪ ट्राफिक प्रहरीको व्यवस्था गर्ने<br>▪ सडक समय समयमा मर्मत गर्ने |
| १२ | शितलहर | समथर क्षेत्रमा हिउँद याममा निरन्तर | ▪ जलवायु परिवर्तन, प्रदुषण, पर्यावरणीय असन्तुलन | ▪ कठ्याग्रीएर रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका बालबालिका, | ▪ आवासको उचित व्यवस्था हुनुपर्ने ।<br>▪ न्यानो कपडा, कम्बल तथा खाद्य |

| क्र.सं. | प्रकोप | कारण | कारक तत्व | प्रमुख प्रभाव | जोखिम न्यूनीकरणका उपायहरू |
|---|---|---|---|---|---|
| | | लाग्ने बाक्लो हुस्सु | | वृद्ध/वृद्धा तथा अशक्तहरूको मृत्यू<br>▪ श्वासप्रश्वाससम्बन्धी संक्रमण<br>▪ सूर्यको किरणको कमीका कारण कुपोषण | सामग्रीको व्यवस्था गर्ने ।<br>▪ शितलहर अगावै बन्दोवस्तीको पूर्व तयारी गर्ने ।<br>▪ स्वास्थ्य उपचार सेवालाई पूर्व तयारी अवस्थामा राख्ने । |

## ३.७ प्रकोप पात्रो

माङसेबुङ गाउँपालिकाबाट संकलन गरिएको सूचनाको आधारमा प्रकोपको मौसमी पात्रो तयार गरिएको छ । विभिन्न प्रकोपले कुन-कुनमहिनामा मानिसहरू बढी संकटासन्न हुन्छन् भन्ने तलको तालिकाबाट स्पष्ट हुन्छ । यस पात्रोको आधारमा कुन समयमा के कुरामा सावधानी अपनाउने कुन समयमा कुन प्रकोपबाट बच्नको लागि कोशिस वा पूर्व तयारी थाल्ने भन्नेबारेमा जानकारी प्राप्त गर्न सकिन्छ ।


**तालिका नं. २२:** प्रकोप पात्रो

| प्रकोप | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | | |
| शीतलहर | | | | | | | | | | | | |
| खडेरी | | | | | | | | | | | | |
| महामारी | | | | | | | | | | | | |
| हुरीबतास | | | | | | | | | | | | |
| चट्याङ | | | | | | | | | | | | |
| सर्पदंश | | | | | | | | | | | | |
| वन्यजन्तु आक्रमण | | | | | | | | | | | | |
| भूकम्प | | | | | | | | | | | | |

# खण्ड ४: विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुनःस्थापना योजना

## ४.१ विपद् व्यवस्थापन

कुनै पनि विपदका घटना हुन नदिने र भएमा त्यसबाट हुने क्षतिलाई न्यूनीकरण गर्नका लागि गरिने समग्र व्यवस्थापकीय कार्यलाई विपद् व्यवस्थापन भनिन्छ। विपद् व्यवस्थापनका लागि विपद् पूर्व, विपदको समयमा र विपद् पश्चात विभिन्न क्रियाकलापहरू सञ्चालन गर्नु पर्दछ। सामान्यतया विपद् व्यवस्थापन भन्नाले विपद् आईसकेपछि गरिने क्रियाकलाप भन्ने बुझिए पनि विपदबाट बच्नको लागि विपद् पश्चातका गतिविधि मात्र पर्याप्त हुदैनन् बरु विपद् आउनुभन्दा पहिला गरिने कार्य बढि प्रभावकारी एवं उपलब्धिमूलक हुन्छन्। तसर्थ विपद् जोखिम न्यूनीकरणका लागि गरिने कार्यहरू पनि यसमा समेटनु पर्दछ। विपदका घटनाबाट बच्नको लागि विपद् व्यवस्थापनका चक्रलाई बुझ्नु सान्दर्भिक हुन्छ। विपद् व्यवस्थापन चक्रमा रोकथाम तथा न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापना पर्दछन्। यो चक्रमा समावेश सबै तहलाई उत्तिकै महत्व दिएर कार्य गरेमा मात्र विपद् व्यवस्थापनको कार्य प्रभावकारी हुन सक्छ।




## ४.२ विपद् जोखिम रोकथाम तथा न्यूनीकरणका लागि सञ्चालन गर्नुपर्ने गतिविधि

जसरी रोग लागेपछि उपचार गर्नुभन्दा रोग नै लाग्न नदिनु सबैभन्दा बुद्धिमानी हुन्छ, त्यसरी नै विपद् आई सकेपछि प्रतिकार्य गर्ने भन्दा पनि विपद् आउन नै नदिने वा आएपनि कम क्षति गर्ने योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गरिनुपर्दछ। फरकफरक खालका विपद्का लागि फरक फरक खालका उपायहरू अपनाउनु पर्दछ तथापि केहि उपायहरू सबैखाले विपदका लागि सहयोगी सिद्ध हुन्छन्। माङसेबुङ गाउँपालिकामा आउन सक्ने मुख्य संभावित विपदहरूको रोकथाम र न्यूनीकरणका लागि निम्न उपायहरू अवलम्बन गर्नुपर्दछ।

- सबै प्रकारका विपदका बारेमा आमजनमानसमा सचेतना जगाउने ।
- सबै प्रकारका विपदबाट बच्नका लागि अपनाउनुपर्ने सावधानीका बारेमा नीति निर्माण गरी कार्यान्वयन गर्ने ।
- मानव स्वास्थ्य, आकस्मिक मृत्यु, दुर्घटना, घर, बाली, पशु तथा अन्य सम्पत्तिको बिमा गर्ने ।
- गरिबी निवारणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- रोजगारी अभिवृद्धि गर्ने ।
- विपद् जोखिम रोकथाम तथा न्यूनीकरण योजना बनाई कार्यान्वयन गर्ने ।
- विपद् जोखिम रोकथाम तथा न्यूनीकरणका लागि सबै सम्बद्ध निकायसँग समन्वय स्थापित गर्ने ।

**तालिका नं. २३:** विपद् जोखिम रोकथाम तथा न्यूनीकरणका उपाय

| क्र.नं. | विपद | गतिविधि |
|---|---|---|
| १ | बाढी | • बाढीले प्रभाव पार्न सक्ने सम्भावित स्थानमा बसोवास नगर्ने ।<br>• जोखिमयूक्त बस्तीहरूलाई समयमै स्थानान्तरण गरी सूरक्षित गर्ने ।<br>• बाढीले असर पुऱ्याउन सक्ने स्थानमा बसोबास गरेका व्यक्तिहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने ।<br>• बाढीबाट प्रभावित हुन सक्ने स्थानमा आवश्यकताअनुसार तारजाली तथा तटबन्धको व्यवस्था गर्ने ।<br>• खाली ठाउँ तथा खोला नदी किनारमा वृक्षारोपण गर्ने ।<br>• ढल तथा नालाको व्यवस्था मिलाउने ।<br>• बाँध बनाउँदा उपयुक्त स्थान तथा उचाई आदिलाई ख्याल गर्ने ।<br>• खेलाबाट जथाभावीरूपमा बालुवा तथा ढुङ्गा उत्खनन् नगर्ने ।<br>• खोला तथा नदीको प्राकृतिक बहावलाई प्रभावित नगर्ने ।<br>• भू-उपयोग प्रयोगसम्बन्धी नीति बनाई कार्यान्वयन गर्ने ।<br>• भवन निर्माणसम्बन्धी आचारसंहिता बनाई कार्यान्वयन गर्ने ।<br>• आवश्यकताअनुसार क्रेन, एक्जाभेटरजस्ता हेभी ईक्युपमेन्टको व्यवस्था गर्ने ।<br>• बाढीको जोखिम सम्बन्धमा जनचेतना फैलाउने<br>• विद्यालय स्तरबाटै पौडी खेल्ने तालिम प्रभावित क्षेत्रका बालबालिकालाई प्रदान गर्ने<br>• व्यापक रुमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने |
| २ | आगलागी | • घर निर्माण गर्दा सजिलै आगलागी हुने सामग्रीको प्रयोगलाई निरुत्साहित गर्ने ।<br>• सुरक्षित तरिकाले विद्युतको वाईरिङ गर्ने ।<br>• आगोका स्रोत तथा आगलागी जन्य वस्तुलाई सुरक्षित स्थानमा बालबालिकाको पहुँचभन्दा टाढा राख्ने ।<br>• चुरोटको ठुटा जथाभावी नफाल्ने ।<br>• काम सकेपछि आगो निभाउने ।<br>• काम नभएको वेला विद्युतीय उपकरणहरू बन्द गर्ने ।<br>• प्रज्वलनशील पदार्थहरूलाई आगोको नजिक नराख्ने ।<br>• आगोसँग खेलवाड नगर्ने र सुरक्षित तरिकाले प्रयोग गर्ने ।<br>• भवन संहिताको पालना गरी घर निर्माण गर्ने र घरसम्म वारुणयन्त्र जानसक्ने सडक खुला राख्ने । |

| क.नं. | विपद | गतिविधि |
|---|---|---|
| | | • हरेक घरसम्म वारुणयन्त्र जानसक्ने गरी सडक निर्माण गर्ने । |
| ३ | भूकम्प | • भिरालो तथा कमजोर माटो भएको स्थानमा घर नबनाउने ।<br>• खोला छेउमा माटो पुरेर बनाएको जमिनमा घर निर्माण नगर्ने ।<br>• भवन आचारसंहिताको पालना गरी भूकम्प प्रतिरोधी घर बनाउने ।<br>• कमजोर घरहरूको पहिचान गरी Retrofiting गर्न लगाउने ।<br>• भूकम्प प्रतिरोधी घर बनाउने तरिकाको बारेमा तालिम प्रदान गर्नुका साथै प्रचार प्रसार गर्ने ।<br>• भूकम्प जाँदा खसेर चोटपटक लाग्न सक्ने गह्रौ वस्तुलाई त्यहाँबाट हटाउने वा नखस्ने गरी राख्ने ।<br>• भूकम्प प्रतिरोधी घर बनाउने घरधुरीलाई करमा सहुलियत वा पुरस्कारको व्यवस्था मिलाउने ।<br>• भूकम्प पश्चात प्रयोग हुने आवश्यक सामग्री जस्तै : रेडियो, मोबाइल, टर्च, खानेकुरा, औषधीलगायत सामग्री भएको झोला तयार गर्ने । |
| ४ | शीतलहर | • फुसको घरलाई विस्थापित गरी पक्की घर निर्माण गर्न प्रोत्साहित गर्ने ।<br>• शीतलहरका बारेमा आमजनमानसमा सचेतना जगाउने ।<br>• न्यानो कपडा तथा दाउरा आदिको व्यवस्था गर्ने ।<br>• बालबालिका, सुत्केरी तथा वृद्धवृद्धाको विशेष हेरचाह गर्न हेरचाह केन्द्रको स्थापना गर्ने ।<br>• राति, बिहान र बेलुका जाडोबाट बच्न विशेष सावधानी अपनाउने ।<br>• शीतलहरको जोखिम तथा त्यसबाट उत्पन्न हुने समस्या र सावधानी तथा समाधानका उपाय सहितको लागि सार्वजनिक सूचना प्रवाह गर्ने ।<br>• गाउँपालिकामा शीतलहरको समयमा राहत दिने संयन्त्रको निर्माण गर्ने । |
| ५ | खडेरी | • खाली ठाउँमा वृक्षारोपण गर्ने ।<br>• पानीका स्रोतहरूको अत्यधिक दोहन नगर्ने ।<br>• भू-उपयोगसम्बन्धी नीति बनाई कार्यान्वयन गर्ने ।<br>• सिमसार, पोखरी, मुहान आदिको संरक्षण गर्ने ।<br>• जलवायु परिवर्तन हुन नदिन प्रयत्नशील रहने ।<br>• खाद्य सुरक्षामा ध्यान दिने ।<br>• वैकल्पिक बानीनालीको विकास एवं खेतीपातीमा जोड दिने ।<br>• पानी व्यवस्थापनसम्बन्धी सचेतीकरण कार्यक्रम सञ्चालन गर्ने ।<br>• पानी मुहान संरक्षणका कार्यक्रमहरू सघनरूपमा सञ्चालन गर्ने ।<br>• पोखरी निमार्ण, आकाशे पानी संकलन र पानीको धारा निर्माण गर्ने । |
| ६ | महामारी | • खाना खानु अघि र खाईसकेपछि तथा दिसापिसाब गरिसकेपछि अनिवार्य साबुन पानीले हात धुनेबारे जनचेतना फैलाउने ।<br>• सरसफाईमा विशेष ध्यान दिने ।<br>• बिरामीका सामग्रीहरू अरुले प्रयोग नगर्ने ।<br>• शुद्ध खानेपानीको व्यवस्था मिलाउने ।<br>• खुला स्थानमा दिशा पिसाब नगर्ने । हरेक घरमा चर्पीको व्यवस्था गर्ने ।<br>• सरसफाईमा विशेष ध्यान दिने ।<br>• उपलब्ध सम्पूर्ण खोपहरू अनिवार्यरूपमा लगाउने ।<br>• रोग देखिएमा समयमा नै उपचार गर्ने । |

| क्र.नं. | विपद | गतिविधि |
|---|---|---|
| | | • बाढी तथा भूकम्प पश्चात महामारी फैलन सक्ने भएकोले त्यस्तो अवस्थामा विषेश सावधानी अपनाउने ।<br>• ढल निकास, फोहर व्यवस्थापन, मानव स्वास्थ्यसम्बन्धी सचेतना, झुल वितरण, फोहोर व्यवस्थापन, पोषणयुक्त खानासम्बन्धी तालिम, शिशु स्याहार कार्यक्रम, स्वास्थ्य शिविर सञ्चालन, स्वास्थ्य चौकीमा सुत्केरी व्यवस्था आदि गर्ने ।<br>• ढल निकास तथा फोहर व्यवस्थापन गर्ने ।<br>• सर्वसाधारणलाई झुल वितरण गर्ने ।<br>• बालक, वृद्ध तथा सुत्केरीलाई पोषणयुक्त खाना खुवाउने ।<br>• स्वास्थ्य शिविर सञ्चालन गर्ने । |
| ७ | हुरी बतास | • हुरीबतास चलेको बेला घरभित्र वा सुरक्षित स्थानमा बस्ने ।<br>• यस्तो समयमा चोटपटक लाग्न सक्ने तथा आगलागी हुन सक्ने भएकोले सावधानी अपनाउने ।<br>• हुरी बतास लागेको अवस्थामा आगो नबाल्ने ।<br>• घरको छानाहरू मजबुत बनाउने/आवासको उचित प्रवन्ध नभएकाहरूलाई एकीकृत आवासको प्रबन्ध गर्ने<br>• बुढा पुराना रुखलाई समयमा नै काट्ने ।<br>• ढल्न सक्ने पोल, उडाउन सक्ने टीनका पाता आदिलाई समयमा नै व्यवस्थापन गरी सूरक्षित गर्ने ।<br>• घरको छानोको मजबुतिमा ध्यान दिने । |
| ८ | चट्याङ | • घर तथा ठुला संरचना बनाउदा अनिवार्यरूपमा अर्थिङको व्यवस्था गर्ने ।<br>• बादल गर्जेको तथा पानी परेको वेला अनावश्यक रूपमा बाहिर नजाने ।<br>• चट्याङ परिरहेको समयमा विद्युतीय सामग्रीहरूको प्रयोग नगर्ने ।<br>• चट्याङ पर्नेबेला रुख तथा धेरै पानी जमेको स्थान वरिपरि नबस्ने ।<br>• पानी परिरहेको वेला खोलामा डुङ्गा चलाउने, माछा मार्ने, पौडी खेल्ने जस्ता कार्य नगर्ने ।<br>• बादल गर्जेको तथा चट्याङ परेको वेला मोबाईलमा कुराकानी नगर्ने ।<br>• चट्याङ पर्ने बेला रुख तथा धेरै पानी जमेको स्थान वरिपरि नबस्ने ।<br>• चट्याङ परेको वेला धारा नखोल्ने ।<br>• चट्याङ परेको वेला तार, छडजस्ता विद्युत प्रवाह हुने बस्तु नछुने । |
| ९ | सर्पदंश | • घर वरिपरि सफा सुग्घर राख्ने ।<br>• सर्प लुक्न सक्ने प्वाल बन्द गर्ने ।<br>• राती हिँडडुल गर्दा उज्यालोको व्यवस्था गर्ने ।<br>• सर्पदंश उपचार केन्द्रको प्रबन्ध गर्ने । |
| १० | वन्यजन्तु आक्रमण | • वन्यजन्तुले आक्रमण गर्न सक्ने सम्भावित स्थानमा सकेसम्म बसोवास नगर्ने र भएको भए सुरक्षित स्थानमा स्थानान्तरण गर्ने ।<br>• जंगली जनावर मानवबस्ती आउनबाट रोक्नको लागि तारवार, तोष आदिको व्यवस्था मिलाउने ।<br>• भू-उपयोगसम्बन्धी नीति बनाई कार्यान्वयन गर्ने ।<br>• जंगली जनावरको बासस्थान तथा चरण स्थानलाई नष्ट नगर्ने ।<br>• जंगलमा जाँदा सुरक्षा व्यवस्था मिलाई समूहमा मात्र जाने ।<br>• वन्यजन्तु रोकथामका लागि मेस जाली व्यवस्थापन गर्ने । |

## ४.३ विपद् पूर्व तयारीका लागि सञ्चालन गर्नुपर्ने गतिविधि

केही विपद्हरू हामीले जतिसुकै प्रयत्न गरेपनि आउँछन् । त्यस्ता विपद् लाई रोक्न सकिदैन र जोखिम न्यूनीकरणका उपायबाट मात्र पनि हामी सुरक्षित हुन सक्दैनौ । तसर्थ विपद्बाट हुने क्षतिलाई कम गर्नका लागि पूर्वतयारी गर्नुपर्दछ । त्यस्ता पूर्वतयारीबाट परेको बेलामा छिटो र प्रभावकारी ढंगबाट उद्धार कार्यमा खटिन र कमभन्दा कम मात्र क्षति हुने कुरालाई सुनिश्चित गर्न सकिन्छ । विभिन्न विपद्को पूर्वतयारी स्वरूप गर्नुपर्ने साझा गतिविधिहरू निम्नानुसार छन् ।

- विपद्सम्बन्धी सम्पूर्ण प्रकारका सूचना संकलन गर्ने र यसबारे समुदायलाई पूर्णरूपमा सचेत तुल्याउने ।
- जोखिम क्षेत्र तथा समुदाय पहिचान गरी विवरण संकलन गर्ने ।
- उद्धारको समयमा विपन्न, महिला, अपाङ्ग, अशक्त, वृद्ध तथा वालकलाई पहिलो प्राथमिकता दिने ।
- सम्भव भएसम्म पूर्व सूचना प्रणालीको विकास गर्ने ।
- निकायगत भूमिका तथा जिम्मेवारीहरूको निर्धारण गर्ने ।
- सम्भावित जोखिमयुक्त वडा तथा टोलसम्म पुग्ने सडक पहिचान गर्ने र ती सडकहरूलाई दुरुस्त राख्ने ।
- विपद् उद्धारका सामग्रीको भण्डारण गरी परेको बेलामा प्रभावकारी ढंगबाट प्रयोग गर्ने व्यवस्था मिलाउने ।
- विपद् उद्धारसम्बन्धी तालिम सञ्चालन गरी स्वयंसेवक तथा रेस्क्यु टिमको विकास गर्ने ।
- एम्बुलेन्स, डाक्टर तथा औषधीको भरपर्दो व्यवस्था मिलाउने ।
- औषधी तथा आपतकालीन खाद्यान्न र लुगाफाटा तथा बन्दोवस्तीका सामग्रीहरूको पूर्व तयारी तथा जोहो गर्ने । रक्त सञ्चार सेवा तथा आकस्मिक उपचारको प्रबन्ध गर्ने ।
- बढिभन्दा बढि व्यक्तिहरूलाई प्राथमिक उपचारसम्बन्धी तालिम प्रदान गर्ने ।
- विपद् प्रतिकार्यका लागि जनसहभागितालाई प्रोत्साहित गर्ने ।
- विपद् प्रतिकार्यका लागि गैरसरकारी संस्था तथा सुरक्षा निकायसँग सहकार्य गर्ने ।
- आकस्मिक कोषको व्यवस्था तथा प्रर्याप्तता सुनिश्चित गर्ने ।
- विपद्मा परी घाईते हुने व्यक्तिलाई उद्धार तथा उपचार गर्न सदैव तयारी अवस्थामा रहने ।
- सम्भावित सबै प्रकारका विपद् हुन सक्ने स्थान तथा समुदाय पहिचान गरी विवरण संकलन गर्ने र उद्धारको समयमा उनीहरूलाई प्राथमिकता दिने ।
- सबै प्रकारका विपद्को जोखिम तथा त्यसबाट उत्पन्न हुनसक्ने समस्या समाधानका लागि सार्वजनिक सूचना प्रवाह गर्ने ।
- सबै प्रकारका क्षतिहरूलाई सम्बोधन गर्ने बिमा योजना अनिवार्य लागू गर्ने र विपन्न समुदायलाई बिमा गर्ने प्रबन्ध गाउँपालिकाले गर्ने

**तालिका नं. २४:** विपद् पूर्वतयारीका उपाय

| सि.नं. | विपद् | गतिविधि |
|---|---|---|
| १ | बाढी | • बाढीको जोखिम तथा त्यसबाट उत्पन्न हुन सक्ने समस्या समाधानका लागि सार्वजनिक सूचना प्रवाह गर्ने ।<br>• सवारी साधन, गोदाम आदिको भरपर्दो व्यवस्था मिलाउने ।<br>• बाढीको समयमा वैकिल्पक संचार तथा विद्युत सुविधाको व्यवस्था गर्ने ।<br>• बाढीको समयमा बस्न मिल्ने सुरक्षित स्थानको पहिचान गर्ने ।<br>• बस्ती तथा खुलास्थानबाट अस्पतालसम्म जाने सडकहरूलाई समयमा नै मर्मत सम्भार गर्ने ।<br>• आश्रय स्थलका लागि विद्यालय, गा.पा. तथा वडा कार्यालय भवन, स्वास्थ्य चौकी, गोदाम, मन्दिर आदि पहिचान गर्ने ।<br>• बाढीमा परेकालाई उद्धार गर्नको लागि उद्धार सामग्री सहित खोज तथा उद्धार टोली तथा योजना तयारी गर्ने ।<br>• बाढी आउने सम्भावित समयमा सुरक्षा निकायहरूलाई तैनाथी अवस्थामा राख्न अनुरोध गर्ने ।<br>• खानेपानी व्यवस्था तथा ढल निकासको सरसफाई र मर्मत सम्भार गर्ने ।<br>• बाढीको समयमा शुद्ध पीउने पानीको व्यवस्था गर्ने ।<br>• बाढीबाट जोखिमपूर्ण वडा, टोल तथा समुदायको पहिचान गर्ने ।<br>• बाढी, पहिरो तथा डुवानको जोखिममा रहेका बस्तीहरूको पहिचान गरी उनीहरूको आपतकालीन सुरक्षा व्यवस्था मिलाउने ।<br>• मुख्य नदीहरूमा बाढीको बहाव मापन गरी पूर्व सूचनाको व्यवस्था मिलाउने ।<br>• बाढी निकासका उपायहरूको पहिचान गरी कार्यान्वयन गर्ने ।<br>• बाढी नियन्त्रका लागि आवस्यक पर्ने वोरा, तारजाली आदिको भण्डारण गर्ने । |
| २ | आगलागी | • आगलागी नियन्त्रणका लागि आवस्यक पर्ने सामग्रीको यथोचित व्यवस्था मिलाउने ।<br>• घरमा पानीको स्रोत व्यवस्थापन गर्ने ।<br>• वारुणयन्त्रको व्यवस्था गर्ने ।<br>• वारुणयन्त्र सञ्चालन कोषको व्यवस्था गर्ने ।<br>• सबै घरसम्म वारुणयन्त्र जानसक्ने सडकको निर्माण गर्ने ।<br>• ठुला संरचनाहरूमा Smoke detector तथा Fire alarm system जडान गर्ने ।<br>• हरेक घर, कार्यालय, संरचना तथा गाडीमा Fire Extinguiser राख्न प्रोत्साहित गर्ने ।<br>• आगलागीमा परेकालाई उद्धार गर्नको लागि उद्धार सामग्री सहित खोज तथा उद्धार टोली तथा योजना तयारी गर्ने ।<br>• गाउँपालिकाका लागि वारुणयन्त्र तथा आगलागी नियन्त्रकको व्यवस्था गर्ने । |
| ३ | भूकम्प | • वडास्तरमा खोज तथा उद्धारका लागि उद्धारटोली तथा स्वयंसेवी टोलीको विकास गर्ने ।<br>• खोज तथा उद्धारका लागि आवश्यक पर्ने सामग्रीको व्यवस्था गर्ने ।<br>• भुकम्प गएको वेला के गर्ने के नगर्ने सम्बन्धमा सर्वसाधारणलाई तालिम प्रदान गर्ने ।<br>• वत्ती, मेशीन आदि बन्द गर्न अभ्यस्त तुल्याउने । |

| सि.नं. | विपद् | गतिविधि |
| --- | --- | --- |
| | | • भूकम्प आएको अवस्थामा कहाँ भेला जम्मा हुने भन्ने कुरा पहिला नै निश्चित गर्ने ।<br>• Duck, Cover, Hold को अभ्यास गराउने ।<br>• झटपट झोलाको व्यवस्था गर्न प्रेरित गर्ने र विपन्न समुदायलाई अनुदान स्वरूप गाउँपालिकाले प्रबन्ध गर्ने ।<br>• जरुरी टेलिफोन नम्बरहरू सधै आफ्नो साथमा राख्ने ।<br>• विपद्को समयमा वैकल्पिक संचार तथा विद्युत सुविधाको व्यवस्था गर्ने ।<br>• भूकम्प पश्चात तत्काल जम्मा हुनका लागि खुला स्थानको पहिचान गरी सबैलाई सुसूचित गर्ने । |
| ४ | शीतलहर | • दाउरा, लुगा, कम्बल, औषधी आदि संकलन वा खरिद गरी भण्डारण गर्ने ।<br>• आवश्यकताअनुसार गरिव जनता लाई न्यानो लुगाफाटा वितरण गर्ने ।<br>• अत्यधिक चिसो समयमा विद्यालयहरू बन्द गर्ने ।<br>• आवश्यक स्थानहरूमा आगो ताप्ने व्यवस्था मिलाउने ।<br>• न्यानो कपडा तथा दाउरा आदिको व्यवस्था गर्ने ।<br>• बालबालिका तथा बुढाबुढीको विषेश हेरचाह गर्ने ।<br>• राती, बिहान र बेलुका जाडोबाट बच्न विषेश सावधानी अपनाउने । |
| ५ | खडेरी | • खडेरी सहन गर्न सक्ने जातको बालीनाली लगाउने ।<br>• वैकल्पिक बालीको विकास गरी खेतीपाती गर्ने ।<br>• वैकल्पिक रोजगारी तथा जिविकोपार्जनको व्यवस्था मिलाउने ।<br>• आपतकालीन प्रयोगका लागि आकाशे पानी तथा खोलाको पानी जम्मा गर्न पोखरी, ताल, ड्याम आदिको निर्माण गर्ने ।<br>• खाद्य सुरक्षामा ध्यान दिने । विपन्न परिवारलाई अनुदानको प्रबन्ध गर्ने सो का लागि जगेडा भण्डारण प्रणालीको निर्माण गर्ने ।<br>• खाद्य भण्डारण गरी परेको बेला वितरण गर्ने ।<br>• हरेक घरमा जल भण्डारण प्रणालीको विकास गर्ने । |
| ६ | महामारी | • बाढी, भूकम्पजस्ता ठुला विपद्पश्चात महामारी फैलन सक्ने खतरालाई मूल्याङ्कन गर्दै सरसफाई तथा तुरुन्त उपचारको व्यवस्था मिलाउने ।<br>• महामारी फैलनु पूर्व नै उपचार गर्नको लागि स्वास्थ्यकर्मी तथा जगेडा औषधीको व्यवस्था मिलाउने ।<br>• सुविधा सम्पन्न स्वास्थ्य केन्द्रको व्यवस्था गर्ने ।<br>• सम्भावित महामारीको सचेतनाका लागि फोन, स्थानीय रेडियो, पत्रपत्रिका, एफ.एम. आदिको प्रयोग गरी सावधानी तथा पूर्व सूचना प्रवाह गर्ने ।<br>• पर्याप्त शुद्ध पिउने पानीको व्यवस्था मिलाउने ।<br>• यथेष्ट मात्रामा औषधीको भण्डारण गर्ने ।<br>• स्वास्थ्यकर्मी, डाक्टर, एम्बुलेन्स तथा हेलीकप्टरको रोष्टर तयारी तथा सम्झौता गरी परेको वेला छिटो उपचार तथा उद्धारको व्यवस्थालाई ग्यारेटी गर्ने । |
| ७ | हुरी बतास | • विपद्को समयमा वैकल्पिक संचार तथा विद्युत सुविधाको व्यवस्था गर्ने ।<br>• हुरीबतास लागेको वेला सर्वसाधारणलाई घर भित्र बस्न सुसूचित गर्ने । |

| सि.नं. | विपद् | गतिविधि |
|---|---|---|
| | | • हुरी बतासका कारण हुन सक्ने दुर्घटनामा परेका व्यक्तिलाई उद्धार गर्न टोली, औषधी तथा सवारी साधन तयारी अवस्थामा राख्ने । |
| ८ | चट्याङ | • चट्याङको जोखिम तथा त्यसबाट उत्पन्न हुनसक्ने समस्या समाधानका लागि सार्वजनिक सूचना प्रवाह गर्ने ।<br>• चट्याङ पर्ने वेला सर्वसाधारणलाई घर भित्र बस्न सुसूचित गर्ने ।<br>• चट्याङमा परेका व्यक्तिलाई उपचार तथा उद्धार गर्न टोली, औषधी तथा सवारी साधनको व्यवस्था गर्ने ।<br>• अग्लो रुखहरू, विद्युतको पोल आदिको मुनि नबस्ने ।<br>• विद्युतीय उपकरणहरूको प्रयोग नगर्ने । |
| ९ | सर्पदंश | • बिरामीलाई छिटोभन्दा छिटो अस्पताल पुऱ्याई उपचारको व्यवस्था मिलाउने, संयन्त्रको विकास गर्ने ।<br>• धामीझाँक्री तथा झारफुकजस्ता अन्धविश्वासयुक्त कार्यमा लाग्न नदिने जनचेतना फैलाउने ।<br>• घर आँगन बस्तीहरू पूर्ण रूपमा सफा राख्ने अभियान सञ्चालन गर्ने ।<br>• गाउँपालिकामा सर्पदंश उपचार केन्द्रको स्थापना गर्ने । |
| १० | बन्यजन्तु आक्रमण | • वन्यजन्तुको जोखिम क्षेत्र तथा समुदाय पहिचान गरी सुरक्षा व्यवस्था मिलाउने ।<br>• रातको समयमा जोखिमयुक्त क्षेत्रमा नजान सावधानी स्वरूप जनचेतना फैलाउने ।<br>• वन्यजन्तुलाई धपाउने प्रणालीको विकास गर्ने ।<br>• बढी जोखिमयुक्त क्षेत्रमा बस्तीलाई स्थानान्तरण गर्ने ।<br>• घाइतेलाई छिटोभन्दा छिटो अस्पताल पुऱ्याई उपचार गर्न पूर्वाधार विकास गर्ने । |

## ४.४ विपद् प्रतिकार्यका लागि सञ्चालन गर्नुपर्ने गतिविधि

विपद् प्रतिकार्यलाई विपद् व्यवस्थापनको सबैभन्दा संवेदनशील एवं महत्वपूर्ण पक्षको रूपमा लिन सकिन्छ । मानव सुरक्षाको लागि प्रतिकार्य योजनाको ठुलो महत्व छ । विपद्मा परेकालाई समयमै उद्धार गरी उपचार गर्न सकेमा ठुलो मात्रामा जनधनको क्षति हुनबाट बचाउन सकिन्छ । विपद् प्रतिकार्य योजनाको अभावमा विपद्ले भन्दा पनि विपद्पश्चात उद्धार र उपचारको कमीले बढी जनताको मत्यु हुन सक्दछ । विपद् प्रतिकार्यका लागि उद्धार टोलीका साथै उद्धार एवं उपचारका सामग्रीको आवश्यकता पर्दछ । विभिन्न प्रकारका विपद्मा परेकालाई उद्धार गर्नका लागि निम्न लिखित साझा खालका प्रतिकार्यका गतिविधिहरू सञ्चालन गर्नुपर्दछ ।

- विपद्मा परेकाहरूलाई तुरुन्त उद्धार गर्ने ।
- सडक अवरुद्ध छ भने अवरुद्ध सडक यथासिघ्र सञ्चालनमा ल्याउने ।
- प्राथमिकताका आधारमा घाइतेहरूको वर्गीकरण गरी उपचार गर्ने तथा अस्पताल लैजाने व्यवस्था मिलाउने ।
- विपद्को थप असरलाई कम गर्न प्रयत्न गर्ने ।

- जिवन रक्षालाई उच्च प्राथमिकता दिई उद्धार कार्यमा लाग्ने ।
- आवश्यकताअनुसार सुरक्षाकर्मी, स्वयंसेवक तथा स्थानीय व्यक्तिहरूलाई सहभागी बनाई उद्धार कार्य गर्ने ।
- जोखिमयुक्त स्थानबाट पीडितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने ।
- क्षतिको वास्तविक तथ्याङ्क संकलन गरी सोही बमोजिमको प्राथमिकीकरण गरी उद्धार तथा राहत वितरण कार्य गर्ने ।
- राहत वितरण गर्दा वास्तविक पिडितले समयमा नै पाउने गरी कार्य गर्ने ।
- राहत वितरणलाई एकद्वार प्रणालीबाट व्यवस्थित गर्ने । कोही पनि छुट्ने वा अनावश्यकरूपमा दोहोरिने समस्यालाई समाधान गर्ने ।
- औषधी, शुद्ध पानी, लत्ताकपडा, सुख्खा खाना आदि वितरण गर्ने ।
- स्थाई वसोवास, चर्पी, सरसफाई र यथोचित औषधोपचारको व्यवस्था मिलाउने ।
- अस्थायी स्वास्थ्य शिविर सञ्चालन गर्ने ।
- आपतकालीन स्वास्थ्य सेवा सञ्चालन गर्नुका साथै आवश्यकताअनुसार बिरामीलाई अस्पताल पुऱ्याउने व्यवस्था मिलाउने ।
- रेडक्रस, सुरक्षा निकाय, जिल्ला, प्रदेश तथा केन्द्रीय सरकारसँग समन्वय गरी आवस्यक सहयोगको व्यवस्था मिलाउने ।
- खोज तथा उद्धार कार्य गर्दा निष्पक्षता, इमान्दारीता र बिरामीहरूको अवस्थाअनुसारको प्राथमिकतालाई मध्यनजर गर्नुपर्ने ।
- प्रतिकार्यको लागि बनाईएको योजना कार्यान्वयन तथा पुनर्मूल्याङ्कन गर्ने ।
- उद्धार, उपचार तथा राहत वितरणमा बालबालिका, महिला, वृद्धवृद्धा, अपाङ्गताहरूलाई प्राथमिकता दिने ।
- भद्रगोलको अवस्थामा हुनसक्ने चोरी, ठगीजस्ता बदमासीलाई नियन्त्रण गर्न स्थानीयलाई पनि चनाखो हुन प्रेरित गर्ने र सुरक्षा निकायलाई पनि परिचालन गर्ने व्यवस्था मिलाउने ।
- कानुन पालना तथा कार्यान्वयनमा जोड दिने ।
- क्षतिको वास्तविक विवरण तथा अन्य सम्बन्धित सूचना संकलन तथा त्यसको सही सम्प्रेषण गर्ने व्यवस्था मिलाउने ।

**तालिका नं. २५:** विपद् प्रतिकार्यका उपाय

| सि.नं. | विपद् | गतिविधि |
|---|---|---|
| १ | बाढी | • घाइते, विरामी तथा विस्थापित परिवारहरूलाई व्यवस्थित गर्नको लागि क्याम्प खडा गर्ने, बिरामीहरूलाई अस्पताल लैजान एम्बुलेन्सको व्यवस्था गर्ने तथा आवश्यक परेमा हेलीकप्टरको अवतरणका लागि हेलीप्याड पहिचान गर्ने वा निर्माण गर्ने ।<br>• बाढीले सडक अवरुद्ध भएमा सडक सुचारु गर्ने कार्यलाई प्राथमिकताका साथ तीव्रता दिने । आवश्यक परेमा डोजर, क्रेन आदि सरकारी कार्यालयहरू एवं यातायात व्यवसायी संघ तथा निर्माण व्यवसायी संघ मार्फत सहयोग लिने ।<br>• बगाएर ल्याएको रुखविरुवा तथा संरचना भत्केर जम्मा भएको फोहरको यथोचित व्यवस्थापन गर्ने ।<br>• मानिस तथा अन्य जनावरको मृत लाशलाई समयमा नै सही ढंगबाट व्यवस्थापन गर्ने । |

| सि.नं. | विपद् | गतिविधि |
|---|---|---|
| | | • आदेश वा समन्वय कक्षको व्यवस्था गरी योजना कार्यान्वयन तथा समीक्षा गर्ने र कमी कमजोरीलाई तुरुन्तै सच्चाउने ।<br>• बाढी पश्चात हुन सक्ने सरुवा रोग तथा महामारीका बारेमा जनचेतना बढाउने । उपलब्ध भएमा सरुवा रोगका विरुद्धमा खोप लगाउने ।<br>• पिडितहरूलाई अग्लो तथा सुरक्षित स्थानमा राख्ने ।<br>• विद्युत प्रसारणलाईन बन्द गर्ने । |
| २ | आगलागी | • घरमा आगलागी भएमा सकेसम्म छिटो घरबाट बाहिर भाग्ने र सहयोगका लागि गुहार माग्ने ।<br>• आगलागीलाई थप फैलन नदिने प्रयत्न गर्ने ।<br>• वारुणयन्त्र तथा अन्य सामग्रीको प्रभावकारी प्रयोगबाट कमभन्दा कम क्षतिमा आगलागी नियन्त्रण गर्ने ।<br>• उद्धारकर्ताको सुरक्षालाई विषेश ध्यान दिने ।<br>• विपद्मा परेकाहरूलाई तुरुन्त उद्धार गर्ने ।<br>• घाइते विरामीको यथासक्य चाँडो उपचार गर्ने व्यवस्था मिलाउने ।<br>• सडक अवरुद्ध छ भने अवरुद्ध सडक यथासिघ्र सञ्चालनमा ल्याउने । |
| ३ | भूकम्प | • खोज तथा उद्धार कार्यलाई अघि बढाउने ।<br>• जिवित घाइते लाई पहिलो प्राथमिकतामा राखी उद्धार गर्ने ।<br>• सडक अवरुद्ध छ भने अवरुद्ध सडक यथासिघ्र सञ्चालनमा ल्याउने ।<br>• भूकम्प आईरहेको वेला जथाभावी भागदौड तथा झ्यालबाट हामफाल्ने प्रवृतिलाई निरुत्साहित गर्ने ।<br>• भूकम्पको ठुलो कम्पन बन्द नहुँदासम्म र घर पूर्णरूपमा सुरक्षित छ भन्ने कुराको यकिन नहुँदासम्म घरभित्र नजाने ।<br>• भूकम्प पिडितलाई उद्धार, उपचार, अस्थायी वसोवास, खाना, सल्लाह आदि उपलब्ध गराउने ।<br>• भूकम्पका वारेमा सामाजिक सञ्जालमा अनावस्यक भ्रम छर्न नदिने । |
| ४ | शीतलहर | • सबैलाई बाक्लो न्यानो लुगा लगाउन प्रोत्साहित गर्ने ।<br>• सबैलाई घरभित्र न्यानो ठाउँमा बस्न लगाउने ।<br>• ठाउँठाउँमा काठ तथा मुढाको व्यवस्था मिलाई आगो ताप्ने सुविधा उपलब्ध गराउने ।<br>• गरिब तथा विपन्नलाई न्यानो लुगा फाटो वितरण गर्ने ।<br>• बिरामीको यथासक्य चाँडो उद्धार गरी उपचार गर्ने । |
| ५ | खडेरी | • खाद्य सुरक्षामा ध्यान दिने ।<br>• खाद्यान्नको भण्डारण गर्ने र आवश्यकताअनुसार वितरण गर्ने ।<br>• खानाको अभाव भएका व्यक्तिहरूलाई खाद्यान्न वितरण गर्ने ।<br>• वैकल्पिक वीउ तथा जमीनको उपलब्धता गराउने ।<br>• खडेरी सहन गर्न सक्ने बाली नाली उत्पादनमा जोड दिने ।<br>• स्थानीय स्तरमा पाईने खाद्यान्नको प्रयोगको प्रचलनलाई बढावा दिने । |
| ६ | महामारी | • विरामीहरूको यथासक्य चाँडो उपचार गर्ने ।<br>• सरुवा रोगबाट बच्नका लागि बिरामीलाई अन्य व्यक्तिको सम्पर्कमा नलैजाने ।<br>• हैजा/झाडा पखाला फैलिएको अवस्थामा तुरुन्त सुरक्षा निकाय सहित जिल्ला अस्पताल तथा जनस्वास्थ्य कार्यालयबाट स्वास्थ्यकर्मीको टोली खटाई शुरुमै महामारी नियन्त्रण गरी फैलन नदिने उपायहरू अपनाउने ।<br>• मानिस तथा अन्य जनावरको मृत लाशलाई समयमनै सही ढङ्गबाट व्यवस्थापन गर्ने । |

| सि.नं. | विपद् | गतिविधि |
|---|---|---|
| ७ | हुरीबतास | • हुरीबतास चलिरहेको समयमा सर्वसाधारणालाई घर वा अन्य सुरक्षित स्थानमा वस्न अनुरोध गर्ने ।<br>• हुरीबतास चलिरहेको समयमा झ्याल ढोका बन्द गर्ने ।<br>• हुरीबतास चलिरहेको समयमातल्लो तलामा बस्ने ।<br>• हुरीबतास चलिरहेको समयमा आगो नबाल्ने ।<br>• हुरीबतास चलिरहेको समयमा विद्युत प्रसारण लाईन बन्द गर्ने ।<br>• विपद्मा परेकाहरूलाई तुरुन्त उद्धार गर्ने । |
| ८ | चट्याङ | • चट्याङ पर्नसक्ने संभावित समयमा सर्वसाधारणलाई घर वा अन्य सुरक्षित स्थानमा बस्न अनुरोध गर्ने ।<br>• विपद्मा परेकाहरूलाई सकेसम्म चाँडो उद्धार तथा उपचारको व्यवस्था मिलाउने । |
| ९ | सर्पदंश | • विरामीहरूको यथासक्य चाँडो उपचार केन्द्रमा पुऱ्याई सही उपचार गर्ने व्यवस्था मिलाउने ।<br>• धामीझाँक्री तथा झारफुकजस्ता अन्धविश्वासजन्य क्रियाकलापमा समय बर्बाद नगर्ने ।<br>• सर्पले टोकेको बिरामीलाई अस्पताल पुऱ्याउनु अघि हौसला प्रदान गर्ने |
| १० | बन्यजन्तु आक्रमण | • वन्यजन्तु गाउँमा पस्न नदिन र धपाउनको लागि टोली खटाउने ।<br>• प्रभावकारी प्राथमिक उपचारके प्रबन्ध गर्ने ।<br>• वन्यजन्तुलाई हानी नपुऱ्याई धपाउने ।<br>• आक्रमणमा परेकालाई छिटोभन्दा छिटो उपचारको बन्दोबस्त मिलाउने । |

## ४.५ विपद् पुनर्स्थापना तथा पुनर्निर्माणका लागि सञ्चालन गर्नुपर्ने गतिविधि

विपद् पश्चात पिडितहरू आर्थिक, सामाजिक तथा मनोवैज्ञानिक रूपमा कमजोर तथा विक्षिप्त अवस्थामा रहेका हुन्छन् । उनीहरूलाई पूर्वावस्थामा ल्याउनको लागि व्यवस्थित ढंगले उनीहरूको पुनर्स्थापना गर्नुपर्दछ । उनीहरूलाई आवश्यकताअनुसार बसोवासका साथै दीर्घकालीन आर्थिक उपार्जनको पनि व्यवस्था मिलाईदिनु पर्दछ । विभिन्न प्रकारका विपद्पश्चात पुनर्स्थापना तथा पुनर्निर्माणका लागि गर्नुपर्ने साझा कार्यहरू निम्नानुसार छन् ।

- पीडितहरूलाई राहत वितरण गर्ने ।
- पीडितहरूलाई निश्चित समयका लागि खाना, पानी तथा उपचारको व्यवस्था मिलाउने ।
- पीडितको लागि क्रमिक रूपमा स्थायी वासस्थानको व्यवस्था मिलाउने ।
- शिक्षा, स्वास्थ्य, विजुली, संचार, यातायातजस्ता आधारभूत सेवालाई यथासक्य चाँडो सुचारु गर्ने ।
- कानुन पालना तथा कार्यान्वयनमा जोड दिने ।
- सडक, पुल तथा अन्य भौतिक पूर्वाधारहरूको यथासक्य चाँडो निर्माण गर्ने ।
- Biulding Back Better को सिद्धान्तलाई आत्मसात गर्दै पुनर्निर्माण कार्यलाई अगाडि बढाउने ।
- सरकारी तथा गैह्रसरकारी निकाय तथा व्यक्तिसँग सहयोग संकलन गरी पीडितलाई यथोचित राहत प्रदान गर्ने ।

- समाजलाई विपद् उत्थानशील बनाउन र पुनः विपद्को चपेटाबाट बचाउन सबैलाई सचेत बनाउने र सबैलाई सोहीअनुसारको निर्माण कार्य गर्न प्रोत्साहित गर्ने ।
- मनोवैज्ञानिक असर परेकालाई निःशुल्क मनोपरामर्श सेवाको व्यवस्था मिलाउने ।
- प्राथमिकताको आधारमा राहत वितरण कार्यलाई सुलभ र पारदर्शी बनाई कार्य सम्पादन गर्ने ।
- पुनर्स्थापनको लागि संकलित राहत नपुग भएमा सरोकारवाला निकायसँग आह्वान गरी संकलन गर्ने ।
- ठुला खालका विपद्पश्चात पुनर्स्थापन तथा पुनर्निर्माणमा ठुलो धनराशीको आवश्यकता पर्ने भएकोले अन्य निकायसँग समन्वय गरी सहयोग प्राप्त गर्ने ।
- विपद् उत्थानशील विकास निर्माणका लागि तालिम तथा शिक्षा प्रदान गर्ने ।
- पुनर्स्थापनाका लागि कोषको पारदर्शी एवं प्रभावकारी प्रयोग गर्ने ।
- विपद् पश्चात विपद्, क्षति, राहत वितरण, आयव्यय, सिकिएका शिक्षा आदिको अभिलेख तयार गर्ने ।

**तालिका नं. २६:** विपद् पुनर्स्थापना तथा पुनर्निर्माणका उपायहरू

| सि.नं. | विपद् | गतिविधि |
|---|---|---|
| १ | बाढी | • घरवार बिहीनको लागि स्थायी बसोवासको व्यवस्था मिलाउने ।<br>• नयाँ वस्ती बनाउँदा एकीकृत वस्ती विकासमा जोड दिने ।<br>• नयाँ वस्तीमा सबै प्रकारका आपत्कालीन सुविधाहरू उपलब्ध गराउने ।<br>• नयाँ वस्ती बनाउँदा बाढीले प्रभाव नपार्ने सुरक्षित स्थानमा बनाउने ।<br>• पुनर्निर्माण गर्दा विपद् उत्थानशीलता र Build Back Better को अवधारणालाई परिपालन गर्ने ।<br>• क्षतिको वास्तविक तथ्याङ्क संकलन गरी सोही बमोजिमको प्राथमिकीकरण गरी उद्धार तथा राहत वितरण कार्य गर्ने ।<br>• राहत वितरण गर्दा वास्तविक पीडितले समयमा नै पाउने गरी कार्य गर्ने ।<br>• राहत वितरणलाई एकद्वार प्रणालीबाट व्यवस्थित गर्ने । कोही पनि छुटने वा अनावश्यक रूपमा दोहोरिने समस्यालाई समाधान गर्ने ।<br>• बाढीले सडक अवरुद्ध भएमा सडक सुचारु गर्ने कार्यलाई प्राथमिकताका साथ तीव्रता दिइने । आवश्यक परेमा सवारी साधन डोजर,क्रेन आदि सरकारी कार्यालयहरू एवं यातायात व्यवसायी संघ तथा निर्माण व्यवसायी संघमार्फत सहयोग लिने । |
| २ | आगलागी | • बिमा गरिएका वस्तुहरूको बिमा उपलब्ध गराउने ।<br>• पीडितहरूलाई स्थाई बसोवासको व्यवस्था मिलाउने । |
| ३ | भूकम्प | • पीडितको लागि क्रमिक रूपमा स्थायी वासस्थानको व्यवस्था मिलाउने ।<br>• शिक्षा, स्वास्थ्य, विजुली, संचार, यातायातजस्ता आधारभूत सेवालाई यथासक्य चाँडो सुचारु गर्ने ।<br>• सडक, पुल तथा अन्य भौतिक पूर्वाधारहरूको यथासक्य चाँडो निर्माण गर्ने ।<br>• Build Back Better को सिद्धान्तलाई आत्मसात गर्दै निर्माण कार्यलाई अगाडि बढाउने ।<br>• घरवार विहिनहरूलाई भूकम्प प्रतिरोधी घर बनाउन सीप तथा स्रोत उपलब्ध गराउने । |
| ४ | शीतलहर | • आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउने । |

| सि.नं. | विपद् | गतिविधि |
|---|---|---|
| | | • फेरि फेरि शीतलहरले असर पार्न नसकोस भन्नाका लागि सोही बमोजिमका घर, उपकरण तथा अन्य सामग्रीको व्यवस्थामा सहयोग पुऱ्याउने । |
| ५ | खडेरी | • पीडितहरूलाई आवश्यकताअनुसारको राहत वितरण गर्ने ।<br>• खडेरीले असर गर्न नसक्ने गरी वैकल्पिक खेतीपाती तथा रोजगारीको उपलब्धताका लागि सहयोग गर्ने । |
| ६ | महामारी | • योग्य टिम तथा आधुनिक सेवा सहितको स्वास्थ्य शिविर सञ्चालन गर्ने ।<br>• महामारीबाट पूर्णरूपमा मुक्त नहुँदासम्म स्वास्थ्य सेवालाई निरन्तरता दिने ।<br>• सबै प्रकारका खोपको सहज उपलब्धताको व्यवस्था मिलाउने । |
| ७ | हुरीबतास | • शिक्षा, स्वास्थ्य, बिजुली, संचार, यातायातजस्ता आधारभूत सेवालाई यथासक्य चाँडो सुचारु गर्ने ।<br>• पिडितहरूलाई पूर्वावस्थामा ल्याउनका लागि आवस्यक पर्ने सेवा तथा सुविधा उपलब्ध गराउने । |
| ८ | चट्याङ | • पीडितहरूलाई राहत तथा उपचारको व्यवस्था मिलाउने । |
| ९ | सर्पदंश | • मनोवैज्ञानिक असर परेका लाई निःशुल्क मनोपरामर्शको व्यवस्था मिलाउने । |
| १० | वन्यजन्तु आक्रमण | • पीडितहरूलाई राहत तथा उपचारको व्यवस्था मिलाउने । |

## ४.६ विपद् प्रतिकार्य समय तालीका

विपद् पश्चात पिडितहरू आर्थिक, सामाजिक तथा मनोवैज्ञानिक रूपमा कमजोर तथा विक्षिप्त अवस्थामा रहेका हुन्छन् । उनीहरूलाई पूर्वावस्थामा ल्याउनको लागि व्यवस्थित ढंगले विपद् प्रतिकार्यका कार्य गर्नु पर्दछ । उनीहरूलाई आवश्यकताअनुसार तत्कालीन बसोवासका र उद्धारका लागि समय तालीका बनायर निम्नानुसारका कार्यहरू गर्नु पर्दछ ।

**तालिका नं. २७:** विपद् प्रतिकार्य समय तालीका

| विपद्को पश्चातको अवधि | विपद् पश्चातका क्रियाकलापहरू |
|---|---|
| पहिलो दिन | • आपतकालीन बैठक बस्ने ।<br>• घटनाको बारेमा सञ्चार माध्यामलाई सूचना दिने।<br>• खतराको सघनता निर्धारण गर्ने ।<br>• खोज तथा उद्धार टोलीको परिचालन र खोज तथा उद्धार कार्यको थालनी गर्ने ।<br>• घाइतेहरूलाई तत्काल अस्पताल पुऱ्याउने ।<br>• बालबालिका, वृद्ध/वृद्धा तथा अशक्तहरूलाई उद्धार कार्यमा विशेष प्राथमिकता दिने ।<br>• सूचना संकलन तथा अवस्थाको प्रतिवेदन तयार गर्ने ।<br>• राहत वितरणका कार्यक्रम सञ्चालन गर्ने ।<br>• नेपाल रेडक्रस, सुरक्षा निकाय र अन्य सरोकारवालाहरूसँग समन्वय गर्ने ।<br>• अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरूलाई तत्काल प्रतिकार्यका लागि सुचित गर्ने ।<br>• अवस्था हेरी जमिन, जल तथा हवाई उद्धार कार्य सञ्चालन गर्ने ।<br>• प्रभावित व्यक्तिहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने ।<br>• अन्य विषयगत क्षेत्रहरूलाई कामको प्रकृतिका आधारमा परिचालन गर्ने । |

| विपद्को पश्चातको अवधि | विपद् पश्चातका क्रियाकलापहरू |
|---|---|
| | • थपक्षति हुन नदिन सूचना प्रवाह गर्ने ।<br>• शान्ति सुरक्षा कायम राख्नको लागि आवश्यक सुरक्षा व्यवस्था मिलाउने ।<br>• सरोकारवाला सबै बिच आपसी समन्वय गर्ने ।<br>• आकस्मिक कक्ष, उपचार केन्द्र, सूचना सम्प्रेषण कक्ष तथा राहत सामग्री वितरण कक्षहरूको स्थापना गर्ने । |
| दोस्रो दिन | • थप क्षति हुन नदिन सूचना प्रवाह निरन्तर गर्ने ।<br>• उपलब्ध स्रोत साधनले अपुग भएको खण्डमा सहयोगको लागि सम्बन्धित निकायमा सम्पर्क गर्ने ।<br>• सूचनाका साधनहरू क्षति भएमा तत्काल सूचना सुनिश्चित गर्न बैकल्पिक उपायको व्यवस्था गर्ने ।<br>• घटनाको बारेमा सञ्चार माध्यमलाई सूचना दिने ।<br>• उद्धार कार्यलाई निरन्तरता दिने ।<br>• भग्नावशेष हटाउने कार्यलाई निरन्तरता दिने ।<br>• बेपत्ताहरूको खोजिलाई निरन्तरता दिने ।<br>• अस्थायी शिविरका लागि व्यवस्थापन गर्ने ।<br>• परिस्थितिको पुनरावलोकन गरी आवश्यक स्रोत साधनको लागि प्रदेश तथा केन्द्रसँग माग तथा परिचालन गर्ने ।<br>• खोज तथा उद्धारकार्यमा भएका प्रगति तथा अवस्थाको सरोकारवालाहरूलाई जानकारी गराउने । |
| पहिलो हप्ता | • प्रकोप पश्चात फैलन सक्ने महामारी नियन्त्रणका प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने ।<br>• पिउने पानी, खाद्यान्न, आवास, स्वास्थ्य सेवा तथा औषधीको आपूर्ति सुनिश्चित गर्ने ।<br>• अवरुद्ध भएका सडक, पुल, बिजुली, टेलिफोन, पानी आपूर्ति सेवालाई सुचारु गर्ने ।<br>• अवरुद्ध भएका विद्यालय, कलेज, कार्यालय, बजार सुचारु गर्ने ।<br>• घटनाको प्रकृतिको आधारमा सूचना आदानप्रदानलाई निरन्तरता दिने ।<br>• सम्पूर्ण विवरणलाई अद्यावधिक गर्ने । |
| पहिलो महिना | • पुनर्निर्माण तथा पुनर्स्थापनालाई निरन्तरता दिने ।<br>• समुदायमा मनोसामाजिक परामर्श सञ्चालन गर्ने ।<br>• माथी उल्लेखित क्रियाकलापहरूलाई आवश्यकताअनुसार निरन्तरता दिने । |

## ४.७ विपद्पश्चात देखापर्ने समस्या तथा गर्नुपर्ने विषयगत कार्य योजना

### ४.७.१ सूचना तथा समन्वय

#### क. विपद् पश्चातको सम्भावित परिस्थिति

- सञ्चारका साधनहरू क्षतिभई सूचना प्रसारण अवरुद्ध हुन सक्ने ।
- टेलिकमको टावर क्षति हुन सक्ने ।
- सूचना तथा तथ्याङ्क सङ्कलनमा समस्या उत्पन्न हुने ।
- समयमा क्षति विवरण प्राप्त गर्न कठिनाइ हुने सम्भावना रहने ।
- द्रुत समन्वयको खाँचो पर्ने ।

### ख. गर्नुपर्नेप्रतिकार्य योजना

**तालिका नं. २८:** सूचना तथा समन्वयको लागि प्रतिकार्य योजना

| क.सं. | क्रियाकलाप |
|---|---|
| १ | प्रकोपको पहिचान तथा पूर्व अनुमान गरी खतराको आधिकारीक सूचनाहरू लिने र संचार माध्यमबाट प्रसारण गर्ने र गराउने । |
| २ | गाउँपालिकामा प्रकोपको सोधपुछ गर्न सम्बन्धित सुरक्षा निकायका कार्यालयको सम्पर्क नम्बर तय गरी सरोकारवालाहरूलाई सोको जानकारी दिने । |
| ३ | अस्थायी आश्रय स्थलको सम्बन्धमा प्रकोप प्रभावित क्षेत्रमा सहज र तत्काल पहुँच भएका संचार माध्यमबाट जानकारी गराउने । |
| ४ | प्रकोप सम्भावित क्षेत्रहरू, अनलाईन सेवा र प्रकोप प्रभावितलाई सहयोग गर्ने निकायको नामावली र सम्पर्क नम्वर जानकारी गराउने । |
| ५ | बाढी पहिरो, भूकम्प तथा अन्य आकस्मिक प्रकोप आउने क्षेत्रहरूमा टेलिफोन सम्पर्क गरी अवस्थाको जानकारी लिने, जलमापन केन्द्र र संकटासन्न समुदाय बिचको सम्पर्क स्थापित गराउने । |
| ६ | गाउँपालिकास्तरमा सूचनाहरू लिने वा घटनाहरूको आधिकारीक विवरण दिनेहरूको सम्पर्क नम्वर लिने दिने । |
| ७ | प्रकोप स्थलसम्म पुग्न सवारी आवागमन अवरोधजस्ता परिस्थितिको अनुगमन तथा सूचना सम्प्रेषण गर्ने । |
| ८ | प्रकोप क्षेत्रबाट आएका सूचनाहरू स्थानीय रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा अन्य संचार माध्यमबाट प्रचारप्रसार गर्ने । |
| ९ | पूर्व सूचना प्रभावकारी भए नभएको यकिन गर्न सम्वन्धित क्षेत्रहरूको अनुगमन गर्ने । |
| १० | बाह्य सहयोग आवश्यक भएमा सो जुटाउन सम्बन्धित निकायलाई जानकारी गराउने । |
| ११ | गाउँपालिकास्तरमा विपद् व्यवस्थापन समितिले सुम्पेका पूर्व सूचना तथा संचार समन्वयसम्बन्धी अन्य जिम्मेवारीहरू पूरा गर्ने । |
| १२ | सम्बन्धित सबै पक्षहरूसँग समन्वय कायम गरी विपद्लाई सम्बोधन गर्ने । सूचना प्रवाहको वैकल्पिक उपायहरू पहिचान गरी सूचना प्रवाह गर्ने । |
| १३ | प्राप्त सूचनालाई प्रमाणित गरी सम्बन्धित क्षेत्रहरूलाई उपलब्ध गराउने । |

## ४.७.२ खोज तथा उद्धार व्यवस्थापन

### क. विपद् पश्चातको सम्भावित परिस्थिति

- भौतिक संरचनाहरू, घर, सडक, कलभर्ट आदि भत्किन सक्ने ।
- मानिसहरू बेपत्ता हुने, घाईते वा सख्त बिरामी, मृत्यू पनि हुन सक्ने ।
- पशुपन्छी क्षति हुन सक्ने ।
- बिजुलीका खम्बाहरू ढल्ने, सडक अवरुद्ध हुने ।
- व्यक्तिगत तथा सार्वजनिक भवनहरू क्षति तथा नष्ट हुन सक्ने ।
- भूकम्पले अति उच्च जोखिम भएका स्थानहरू पहिरो आई क्षति हुन सक्ने ।

## ख. प्रतिकार्य योजना

**तालिका नं. २९:** खोज तथा उद्धार व्यवस्थापनको लागि प्रतिकार्य योजना

| क्र.सं. | क्रियाकलाप |
|---|---|
| १ | सूचना प्राप्त हुनासाथ बगाईरहेका, चेपिएका, रुखमा झुन्डिएका र जोखिमको अवस्थामा रहेका मानिस तथा जिवित पशुपन्छीलाई उद्धार गर्न पहल गर्ने । |
| २ | विपद्को सम्भावना हुनासाथ यातायात तथा अन्य साधनहरू जस्तै -मोटर, ईन्धन, ड्राईभर, डुङ्गा, लाईफ ज्याकेट, डोरी तथा जनशक्ति) तयारी अवस्थामा राख्ने । |
| ३ | मूख्य सम्भावित क्षेत्रमा उद्धार कार्यका निम्ति तत्कालीन विशेष रणनीति र योजना तर्जुमा गर्ने । |
| ४ | प्रकोप पिडितहरूको जनधनको सुरक्षा गरी सम्बन्धित निकाय वा आफन्तलाई जिम्मा दिने । |
| ५ | विपद्बाट बचेकाहरूलाई सुरक्षित स्थलमा पुर्‍याउने र सुरक्षित भएको महशुस गराउने । |
| ६ | मृत शरीर वा जीवहरू आफन्तहरूलाई कानुनी प्रक्रिया पुर्‍याई जिम्मा दिने । |
| ७ | क्षति भएका धनजनको प्राथमिक प्रतिवेदन तयार गर्ने । |

### ४.७.३ आपतकालीन खाद्य सामग्री व्यवस्थापन

## क. विपद् पश्चातको सम्भावित परिस्थिति

- खाद्यान्न बाली, तरकारी, फलफूल र अन्य बालीहरू नष्ट हुन सक्ने ।
- खेतवारी नै बगाएर दीर्घकालीन रूपमा बगरमा परिणत हुन सक्ने ।
- बाटो भत्किएर खाद्य वस्तु आपूर्तिमा कठिनाई उत्पन्न हुन सक्ने ।
- विपद् क्षेत्रका घरहरूमा भएको खाद्य सामग्री तथा गोदामहरू नष्ट हुन सक्ने ।
- पानी बगेको वा बाढी खेती योग्य जमिनतर्फ बग्न सक्ने ।
- खडेरीले बालीनालीको उत्पादनमा समस्या हुन सक्ने ।
- भूकम्पका कारण भिरालो जमिन चिराचिरा पर्न जाँदा बाली उत्पादनमा कठिनाई हुन सक्ने ।

## ख. प्रतिकार्य योजना

**तालिका नं. ३०:** आपतकालीन खाद्य सामग्री व्यवस्थापनको लागि प्रतिकार्य योजना

| क्र.सं. | कामको विवरण |
|---|---|
| १ | विषयगत क्षेत्रको वैठक तथा छलफल , सूचना संकलन र प्रशोधन गर्ने । |
| २ | आवश्यक खाद्य सामग्रीहरूको आवश्यक पहिचान र स्रोतको खोजी गर्ने । |
| ३ | खाद्य सामग्रीहरूको संकलन तथा भण्डार गर्ने र वितरण गर्ने । |
| ४ | बाह्य सहयोग आवश्यक भएमा सो जुटाउन सम्बन्धित निकाय तथा अन्य उपसमितिहरूलाई जानकारी गराउने र आवश्यक समन्वय गर्ने । |
| ५ | खाद्य वितरण कार्यदल गठन गरी परिचालन गर्ने । |
| ६ | खाद्य सामग्रीको उपलब्धता तथा आपूर्ति सुनिश्चित गर्न अनुगमन टोली गठन गर्ने । |
| ७ | कृषि तथा खाद्यान्नको क्षतिसम्बन्धी तथ्याङ्क संकलन र राहत वितरण कार्य सञ्चालन गर्ने । |
| ८ | बिउविजन वितरण गर्नुपर्ने अवस्था भएमा सम्बन्धित निकायमा माग गरी सिजनअनुसारको बिउविजन वितरण गर्ने । |

| क.सं. | कामको विवरण |
|---|---|
| ९ | विपद् व्यवस्थापन समितिले सुम्पेका खाद्य व्यवस्थासम्बन्धी अन्य जिम्मेवारीहरू पूरा गर्ने । |
| १० | खाद्य सामग्रीको मौज्दात विवरण अद्यावधिक गर्ने । |
| ११ | विपद्को समयका लागि कम्तीमा १ महिनाको बफर स्टक राख्ने । |
| १२ | आयोडिनयुक्त नुनको कम्तीमा १ महिनाको लागि आपूर्ति व्यवस्थापन गर्ने । |
| १३ | आफ्नो मातहतमा रहेको सवारी साधन तथा कृषि प्राविधिकहरूलाई तयारी अवस्थामा राख्ने । |
| १४ | मनसुनको समयमा हुनसक्ने सम्भावित क्षति तथा प्रकोपका बारेमा सामुदायिक संचार माध्यमबाट प्रचार प्रसारको व्यवस्था मिलाउने । |

### ४.७.४ पोषण, उपचार र औषधी व्यवस्थापन

#### क. विपद् पश्चातको सम्भावित परिस्थिति

- उद्धार कार्य एकै पटक सम्भव नहुँदा लास तथा अन्य मृत शरीरहरूबाट प्रकोप फैलन सक्ने ।
- धेरै मानिसहरू तथा घरपालुवा पशुपक्षिहरू घाईते अवस्थामा हुन सक्ने ।
- झाडा पखाला, हैजा, टाईफाईड, औलो, डेंगु, आँखापाक्ने समस्या, श्वासप्रश्वास समस्या, कालाज्वर, जापानिज इन्सेफलाईटिस, दादुरा, भाइरल ईन्फ्लून्जा, हेपाटाइटिस आदि रोगहरू पहिरो, बाढी तथा अन्य प्रकोपको कारणले फैलन सक्छ ।
- कुपोषणको अवस्था देखिन सक्छ ।

#### ख. प्रतिकार्य योजना

**तालिका नं. ३१:** पोषण, उपचार र औषधी व्यवस्थापनसम्बन्धी प्रतिकार्य योजना

| क.सं. | क्रियाकलाप |
|---|---|
| १ | विपद् भएको स्थानमा औषधी उपलब्धता सुनिश्चित गर्ने । |
| २ | गाउँपालिकामा आपतकालीन चिकित्साकर्मीहरूको टोलीलाई तयारी अवस्थामा राख्ने । |
| ३ | प्रकोपको सम्भावित स्थानहरूमा प्राथमिक उपचारका सामग्री पूर्वतयारी अवस्थामा राख्ने । |
| ४ | गाउँपालिकामा रोगव्याधि प्रकोप जोखिम मूल्याकंन गर्ने तथा रोकथामका उपायहरू पहिचान गरी योजना बनाई कार्यान्वयन गर्ने । |
| ५ | संभावित रोगको महामारी रोकथाम गर्न रोगको प्रकार र अवस्था हेरी न्यूनीकरण तथा प्रतिकार्य योजना तर्जुमा तथा कार्यान्वयन गर्ने । |
| ६ | उपचार गर्ने स्थान र स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थाको बारेमा समुदायमा जानकारी गराउने । |
| ७ | औषधीको स्टक व्यवस्थापन र सम्भावित विपद्को स्थानमा औषधी तयारी अवस्थामा राख्ने । |
| ८ | सम्भावित जोखिमको रोगसम्बन्धी जानकारी तथा बचावटका उपायबारे जनचेतना मूलक कार्यक्रमबाट जानकारी दिने । |
| ९ | सन्देशमूलक शैक्षिक सामग्री उत्पादन तथा वितरण र सम्प्रेषण गर्ने । |
| १० | खानेपानी तथा सरसफाईको उचित प्रबन्ध गर्ने । |
| ११ | एम्बुलेन्सलगायत रक्तसञ्चार केन्द्रलाई तयारी अवस्थामा राख्ने |
| १२ | विपद् व्यवस्थापन समितिले सुम्पेका स्वास्थ्यसम्बन्धी अन्य जिम्मेवारीहरू पूरा गर्ने । |

| क्र.सं. | क्रियाकलाप |
|---|---|
| १३ | सरुवा रोग फैलन नदिन तयारी अवस्थामा रहने तथा सतर्कता अपनाउने । |
| १४ | अत्यावश्यक औषधी तथा औषधीजन्य सामग्रीहरूको बफर स्टक राख्ने । |
| १५ | रक्तसंचार सेवा केन्द्रको अनुगमन तथा रगत भण्डारणको व्यवस्था मिलाउने । |

### ४.७.५ आवास, यातायात तथा अन्य व्यवस्थापन

#### क. विपद् पश्चातको सम्भावित परिस्थिति

- भूकम्पले भौगोलिक बनावटमा असर परेकोले महाविपद् आउन सक्ने ।
- बाढीले बस्ती बगाएर वा पहिरोले पुरिएर गाउँ नै विस्थापित हुनसक्ने ।
- व्यक्तिगत घर, गोठ, शौचालय क्षति वा नष्ट हुन सक्ने ।
- बाटोघाटो बन्द भई आवत जावत तथा सामग्री ढुवानीमा असुविधा हुने ।
- बाढी, पहिरोका कारण घरका लत्ता कपडा, भाँडाकुँडा र खाद्य सामग्रीहरू बगाएर लैजाने ।
- दैनिक जीवनमा प्रयोग हुने सरसामानहरू नष्ट हुने ।
- बाटो पुल आदि भत्केर आवतजावतमा कठिनाई हुने ।
- यातायातका साधनको उपलब्धतामा समस्या पैदा हुने ।

#### ख. प्रतिकार्य योजना

**तालिका नं. ३२:** आवास तथा अन्य व्यवस्थापनको लागि प्रतिकार्य योजना

| क्रस | क्रियाकलाप |
|---|---|
| १ | विपद् अवस्थामा प्रयोग गर्ने हरेक सुरक्षित आश्रय स्थलहरूको पहिचान गर्ने र सोको जानकारी समुदाय एवम सरोकारवालाहरूलाई गराउने । |
| २ | संचार माध्यम तथा अन्य विषयगत क्षेत्रको समन्वयमा जनचेतना फैलाउन कार्यक्रम सञ्चालन गर्ने । |
| ३ | बाह्य सहयोग आवश्यक भएमा सो जुटाउन सम्बन्धित निकाय तथा अन्य विषयगत क्षेत्रहरूलाई जानकारी गराउने र आवश्यक समन्वय गर्ने । |
| ४ | आश्रय स्थलको सुरक्षा तथा शान्ति सुव्यवस्था सम्वन्धमा सुरक्षा निकायहरूसँग समन्वय गर्ने । |
| ५ | महिला बालबालिका तथा वृद्धवृद्धालाई उनीहरूको शारीरिक मानसिक अवस्थामा असर नपर्ने गरी सुरक्षा तथा उपयूक्त आश्रयको व्यवस्था गर्न समन्वय गर्ने । |
| ६ | आश्रयस्थल निर्माणको समयमा खानेपानी, सरसफाई औषधी तथा उपचार व्यवस्थापनजस्ता सवालमा अन्य विषयगत क्षेत्रहरूसँग समन्वय गर्ने । |
| ७ | विपद् व्यवस्थापन समितिले सुम्पेका आश्रयस्थल व्यवस्थासम्बन्धी अन्य जिम्मेवारीहरूको कार्य पूरा गर्ने । |
| ८ | गाउँपालिकामा विपद् जोखिम क्षेत्रको पहिचान गर्ने । |
| ९ | अस्थायी आवास योजनाको लागि सुरक्षित स्थानको पहिचान गर्ने । |
| १० | आपत्कालीन अवस्थामा अस्थायी आवास निर्माणका लागि प्राविधिक सहयोग गर्ने । |
| ११ | अस्पताल, विद्यालय, सुरक्षा निकाय तथा मानवीय आवश्यकताका सामग्री भण्डारणका लागि क्याम्प व्यवस्था गर्ने । |
| १२ | प्रत्येक घना बस्तीको लागि एउटा खुल्ला क्षेत्रको पहिचान गर्ने । |
| १३ | तत्काल राहत वितरणका लागि गैर खाद्य सामग्री व्यवस्थापन गर्ने । |

| क्रस | क्रियाकलाप |
|---|---|
| १४ | आपतकालीन प्रतिकार्य योजना कार्यान्वयन गर्ने । |
| १५ | अवरुद्ध सडक तत्काल खोल्ने । |
| १६ | भत्केका सडक, पुल आदिलाई सकेसम्म छिटो मर्मत गरी आवतजावत योग्य बनाउने । |
| १७ | यातायातका साधनको उपलब्धतालाई सहज बनाउने |

### ४.७.६ संरक्षण व्यवस्थापन

#### क. विपद् पश्चातको सम्भावित परिस्थिति

- महिला तथा बालबालिका, अशक्त अपाङ्ग गर्भवती सुत्केरी दुर्व्यवहारमा परेको हुन सक्छ ।
- आमाबाबु बेपत्ता वा मृत्यु भएका, अशक्त अवस्थामा भएका परिवारका बालबालिकाहरू बिचल्लीमा परेका हुन सक्ने
- वृद्धवृद्धाहरू, अपाङ्गता भएका व्यक्तिहरू वेवारिसे अवस्थामा भेटिन्छन् ।
- मानव अङ्गभङ्ग भएको अवस्था हुनसक्दछ ।
- बालबालिकाहरू अभिभावक विहिन बन्ने अवस्था सृजना भएको हुन सक्नेछ ।
- हत्या, चोरी, डकैती, अपहरणका घटनाहरू हुन सक्छन् ।
- महिला तथा बालबालिका, वृद्धवृद्धाहरूमा मनोसामाजिक असर परेको हुन सक्दछ ।

#### ख. प्रतिकार्य योजना

**तालिका नं. ३३:** संरक्षण व्यवस्थापनको लागि प्रतिकार्य योजना

| क्रस | क्रियायाकलाप |
|---|---|
| १ | संरक्षण क्षेत्रका लागि आवश्यक तथ्याङ्क संकलन गरी विपद् व्यवस्थापन समितिलाई जानकारी दिने । |
| २ | अशक्त, अपाङ्ग, बिरामी, महिला, बालबालिका, गर्भवती, सुत्केरी, जेष्ठ नागरिकरुको संरक्षणको प्रबन्ध गर्ने । |
| ३ | विपद्मा परेकाहरूलाई सुरक्षित स्थानमा लैजाने । |
| ४ | विपद्बाट उत्पन्न परिस्थितिबाट पर्नजाने मनोसामाजिक असरलाई कम गर्नका लागि मनोसामाजिक परामर्श दिने । |
| ५ | आश्रय स्थलको सुरक्षा तथा शान्ति सुव्यवस्था सम्वन्धमा सुरक्षा निकायहरूसँग समन्वय गर्ने । |
| ६ | महिला बालबालिका तथा वृद्धवृद्धालाई उनीहरूको शारीरिक मानसिक अवस्थामा ध्यान दिई सुरक्षा तथा उपयूक्त आश्रयको व्यवस्था गर्ने । |
| ७ | आश्रयस्थलमा खानेपानी, सरसफाई, औषधी तथा उपचार व्यवस्थापनजस्ता सवालमा अन्य विषयगत क्षेत्रहरूसँग समन्वय गर्ने । |
| ८ | महिला प्रहरी सहित सामाजिक संघसंस्था र स्वयंसेवक संरक्षण टोली परिचालन गर्ने । |
| ९ | स्थानीय महिला समूह परिचालन गर्ने । |
| १० | स्थानीय बाल क्लबहरूको परिचालन गर्ने । |
| ११ | सुत्केरी र गर्भवती महिलाहरूको पहिचान गर्ने र विशेष सुरक्षित स्थानमा राख्ने । |
| १२ | अभिभावक गुमाएका वा जोखिममा परेका बालबालिकाहरूको खोजी गरी उचित संरक्षण दिने । |

| क्रस | क्रियायाकलाप |
|---|---|
| १३ | लैङ्गिक तथा यौनजन्य हिंसा रोक्ने कार्यक्रम सञ्चालन गर्ने । |
| १४ | अङ्गभङ्ग भएका व्यक्तिहरूलाई सहायता सामग्री प्रदान गर्नको लागि सम्बन्धित निकायसँग पहल गर्ने । |
| १५ | राहत कार्यमा संलग्न संघ संस्थाहरूको सूची तयार पारी समन्वय गर्ने । |
| १६ | प्रभावितहरूलाई पुनःस्थापना गर्न सहयोग गर्ने । |
| १७ | मनसुनबाट प्रभावित हुनसक्ने महिला बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको संरक्षणमा जोड दिने । |
| १८ | Children kit स्थानीयस्तरबाट नै वितरणको व्यवस्था मिलाउने |
| १९ | परिवारबाट बिछोडिएका, अभिभावक गुमाउन सक्ने बालबालिकाका लागि तत्काल राहत तथा बन्दोबस्ती उपलब्ध गराउन सक्ने गरी रकमको व्यवस्था गर्ने । |

### ४.७.७ खानेपानी तथा सरसफाई व्यवस्थापन

#### क. विपद् पश्चातको सम्भावित परिस्थिति

- पानीको मुहान नै सुक्ने तथा बगाएर लगेको हुनसक्छ ।
- मेन लाइनको पाईप लाइन क्षति तथा नष्ट हुन्छ ।
- पानी ट्याङ्की क्षति हुन सक्ने ।
- स्थानीय समुदायमा भएको वितरण पाईप लाईन टुटफुट तथा बगाएको हुन सक्ने ।
- सार्वजनिक र व्यक्तिगत धारा तथा चर्पीहरू भत्केको हुन सक्ने ।
- बाढीको धमिलो पानी मुहानमा मिसिन गई खानेपानी प्रदुषण हुन सक्ने ।
- इनार, टयूवबेल, डिपवेल, टान्सफर्मर, विद्युत लाईन क्षति हुन सक्ने ।
- खुल्ला दिसाको कारणले पानीजन्य रोगहरूको महामारी फैलन सक्छ ।
- भवनहरू क्षति भएको हुन सक्ने ।

#### ख. प्रतिकार्य योजना

**तालिका नं. ३४:** खानेपानी तथा सरसफाई व्यवस्थापनसम्बन्धी प्रतिकार्य योजना

| क्र.सं. | क्रियाकलाप |
|---|---|
| १ | गाउँपालिकामा उपलब्ध स्रोतसाधनको विवरण अद्यावधिक गर्ने । |
| २ | ल्विचिङ्ग पाउडर, पियूष, वाटर गार्ड, अक्वा ट्याव, क्लोरिन, पोटास आदि जस्ता पानी शुद्धीकरण गर्ने विधिको प्रयोग गर्न सहजीकरण गर्ने । |
| ३ | विभिन्न निकायहरूसँग समन्वय गरी खानेपानीका लागि तत्काल वैकल्पिक व्यवस्था गर्न प्राविधिक सहयोग गर्ने । |
| ४ | पानीजन्य सरुवा रोग तथा व्यक्तिगत र सामुदायिक सरसफाईबारे सचेतना अभिवृद्धि गर्ने । |
| ५ | अस्थायी शौचालय निर्माण तथा व्यवस्थापनका लागि सम्वन्धित सबैलाई प्रोत्साहित गर्ने । |
| ६ | तत्काल मर्मत गरी पानी सञ्चालन गर्न सकिने आयोजनाहरूमा पानी सञ्चालन गर्न आवश्यक सामग्री सहित प्राविधिक सहयोग उपलव्ध गराउने । |
| ७ | शुद्ध खानेपानी तथा सरसफाईसम्बन्धी चेतनामूलक पम्पलेट, पोष्टरहरू संकलन तथा तयार गरी राख्ने । |
| ८ | बाह्य सहयोगको आवश्यकता भएमा सो जुटाउन विपद् व्यवस्थापन समितिले पहल गर्ने । |

| क्र.सं. | क्रियाकलाप |
|---|---|
| ९ | खानेपानीको धारा तथा पाइप लाईन बिग्रेको, नष्ट भएको पहिचान गर्ने । |
| १० | खानेपानी स्थायी रूपले सञ्चालन गर्न आवश्यक सरसामान तथा स्रोतको आँकलन गर्ने । |
| ११ | गाउँपालिकामा विपद् जोखिम क्षेत्रको पहिचान गर्ने । |
| १२ | विपद्को समयमा सुरक्षित खानेपानीका लागि आवश्यक व्यवस्थापन गर्ने । |
| १३ | आपत्कालीन अवस्थामा अस्थायी शौचालय निर्माणका लागि प्राविधिक सहयोग गर्ने । |
| १४ | वैकल्पिक खानेपानीको स्रोतको पहिचान गर्ने । |
| १५ | अस्पताल, विद्यालय, सुरक्षा निकाय तथा मानवीय आवास क्षेत्रमा WASH KIT व्यवस्था गर्ने । |
| १६ | मनसुनको समयमा हुनसक्ने सम्भावित क्षति तथा प्रकोपका बारेमा सामुदायिक सञ्चार माध्यमबाट प्रचार प्रसारको व्यवस्था मिलाउने |
| १७ | ठोस फोहोर व्यवस्थापनका लागि स्थान छनौट तथा फोहोर राख्ने भाँडाको व्यवस्थापन गर्ने । |
| १८ | अत्यावश्यक अवस्थामा खानेपानीका लागि टैंकर व्यवस्था गर्ने । |

### ४.७.८ शव व्यवस्थापन

#### क. विपद् पश्चातको सम्भावित परिस्थिति

- विपद्को समयमा मृतक, घाईते र हराईएका मानिसहरू हुनेछन् ।
- यत्रतत्र शव तथा डेभ्रिजहरू रहन सक्ने ।
- पहिचान हुन नसकेका शवहरू रहन सक्ने ।
- शवलाई पहिचान गरेपछि उद्धार गर्नका लागि स्रोत साधनहरूको उपलब्धतामा कमी हुन सक्ने ।
- उद्धारकर्मीहरूलाई सक्रमण हुन सक्ने ।

#### ख. प्रतिकार्य योजना

**तालिका नं. ३५:** शव व्यवस्थापन प्रतिकार्य योजना

| क्र.स | क्रियाकलाप |
|---|---|
| १ | शवको शीघ्र खोजी गर्ने तथा संकलन र व्यवस्थापन गर्ने । |
| २ | शवको भण्डारण र संरक्षणसम्बन्धी कार्यहरू गर्ने । |
| ३ | शवको पहिचान, सनाखत, अन्तिम व्यवस्थापनको कार्य गर्ने । |
| ४ | शवका नातेदार, सम्बन्धित निकायहरूलाई सूचना गर्ने तथा सञ्चार व्यवस्थापनसम्बन्धी कार्य गर्ने । |
| ५ | पीडित परिवारलाई आर्थिक तथा राहत र अन्य सहयोग गर्ने । |
| ६ | शव वाहनको प्रबन्ध गर्ने । |

### ४.७.९ आपत्कालीन शिक्षा

#### क. विपद् पश्चातको सम्भावित परिस्थिति

- विद्यार्थीको किताब तथा शैक्षिक सामग्री आपत्कालीन अवस्थामा हराउनु वा नष्ट हुने ।
- मनोसामाजिक असर पर्न गई विद्यार्थीलाई मनोसामाजिक विमर्श गर्नुपर्ने ।

- विद्यालयमा फर्निचर, पठनपाठन सामग्री, अभिलेख सामग्री, प्रयोगशाला सामग्री आशिंक वा पूर्ण रूपमा क्षति हुन सक्ने ।
- शिक्षक तथा विद्यार्थीहरूको ज्यान जोखिममा पर्न सक्ने ।
- विद्यालयमा खानेपानीका लागि प्रयोग गरीने धारा, टयांकी, कुवा, शौचालयहरू क्षति हुन सक्ने ।
- विद्यालय जाने सडक अवरुद्ध हुन सक्ने ।
- विद्यार्थी तथा शिक्षकहरू सरुवा रोग, झाडापखाला, ज्वरो आदिबाट प्रभावित हुन सक्ने ।
- प्रभावित क्षेत्रका समुदायहरूले संरक्षणको रूपमा विद्यालयको प्रयोग गर्न सक्नेछन् ।

## ख. प्रतिकार्य योजना

**तालिका नं. ३६:** आपत्कालीन शिक्षासम्बन्धी प्रतिकार्य योजना

| क.सं. | क्रियाकलाप |
|---|---|
| १ | पूर्व तयारीकोरूपमा बैठक तथा छलफल र जोखिमयुक्त विद्यालयको सूचना संकलन । |
| २ | क्षति हुन सक्ने शिक्षासम्बन्धी भवनहरूको पुनर्निर्माणका लागि स्रोतको खोजी गर्ने । |
| ३ | क्षतिग्रस्त विद्यालयका विद्यार्थीहरूलाई पठनपाठनका लागि अस्थायीरूपमा कक्षा सञ्चालन गराउने । |
| ४ | बाह्य सहयोग आवश्यक भएमा सो जुटाउन सम्बन्धित निकाय तथा अन्य उपसमितिहरूलाई जानकारी गराउने र आवश्यक समन्वय गर्ने । |
| ५ | विद्यालय राहत वितरण कार्यदल गठन गरी परिचालन गर्ने । |
| ६ | शिक्षा राहत सामग्रीहरूको प्रबन्ध गरी वितरण गर्ने । |
| ७ | शिक्षक, जुनियर रेडक्रस, बाल क्लब र स्काउटको तालिम पाएका विद्यार्थीहरूलाई स्वयंसेवकको रूपमा परिचालन गर्ने । |
| ८ | प्रकोपमा परेको विद्यालय तथा बालबालिकाको अवस्था विश्लेषण गर्ने । |
| ९ | प्रभावित विद्यालयको स्थलगत अवलोकन गर्ने । |
| १० | सहयोगी सघंसस्था तथा निकायहरूको समन्वय बैठक राखी सहयोग आव्हान गर्ने । |
| ११ | क्षति भएका विद्यालयहरूको विवरण संकलन गरी आवश्यक निर्माण, मर्मत तथा वातावरणीय सुधारका कार्य गर्ने । |

### ४.७.१० फोहोरमैला व्यवस्थापन

## क. विपद् पश्चातको सम्भावित परिस्थिति

- प्रकोप पश्चात ढल तथा निकास प्रणाली अवरुद्ध भई यत्रतत्र फोहोर हुन सक्ने ।
- फोहोरबाट सिर्जित हुने संक्रमण फैलन सक्ने ।
- उद्धार कार्यमा कठिनाइ हुन सक्ने ।
- दुर्गन्ध र प्रदुषण विकराल हुन सक्ने ।
- फोहोर व्यवस्थापन गर्ने स्थलको अभाव हुन सक्ने ।
- सडक अवरुद्ध हुँदा फोहर संकलन तथा ढुवानी प्रभावित हुन सक्ने ।

### ख. प्रतिकार्य योजना

तालिका नं. ३७: फोहरमैला व्यवस्थापनको लागि प्रतिकार्य योजना

| क्रस | क्रियाकलाप |
|---|---|
| १ | विपद् अवस्थामा प्रयोग गर्ने फोहोरमैला व्यवस्थापन सामग्रीहरूको प्रबन्ध गर्ने । |
| २ | फोहोरमैला व्यवस्थापनसम्बन्धी जनचेतना फैलाउन कार्यक्रम सञ्चालन गर्ने |
| ३ | बाह्य सहयोग आवश्यक भएमा सो जुटाउन सम्बन्धित निकाय तथा अन्य विषयगत क्षेत्रहरूलाई जानकारी गराउने र आवश्यक समन्वय गर्ने । |
| ४ | फोहोर व्यवस्थापन गर्ने संयन्त्र तथा फोहोर व्यवस्थापन गर्ने स्थलको निर्क्योल गरी सोको व्यवस्थापन गर्ने । |
| ५ | प्रकोप पश्चात उत्पन्न फोहोरको परिमाण र प्रकृतिको पहिचान गर्ने । |
| ६ | गाउँपालिका विपद् व्यवस्थापन समितिले सुम्पेका फोहोरमैला व्यवस्थासम्बन्धी अन्य जिम्मेवारीहरूको कार्य पूरा गर्ने । |

## ४.८ कार्य विभाजन

| सि.नं. | क्रियाकलाप | कसले |
|---|---|---|
| १. | खोज तथा उद्धार कार्य | गाउँपालिका विपद् उद्धार टोली, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, नेपाल रेडक्रस सोसाइटी, स्वयंसेवट टोली । |
| २ | राहत वितरण | गाउँपालिका विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, अन्य माथिल्ला निकाय । |
| ३ | राहत सामग्री भण्डारण | गाउँपालिका,नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकाय । |
| ४ | स्वास्थ्यकर्मी, औषधी तथा एम्बुलेन्स र वारुणयन्त्र | गाउँपालिका,नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकाय । |
| ५ | सडक यातायात सञ्चालन तथा सुधार | गाउँपालिका तथा अन्य माथिल्ला निकाय । सडक डिभिजन कार्यालयहरू |
| ६ | भु-क्षयसम्बन्धी | गाउँपालिका तथा भू-संरक्षण कार्यालय, जनताको तटबन्ध कार्यक्रम, जलउत्पन्न नियन्त्रण कार्यालय आदि । |
| ७ | विपद्सम्बन्धी सूचना तथाजनचेतना | गाउँपालिका, स्थानीय संचार माध्यमहरू |
| ८ | विपद् सिमुलेसन | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल रेडक्रस सोसाइटी, स्थानीय स्वयंसेवक टोली । |
| ९ | शान्ति सुरक्षा | नेपाल प्रहरी, सशस्त्र प्रहरी वल । |
| १० | पुनर्स्थापना तथा पुनर्निर्माण | गाउँपालिका तथा अन्य माथिल्ला निकाय । |

# खण्ड ५ : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक अन्य विषयहरू

## ५.१ विपद् न्यूनीकरण तथा व्यवस्थापन कोष

कुनै पनि कार्य सञ्चालन लागि रकमको आवश्यकता पर्दछ । विपद्का सबै चरणका कार्यहरू सञ्चालन गर्नका लागि बजेट नभई हुँदैन । विपद् व्यवस्थापनको लागि आवस्यक पर्ने स्रोत, साधन, सीप आदिको व्यवस्था मिलाउनको लागि ठुलो मात्रामा धनराशीको जरुरत पर्दछ । एक्कासी आईपर्ने विपद्का लागि रकम तथा स्रोत साधनको जोहो क्रमिक रूपमा समयमै गर्नुपर्दछ, अन्यथा आपदविपद्को समयमा रकमको अभावमा थप क्षति व्यहोर्नु पर्ने हुन सक्छ । विपद् पश्चात एक्कासी आईपर्ने समस्या समाधानका लागि पहिला नै निश्चित रकमको व्यवस्था गरेमा परेको वेला छिटो छरितो ढंगबाट राहत तथा उद्धार कार्य प्रभावकारी ढंगबाट सम्पादन गर्न सकिन्छ । अन्यथा परेको वेला पीडितले सरकारबाट पाउनुपर्ने न्युनतम सुविधा पाउनबाट बञ्चित हुनुपर्दछ । जुन एउटा लोककल्याणकारी राज्यका लागि उचित होइन । विषेश गरेर विपद् पश्चातको राहत वितरण, उपचार र पुनर्स्थापनाका लागि रकमको तत्काल आवश्यकता पर्दछ । यदि यसका लागि पूर्वतयारी स्वरूप कोषको व्यवस्था गरियो भने परेको वेला पिडितको घाउमा केही मात्रामा भए पनि मलहम लगाउन सकिन्छ ।

जसरी केन्द्र सरकारले प्रधानमन्त्री राहत कोषलगायत अन्य कोषको व्यवस्था गरेको हुन्छ त्यसरी नै स्थानीय सरकारले पनि आफ्ने गाउँपालिकाका बासिन्दालाई सहयोग गर्नका लागि कोषको व्यवस्था गर्नु अपरिहार्य छ । गाउँपालिकाले आफ्नो आयस्रोत तथा अन्य बाह्य सहयोगबाट विपद् न्यूनीकरण तथा व्यवस्थापन कोषको निर्माण गर्नुपर्दछ । कोषको आयस्रोत, यसको संचिती र यसको प्रयोगका लागि एउटा निश्चित कार्यविधि बनाएर यसको प्रभावकारी एवं पारदर्शी प्रयोग गर्नुपर्दछ । विपद्बाट मृत्यु भएका, अंगभंग भएका, सम्पति क्षति भएका आदिलाई निश्चित रकम तोकेर प्रदान गर्न सकिन्छ । यस कोषको मुल ध्यये विपद् पश्चातको राहतको लागि भएता पनि यस कोषलाई विपद् न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्यका तथा पुनर्स्थापनाका लागि प्राथमिकताका आधारमा सदुपयोग गर्नुपर्दछ ।

### कोषको आम्दानीका स्रोत निम्नानुसार हुनेछ.:

- गाउँपालिकाको वार्षिक वजेट मार्फत विपद् व्यवस्थापन कोषमा जम्मा हुने स्वीकृत रकम
- विपद् व्यवस्थापन कार्यका लागि कोषमा जम्मा हुनेगरी अन्य स्थानीय तहबाट प्राप्त रकम
- विपद् व्यवस्थापन कार्यका लागि कोषमा जम्मा हुने गरी प्रदेश, जिल्ला तथा नेपाल सरकारबाट प्राप्त रकम
- गाउँसभाबाट स्वीकृत आर्थिक ऐनमा व्यवस्था गरिए बमोजिम विपद् व्यवस्थापन कोषमा जम्मा हुनेगरी प्राप्त हुने शुल्क तथा दस्तुर रकम
- गाउँसभा सदस्य, गाउँकार्यपालिका सदस्य तथा गाउँपालिकाका कर्मचारहिरूको स्वेच्छिक निर्षयबाट प्राप्त हुने रकम

- सरकारी तथा गैरसरकारी संघसंस्थाहरू र त्यसमा कार्यरत कर्मचारीहरू, उद्योगी, व्यवसायी, पेशाकर्मी, राजनीतिक दल, नागरिक समाज, धार्मिक तथा परोपकारी संघसंस्था र आम सर्वसाधारणबाट स्वेच्छिक रूपमा प्राप्त हुने रकम
- गैर आवासीय नेपाली, वैदेशिक सरकार तथा संघसंस्थाको तर्फबाट प्रचलित कानुनको अधीनमा रही प्राप्त हुने रकम
- कोषको खाता सञ्चालनमा रहेको वित्तीय संस्थाले त्यस्तो कोषमा रहेको रकममा उपलब्ध गराएको व्याज आय
- प्रचलित कानुनको अधीनमा रही कोषमा जम्मा हुने गरी अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

**कोषमा जम्मा भएको रकम तथा सामग्री देहाय बमोजिमको कार्यमा खर्च गरिनेछः**

- विपद्बाट प्रभावित भएको वा हुन सक्ने व्यक्ति वा समुदायको तत्काल खोजी, उद्धार तथा सम्पतिको संरक्षण गर्न ।
- विपद् प्रभावितको तत्कालीन राहतका लागि आवस्यक पर्ने खाद्यान्न, खानेपानी, लत्ता कपडा, औषधी, सरसफाई तथा शैक्षिक सामग्रीजस्ता वस्तुहरू खरिद गरी उपलब्ध गराउन तथा तत्सम्बन्धी अन्य आवश्यक कार्य गर्न ।
- विपद्को कारण स्थायी बसोवास स्थल गुमाएका व्यक्तिहरूका लागि अस्थायी शिविर वा आश्रयस्थल बनाउन तथा पुनर्स्थापना गर्न
- विपद्को कारणबाट घाईते वा बिरामी भएका व्यक्तिको औषधोपचार गर्न ।
- विपद्प्रभावितलाई मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न ।
- विपद्को कारणबाट मृत्यु भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि निजको परिवारलाई तोकिए वमोजिमको सहायता उपलब्ध गराउन ।
- विपद्को कारण सम्पतिको क्षति हुने व्यक्तिलाई तोकिए बमोजिमको राहत उपलब्ध गराउन ।
- खोज, उद्धार तथा प्राथमिक उपचारका लागि स्वयम सेवक तथा विशेषज्ञको परिचालन र सामग्री खरिद तथा भण्डारण गर्न ।
- विपद्को कारणबाट भएको फोहरमैला तथा प्रदुषणको विसर्जन गर्न ।
- विपद्पूर्व सूचना प्रणाली स्थापनासम्बन्धी उपकरण खरिद, प्रणाली विकास र सोको सञ्चालन गर्न ।
- खोज, उद्धार र राहतको लागि तत्काल सञ्चार तथा यातायात सुचारु गर्न ।
- स्थानीय स्तरमा रहेका विपद् व्यवस्थापन स्वयम् सेवकहरूको क्षमता विकास तथा परिचालनसम्बन्धी कार्य गर्न ।
- जोखिमयुक्त स्थानको पहिचान तथा उक्त स्थानको धनजनको स्थानान्तरण गर्न ।
- विपद्पश्चात विपद्बाट भएको क्षतिको लेखाजोखा र विपद्पश्चातको आवश्यकताको पहिचान गर्न ।
- विपद्पछिको पुननिर्माण गर्न ।
- विपद् पूर्वतयारी, विपद्प्रतिकार्य, विपद्पछिको पुनर्लाभ, विपद्जोखिम न्यूनीकरणजस्ता विपद्व्यवस्थानका कार्य गर्न ।
- समितिले तोके बमोजिमको विपद् व्यवस्थापनसम्बन्धी अन्य काम गर्न ।

## ५.२ विपद् व्यवस्थापन समिति

गाउँपालिकामा हुनसक्ने विपद्‌बाट जनधनको क्षतिलाई कम गर्नका लागि विविध प्रकारका गतिविधिहरू सञ्चालन गर्नुपर्दछ । यी विविध गतिविधिलाई व्यवस्थितरूपमा सञ्चालन गर्नको लागि निश्चित व्यक्तिहरूलाई जिम्मेवारी दिईयो भने त्यसबाट आशातित परिणाम हासिल गर्न सकिन्छ । त्यसरी स्थानीय व्यक्तिको समूह अर्थात समिति निर्माण गरियो भने जनसहभागिता बढाउन सकिन्छ र त्यसमा स्थानीय स्रोत साधन र सीपको प्रयोग तथा सबै कार्य एवं योजनाप्रति जनताको अपनत्व पनि स्थापित हुन्छ । त्यस्तै त्यो समितिलाई जवाफदेहितापूर्ण तरिकाले निर्दिष्ट काममा लगाउन सकिन्छ ।

विपद् व्यवस्थापन समितिलाई तीन तहमा गठन गर्न सकिन्छ । गाउँपालिका, वडा र समुदाय स्तरमा विपद् व्यवस्थापन समिति निर्माण गरी त्यो समितिमार्फत विपद् न्यूनीकरण तथा व्यवस्थापनका लागि गरिने रोकथाम, न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापनाका कार्यहरू योजनावद्ध ढंगबाट अगाडि बढाउन सकिन्छ । आफ्नो समुदाय, वडा तथा गाउँपालिकामा हुने विपद् व्यवस्थापनलाई यो समिति मार्फत सम्पन्न गरीनु पर्दछ ।समुदाय, वडा र गाउँपालिकाको क्षमताअनुसार उनीहरूले उद्धार सामग्री, तालिम, उद्धार टोली, स्वयंसेवक आदिको व्यवस्था मिलाउनुका साथै पूर्व सूचना र जनसचेतनाका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

गाउँपालिका विपद् व्यवस्थापन समितिले जिल्ला, प्रदेश तथा केन्द्रका विपद् व्यवस्थापन समितिहरूसँग समन्वय गरी कार्य गर्नुपर्दछ । यसले NEOC तथा DEOC सँग पनि निरन्तर समन्वय गरी सूचनाको आदान प्रदान गरी परेको वेला छिटो, व्यवस्थित तथा प्रभावकारी सहयोगको ग्यारेन्टी गर्नुपर्दछ ।

गाउँपालिका विपद् व्यवस्थापन समितिले गाउँपालिकामा रहेका स्कुल, कलेज, क्लब, आमा समूह तथा अन्य संगठीत संस्थासँग समन्वय गरी विपद् न्यूनीकरण तथा उद्धारको कार्य गर्नुपर्दछ । स्थानीय स्तरमा जनचेतना फैलाउने, तालिम सञ्चालन गर्ने, उद्धार सामग्रीको व्यवस्था मिलाउने र विपद्‌को समयमा जनसहभागिता सहित उद्धार तथा पुनर्स्थापना कार्यमा लाग्नुपर्दछ ।

विद्यालय तथा कलेजहरूमा विपद्‌सम्बन्धी जानकारीमूलक कक्षा सञ्चालन गर्ने, विपद्‌को समयमा गर्नुपर्ने कार्यसम्बन्धी अभ्यास गर्ने कार्यलाई पनि निरन्तर रूपमा सञ्चालन गर्नुपर्दछ । बढिभन्दा बढि जनतालाई विपद्‌का सम्बन्धमा सजग, सचेत र सक्षम बनाउन प्रयत्न गर्नुपर्दछ ।

गाउँमा अझैपनि हरेक घरमा शौचालयको व्यवस्था हुन सकेको छैन । त्यसले गर्दा रोग तथा महामारी फैलन सक्ने खतरा जहिले पनि विद्यमान छ । तसर्थ सबै तहका समितिले खुला दिशा गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्दछ । जथाभावी पानी पिउनाले पनि रोगलाई निम्त्याउने भएकोले शुद्ध पानीको व्यवस्था गर्ने कुरालाई प्राथमिकता दिनुपर्दछ ।

कुनैपनि विकास निर्माणको कार्य गर्दा वातावरणीय मूल्याङ्कन गरेर मात्र गर्नुपर्दछ । प्राकृतिक तथा जैविक संरक्षणमा विशेष ध्यान दिनुपर्दछ । वृक्षारोपण, पानीको मुहान तथा पोखरी संरक्षण र जमिनको बनावट हेरी त्यसको यथोचित प्रयोग गर्ने कुरालाई जोड दिनुपर्दछ । बनफडानी, ढुङ्गाबालुवाको जथाभावी उत्खनन् आदिलाई पनि लगाम लगाउनु पर्दछ । विकास निर्माणका कार्य गर्दा विपद् उत्थानशीलतालाई प्रतिकूल हुनेगरी कदापी गर्नु दिनु हुँदैन ।

सबै स्तरका विपद् व्यवस्थापन समितिले उद्धार टोलीको निर्माण, उद्धार तथा राहत सामग्रीको भण्डारण तथा विपद् व्यवस्थापन सम्बन्धित क्रियाकलापलाई विशेष महत्वका साथ अगाडि बढाउनु पर्दछ । सम्भव भएसम्म जोखिमयुक्त स्थानमा रहेको बसोवासलाई स्थानान्तरण गरी सुरक्षित स्थानमा राख्नुपर्दछ ।

पूर्व सूचनाले पनि जनधनको क्षतिलाई निकै कम गर्न भूमिका निर्वाह गर्ने भएकोले यसको विकासलाई पनि प्राथमिकता राखी काम गर्नुपर्दछ । माथिल्लो तटीय क्षेत्रमा बस्ने व्यक्तिसँग समन्वय गरी बाढीको पूर्व सूचना प्राप्त गर्न सक्ने व्यवस्था मिलाउन सकिन्छ । विभिन्न सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गरी पूर्व सूचना प्रणालीको स्थापना गर्न पहल गर्नुपर्दछ ।

आपतकालीन उद्धारको लागि सुरक्षा निकाय, स्वास्थ्यकर्मी तथा हेलिकप्टरको रोस्टर तयार गरी परेको वेला तुरुन्त सहयोग गर्ने कुराको सम्झौता वा ग्यारेन्टी गरिनुपर्दछ । गाउँपालिकास्तरमा विपद्सम्बन्धी समन्वय गर्नका लागि सम्बन्धित विषयमा जानकारी भएको कर्मचारीलाई जिम्मेवारी दिनुपर्दछ । उसले विपद्सम्बन्धी सूचना संकलन, आदानप्रदान तथा सम्प्रेषण आदिको कार्य गर्दछ । साथै उसलाई विपद् न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित सबै कुराको बन्दोबस्त गर्ने, समन्वय गर्ने तथा अध्ययन अनुसन्धान गर्ने कार्यमा खटाउन सकिन्छ ।

विभिन्न स्तरको विपद् व्यवस्थापन समिति निम्न सदस्य रहने गरी बनाउन सकिनेछ ।

### ५.२.१ गाउँपालिका विपद् व्यवस्थापन समिति

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| हरेक वडाबाट १/१ जना वडा सदस्य | सदस्य |
| गाउँपालिकामा रहेका सुरक्षा निकायका प्रतिनिधि | सदस्य |
| गाउँपालिकामा रहेका रेडक्रसका प्रतिनिधि | सदस्य |
| स्वास्थ्य, ईन्जिनियर, वातावरण आदिसँग सम्बन्धित गाउँपालिका कर्मचारी | सदस्य |
| विपद्को क्षेत्रमा काम गर्ने गैरसरकारी कार्यालयका प्रतिनिधि | सदस्य |
| गाउँपालिकामा रहेका सञ्चार माध्यमका प्रतिनिधि | सदस्य |

### ५.२.२ वडा विपद् व्यवस्थापन समिति

| | |
|---|---|
| वडा अध्यक्ष | संयोजक |
| एक महिला सहित २ जना वडा सदस्य | सदस्य |
| वडामा रहेका विद्यालयका प्रतिनिधि | सदस्य |
| वडामा रहेका सञ्चार माध्यमका प्रतिनिधि | सदस्य |
| वडामा रहेका क्लवका प्रतिनिधि | सदस्य |
| वडामा रहेका सुरक्षा निकायका प्रतिनिधि | सदस्य |
| वडामा रहेका आमा समूहका प्रतिनिधि | सदस्य |
| वडामा रहेका रेडक्रस शाखाका प्रतिनिधि | सदस्य |

### ५.२.३ समुदाय विपद् व्यवस्थापन समिति

| | |
|---|---|
| वडा सदस्य | संयोजक |
| स्थानीय समुदायको प्रतिनिधित्व गर्नसक्ने स्वयंसेवी ४ जना | सदस्य |

विपद् व्यवस्थापन समिति बाहेक आपतकालीन अवस्थामा उद्धार कार्य गर्न सक्ने टोलीको पनि विकास गनुपर्दछ । सम्भव भएमा हरेक वडामा र त्यो सम्भव नभएमा कम्तीमा गाउँपालिका स्तरका लागि करिब २५ जनाको उद्धार टोली तयार पार्नुपर्दछ । यस टोलीले बाढी, आगलागी, भूकम्पजस्ता ठुला खालका विपत्तिको समयमा पिडितलाई उद्धार गर्नको लागि आवस्यक पर्ने सीप सिकेको हुनुपर्दछ । उनीहरूलाई परेको बेलामा छोटो समयभित्रै जम्मा भई परिचालित हुन सक्ने गरी तालिमप्रदान गर्नुपर्दछ । उनीहरूको साथमा उद्धारका लागि आवस्यक सामग्रीहरूको पनि उपलब्धता पनि हुनुपर्दछ ।

उद्धार टोलीलाई जिल्लास्थित रेडक्रस वा सुरक्षा निकायको समन्वयमा उद्धारसम्बन्धी तालिम प्रदान गर्नुपर्दछ र यस्तो तालिमहरेक वर्ष सञ्चालन गरिनुपर्दछ । उद्धार टोलीलाई खोज तथा उद्धार, प्राथमिक उपचार, लाश व्यवस्थापन, अग्नि नियन्त्रण, पानीजन्य विपद्बाट उद्धार, खोच तथा ईनारमा फसेका व्यक्तिको उद्धारलगायतका तालिमहरू प्रदान गर्नुपर्दछ । तालिम गराउँदा बाढी, आगलागी, भूकम्पका अलावा माङसेबुङमा हुनसक्ने सबै खालका विपद्लाई सामना गर्न सक्ने पाठ्यक्रमहरू समावेश गरिनुपर्दछ । उनीहरूलाई उद्धार कार्यमा खटिएको अवधिभरका लागि भत्ताको पनि व्यवस्था गरिनुपर्दछ । उद्धार टोलीलाई सहयोग गर्नको लागि हरेक वडाबाट करिव १० जनाको स्वयंसेवक टोली पनि तयार पार्न सकिन्छ । यस स्वयंसेवक टोलीलाई पनि विपद्सम्बन्धी सामान्य जानकारी एवं तालिमप्रदान गर्नुपर्दछ ।

## ५.३ विपत् उद्धारका लागि आवश्यक पर्ने सामग्रीहरू

**तालिका नं. ३८:** विपत्को समयमा आवश्यक पर्ने सम्भावित बन्दोबस्तीका सामग्रीहरू

| क.सं | बन्दोबस्तीको सामग्रीको नाम | अ.मुल्य |
|---|---|---|
| १ | डोजर/एस्काभेटर | १.५ करोड |
| २ | सवारी साधन (टीपर, ट्रक, ट्र्याक्टर - इन्धन सहित) | १ करोड |
| ३ | एम्बुलेन्स | ४० लाख |
| ४ | बारुण यन्त्र | ५० लाख |
| ५ | शव बाहन | २० लाख |
| ६ | वाटर वोट | ५ लाख |
| ७ | टेन्ट | २५ हजार |
| ८ | प्लाष्टिक | २ हजार |
| ९ | स्लिपीङ व्याग | १ हजार |
| १० | ब्लाङ्केट | १ हजार |
| ११ | पोर्टेवल ट्वाईलेट | ५ हजार |
| १२ | टवाईलेट पेपर | ५ सय |
| १३ | ग्यालेन | १ सय |

| क्र.सं | बन्दोबस्तीको सामग्रीको नाम | अ.मुल्य |
|---|---|---|
| १४ | सावुन | २० रूपैया |
| १५ | दन्त मन्जन, ब्रस | २ सय |
| १६ | जुत्ता, चप्पल | ५ सय |
| १७ | कीटनााशक औषधी | २ सय |
| १८ | क्यामेरा | १५ हजार |
| १९ | रेडियो | २ हजार |
| २० | टर्च | ५ सय |
| २१ | सिठी | ५ रूपैया |
| २२ | सर्च लाईट | २ हजार |
| २३ | थप व्याट्री | ५० रूपैया |
| २४ | तारजाली | १ हजार |
| २५ | बोरा | १० रूपैया |
| २६ | बन्चरो | २ सय |
| २७ | पिक / साबेल | ४ सय |
| २८ | डोरी र क्यारोविना | २ हजार |
| २९ | टयूब | ५ सय |
| ३० | लाइफ ज्याकेट | २ हजार |
| ३१ | प्लाष्टिक ड्रम | १ हजार |
| ३२ | बास | ५ सय |
| ३३ | मल्टी प्रपोच टुल | २ हजार |
| ३४ | भऱ्याङ्ग (फोल्डीङ्ग सिढी) | ५ हजार |
| ३५ | आगलागी नियन्त्रणका लागि आवस्यक पर्ने सामग्री तथा लुगा (Fireproof suit, mask, glove and boot, Fire rescue cooling vest, Fire extinguisher, Air breathing apparatus, Fire blankets) | २० लाख |
| ३६ | खोला तथा नदीमा उद्धारको लागि आवस्यक पर्ने सामग्री (Life jacket, Raincoat, Water Rescue Throw Bags, Rope, Water Rescue Drysuits, Personal Flotation Devices, Water Rescue Helmets, Rescue Sleds / Boards / Rafts) | २० लाख |
| ३७ | पहाड, खोच तथा ईनार फसेकालाई उद्धार गर्नको लागि आवस्यक पर्ने सामग्री (Rope, Oxygen cylinder, Face mask, Gas mask, Hand gloves, Gum boot, Safety shoes , Helmet, Dragon light, emergency light, Rappelling rope, Climbing rope, Descenders, Ascenders, harness, Safety net, Hand tool set, Safety jacket, spad, pickaxe, Mega phone, P.A. system, power tool, manikin, folding shovel, stretcher etc.) | २० लाख |
| ३८ | मेडिकल फस्ट रेस्पोन्सका लागि आवश्यक पर्ने सामग्री । | १० लाख |

| क्र.सं | बन्दोबस्तीको सामग्रीको नाम | अ.मुल्य |
|---|---|---|
| | (First-aid manual, List of emergency phone numbers, Sterile gauze pads of different sizes, Adhesive tape, Adhesive bandages, Elastic bandage, Splint, Antiseptic wipes, Soap, Antibiotic ointment, Antiseptic solution, Acetaminophen and ibuprofen, Tweezers, Sharp scissors, Safety pins, Disposable instant cold packs, Calamine lotion, Alcohol wipes or ethyl alcohol, Thermometer, Tooth preservation kit, Plastic non-latex gloves, Flashlight and extra batteries, Blanket, Mouthpiece for giving CPR) | |
| ३९ | लाश व्यवस्थापनका लागि आवस्यक पर्ने सामग्रीहरू (एप्रोन, मास्क, ग्लोव, चस्मा, रवर बुट, डोरी, मृत व्यक्तिका सामग्री राख्ने प्लाष्टीकका झोला, लाश राख्ने प्लाष्टीक व्याग, पीक, सावेल, शव वाहन) | ५ लाख |
| ४० | भूकम्प पश्चातको उद्धारका लागि CSSR का सामग्री (Bolt-cutter, Chainsaws, Chipping hammser, Chisel, Circular saw, Come-along, Crowbar, Reciprocating saw, Rotary hammer, Rotary rescue saw, Hacksaw, Hammer, Pry bar, Hydraulic jack, Saw, Shovels, Sledgehammer, Pliers, Keyhole saw, Screwdriver, Latex gloves, Halogen lights, Megaphone, Extension cord, Fire extinguisher, Generator, Handheld radios, Safety vest, Safety cones, Ladder, Wood piece ) | ५० लाख |
| ४१ | गाउँपालिका सबै वडा, सडक, नदी, बस्ती, खुला ठाउ, स्कुल, स्वास्थ्य चौकी देखिने नक्शा | ५ हजार |
| ४२ | विपद्जोखीम न्यूनीकरण तथा व्यवस्थापन योजना | - |
| ४३ | आपतकालीन कोष | - |

## ५.४ प्रभावित व्यक्तिहरूका लागि तत्काल आवश्यक खाद्य सामग्रीको विवरण

**तालिका नं. ३९:** प्रभावित व्यक्तिहरूका लागि खाद्य सामग्रीसम्बन्धी विवरण

| क्र.सं. | विवरण | प्रति व्यक्ति/प्रति दिन |
|---|---|---|
| १ | पानी | १० लीटर |
| २ | पानी शुद्धीकरण गर्ने औषधी | ५ ग्राम |
| ३ | चिउरा | १०० ग्राम |
| ४ | चाउचाउ | १ गोटा |
| ५ | बिस्कूट | १ गोटा |
| ६ | जूस | १ गोटा |
| ७ | चिनी | ५० ग्राम |
| ८ | चियापत्ती | २ ग्राम |
| ९ | चामल | ५०० ग्राम |
| १० | दाल | ६० ग्राम |

| क्र.सं. | विवरण | प्रति व्यक्ति/प्रति दिन |
|---|---|---|
| ११ | तरकारी | १५० ग्राम |
| १२ | आलु | १०० ग्राम |
| १३ | माछा/मासु | २०० ग्राम |
| १४ | अण्डा | १ गोटा |
| १५ | तेल | ४० मीली |
| १६ | नुन | ५ ग्राम |
| १७ | मसला | ३० ग्राम |

## ५.७ विपद् व्यवस्थापनका लागि कार्ययोजना (Logical Framework Approach (LFA)

### ५.७.१ नीतिगत तयारी

| विपदहरू | प्रस्तावित कार्यक्रमहरू | कार्यान्वयन अवधि | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| सबै | गाउँपालिका स्तरमा विपद् राहत कोष वा आपतकालीन कोषलाई सक्रिय बनाउने, स्रोतसाधन प्रबन्ध गर्ने | अ.का | १०० | गा.पा. | प्र.स., जि.आ.स.के. / अन्य संस्थाहरू |
| | सरोकार संस्थाहरू तथा समुदायहरू बिच संयोजन गर्न विपद् जोखिम व्यवस्थापनका लागि निर्देशिका तयार गर्ने | अ.का. | ५ | गा.पा. | रा.आ.स.के./जि.आ.स.के./ अन्य संस्थाहरू |
| | गाउँपालिका विपद् व्यवस्थापन समिति गठन गरी कार्यमूलक बनाउने | अ.का. | १ | गा.पा. | |
| | वडास्तरमा विपद् व्यवस्थापन समिति गठन गरी कार्यमूलक बनाउने | अ.का. | १ | गा.पा. | |
| | समुदायस्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने | अ.का. | ५ | गा.पा. | |
| | गाउँपालिका स्तरमा विपद् जोखिम व्यवस्थापन इकाइ/फोकल व्यक्ति/डेस्क/संयोजक स्थापना गर्ने र कार्यान्वयन गर्ने | अ.का. | १० | गा.पा. | जि.आ.स.के./अन्य संस्थाहरू |
| | स्वयंसेवकहरूको संजाल स्थापना गरी विपद् तयारी, उद्धार तथा राहतसम्बन्धी क्षमता अभिवृद्धि तालिम सञ्चाल गर्ने | म.का. | ५ | गाउँपालिका | जि.आ.स.के., रेडक्रस |

| विपदहरू | प्रस्तावित कार्यक्रमहरू | कार्यान्वयन अवधि | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | राहत तथा पुनर्स्थापना संयन्त्र निर्माण गरी कार्यान्वयन गर्ने | अ.का. | २ | गाउँपालिका | स.स. तथा गै.स.स. |
| | प्रत्येक घरधुरीमा स्वास्थ्य तथा सम्पत्ति बिमा गर्ने | सधै | २ | कृ.वि.म., स्वा.ज.म. | |
| | उद्धार सामग्री खरिद गरी भण्डारण गर्ने | अ.का. | ५० | गाउँपालिका | के.स., प्र.स., जि.वि.व्य.स.तथा गै.स.स. |
| | आपतकालीन राहत सामग्री खरिद गरी भण्डारण गर्ने | अ.का. | २० | गाउँपालिका | के.स., प्र.स., जि.वि.व्य.स.तथा गै.स.स. |
| | औषधी तथा अन्य उपकरण खरिद गरी भण्डारण गर्ने | अ.का. | १० | गाउँपालिका | के.स., प्र.स., जि.वि.व्य.स.तथा गै.स.स. |
| | एम्बुलेन्स, शवबाहन, वारुणयन्त्र, एक्जाभेटर सहित अन्य हेभी ईक्युपमेन्टको व्यवस्था गर्ने | क्रमिक रूपमा (दि.का) | २०० | गाउँपालिका | के.स., प्र.स., जि.वि.व्य.स.तथा गै.स.स. |
| भूकम्प | भवन संहिता बनाई सोही बमोजिम मात्र घर बनाउने अनुमति प्रदान गर्ने | सधैं | १० | गा. पा. | भवन विभाग |

### ५.७.२ भौतिक विकास तथा निर्माण

| विपद्को प्रकार | प्रस्तावित कार्यक्रमहरू | कार्यान्वयन अवधि | अनुमानित लागत ( लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| सबै | जोखिमयुक्त सबै समुदायहरूमा सहज पहुँचका लागि सडक तथा पुलहरूको स्तरोन्नति गर्ने | म. का. | २० | गा.पा., स.वि. | जि.स.स., र अन्य संस्थाहरू |
| | जोखिमयुक्त सबै स्थानमा आपतकालीन उपयुक्त आश्रयस्थलहरूको पहिचान तथा निर्माण गर्ने | म.का. | ५० | गा.पा., जि.स.स | भ.वि., गै.स.स. |
| | आपतकालीन परिचालन केन्द्र निर्माण गर्ने | म.का. | १५ | जि.आ.स.के., जि.वि.रा.स. , गाउँपालिका | जि.स.स., गै.स.स. |
| | जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा मौसमि गतिविधि निगरानी तथा सूचना प्रणालीको प्रावधान राख्ने | संधै | १५ | ज. मौ. वि. | गै.स.स. |

| विपद्को प्रकार | प्रस्तावित कार्यक्रमहरू | कार्यान्वयन अवधि | अनुमानित लागत ( लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | प्रर्याप्त मात्रामा एम्बुलेन्स, वारुणयन्त्र, उपचार केन्द्र तथा आपतकालीन उपकरणहरूको व्यवस्था गर्ने | क्रमिक रुपमा | १०० | जि.आ.स.के., जि.वि.रा.स. गाउँपालिका | जि.स.स, गै.स.स. |
| | औषधी तथा आपतकालीन खाद्यान्न र लुगाफाटोको भण्डारण गर्ने | अ.का. | १० | गा.पा.आ.स.के, गाउँपालिका | जि.आ.स.के., जि.वि.रा.स. |
| बाढी | बाढीबाट प्रभावित हुनसक्ने स्थानमा आवश्यकताअनुसार तारजाली तथा तटबन्धहरू निर्माण गर्ने विशेषगरी | दि.का. | ५०० | ज.उ.प्र.नि.वि. , गा.पा. | के.स., प्र.स. |
| | खाली ठाउँ तथा खोला नदी किनारमा वृक्षारोपण गर्ने | म.का. | १० | जि.व.का. | गा.पा., स्थानीय समुदाय |
| | बाढीले प्रभाव पार्न सक्ने सम्भावित स्थानका बस्तीका सुरक्षित स्थानमा स्थानान्तरण गर्ने । | दि.का. | २०० | गा.पा. | |
| | ढल तथा नालाको राम्रो व्यवस्था मीलाउने | मा.का. | २५ | गा.पा. | प्र. स., स.स. |
| | बाढीको समयमा बस्न मिल्ने सुरक्षित स्थानको पहिचान गर्ने | अ.का. | ३ | गा.पा.आ.स.के | |
| | वडास्तरमा सवारी साधन, गोदाम आदि व्यवस्था गर्ने | अ.का. | १० | गा.पा. | जि.आ.स.के. |
| | बाढीको समयमा वैकल्पिक संचार तथा विद्युत सुविधाको व्यवस्था गर्ने | अ.का. | १० | सु.प्र.वि. | |
| आगलागी | आगलागी रेखा (Fireline) निर्माण गर्ने र आगो नियन्त्रणको संयन्त्र बनाउने, गाउँपालिकामा एक वारुणयन्त्र खरिद गर्ने | म. का. | १०० | गा.पा. | जि.व.का. , सा.व.उ.स. र स्थानीय समुदायहरू |
| | भवन संहिताको पालना गरी घर निर्माण गर्ने र घरसम्म वारुणयन्त्र जानसक्ने सडक खुला राख्ने | संधै | | गाउँपालिका, स. बि | |
| | आवस्यक स्थानहरूमा आगलागी नियन्त्रणको लागि पानी संकलन केन्द्र निर्माण गर्ने | म.का. | २० | गा.पा, गा.पा.आ.स.के | जि.आ.स.के. |
| | शीतलहरको समयमा बस्न मिल्ने सुरक्षित स्थानको | दि.का. | १० | गा.पा, भ.वि | जि.आ.स.के. |

| विपद्को प्रकार | प्रस्तावित कार्यक्रमहरू | कार्यान्वयन अवधि | अनुमानित लागत ( लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| शीतलहर | पहिचान तथा निर्माण गरी गरीब तथा निमुखालाई त्यहाँ बस्ने व्यवस्था मिलाउने | | | | |
| | ठाउँठाउँमा आगो ताप्ने व्यवस्था मिलाउने | अ.का. | २ | गा.पा, आ.स.के | समुदायहरू |
| | आवश्यकताअनुसार विपन्न जनताहरूलाई न्याना लुगाफाटा वितरण गर्ने | अ.का. | १० | गा.पा, गा.पा.आ.स.के | जि.आ.स.के. |
| खडेरी | आकाशे पानी संकलन गर्न प्रत्येक वडाहरूमा पोखरीहरू निर्माण गर्ने | म.का. | ७५ | सी.वि., जि.कृ.वि.का. | |
| | सबै खेतीयोग्य जमिनमा सिँचाइको भरपर्दो व्यवस्था गर्ने (नहर, ट्युबवेल, बोरिंग) | दि.का. | १०० | सी.वि., जि.कृ.वि.का. | |
| | Drip and sprinkler irrigation systems प्रयोग लाई प्रोत्साहन गर्ने | म.का. | १० | जि.सी.का., जि.कृ.वि.का., गा.पा. | |
| | खाली ठाउँमा वृक्षारोपण गर्ने | म.का. | २० | जि.सी.का., जि.कृ.वि.का., गा.पा | गै.स.स., सा.व.उ.स. |
| | सिमसार, पोखरी आदिको संरक्षण गर्ने | दि.का. | ३० | जि.सी.का., जि.कृ.वि.का., गा.पा | गै.स.स., सा.व.उ.स. |
| | वडास्तरमा पोखरी निमार्ण, आकाशे पानी संकलन र पानीको धारा निर्माण | दि.का. | १०० | जि.सि.का., जि.कृ.वि.का., गा.पा | गै.स.स., सा.व.उ.स. |
| | वैकल्पिक बीज, बीज संरक्षण तथा खाद्यान्न सुरक्षाको संयन्त्र निर्माण गर्ने | अ.का. | ५० | जि.सी.का., जि.कृ.वि.का., गा.पा | गै.स.स., |
| | भूकम्प प्रतिरोधी संरचनाहरू बनाउने | दि.का. | | | |
| | भूकम्प प्रतिरोधी घर बनाउने व्यक्तिलाई सहुलियतको व्यवस्था मिलाउने | अ.का. | १०० | १० | गा.पा. |
| | ईक्वीपमेन्टसहित आवश्यक न्यूनतम उद्धार सामग्री सहित खोज तथा उद्धार योजना तयारी गर्ने | अ.का. | ५० | गा.पा. | जि.आ.स.के. |

| विपद्को प्रकार | प्रस्तावित कार्यक्रमहरू | कार्यान्वयन अवधि | अनुमानित लागत ( लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| सर्पदंश | स्वास्थ्य केन्द्रहरूमा सर्पदंश उपचार इकाई स्थापना गर्ने | अ.का. | ५० | गा.पा. | |

### ५.७.३ संस्थागत क्षमता विकास

| संस्थागत क्षेमता विकास विपदहरू | प्रस्तावित कार्यक्रमहरू | कार्यान्वयन अवधि | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| सबै | | | | | |
| | विपद् व्यवस्थापन समिति गठन तथा संस्थागत गर्ने, सम्पूर्ण नीतिगत र स्रोतसाधनगत प्रबन्ध गर्ने | अ.का. | ५ | गाउँपालिका | जि.वि.रा.स., स्थानीय गै.स.स., सरोकारवाला संस्थाहरू |
| | सबै वडा तथा जोखिमयुक्त समुदायहरूमा स्वयंसेवक दस्ताहरू निर्माण गर्ने | अ.का. | २० | गा.पा., रेडक्रस, जि.वि.रा.स. | रेडक्रस जि.वि.रा.स. , गै.स.स. |
| | स्वयंसेवक दस्ताहरू तथा सम्बन्धित सरकारी कर्मचारीहरू तथा सरोकारवालाहरूलाई समुदायमा आधारित विपद् व्यवस्थापन, उद्धार तथा राहत तालिम प्रदान गर्ने | अ.का. | १० | जि.वि.रा.स., रेडक्रस | रेडक्रस जि.वि.रा.स., गै.स.स. |
| | बाढी, तथा डुवानको जोखिममा रहेका बस्तीहरूको पहिचान गरी उनीहरूको आपतकालीन सुरक्षा व्यवस्था मिलाउने | अ.का. | ३० | जि.वि.रा.स., गा.पा. | |
| कृषि महामारी तथा खडेरी | जोखिम प्रतिरोधी बालि, प्रजातिहरू, प्रविधिहरू तथा उपायहरूको बारेमा तालिम सञ्चालन गरी क्षमता अभिवृद्धि गर्ने | सधै | ५० | गाउँपालिका | ने.कृ.अ.प. |
| | कृषि विकास योजना बनाई कार्यान्वयन गर्ने | अ.का. | १० | गा.पा. | उपभोक्ता समितिहरू |
| भूकम्प | भूकम्पका बारेमा आम मानसमा सचेतना जगाउने | अ.का. | १० | गा.पा., जि.आ.स.के. | रेडक्रस |
| | बाढीको जोखिम तथा त्यसबाट उत्पन्न हुनसक्ने समस्या समाधानका लागि सार्वजनिक सूचना प्रवाह गर्ने | म.का. | १० | गा.पा., जि.आ.स.के. | रेडक्रस |

### ५.७.४ मानव संसाधन विकास

| संस्थागत क्षेमता विकास विपदहरू | प्रस्तावित कार्यक्रमहरू | कार्यान्वयन अवधि | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| सबै | विपद् योजनासम्बन्धी<br>विपद् व्यवस्थापनसम्बन्धी<br>जलवायु परिवर्तनसम्बन्धी<br>Agro-meteorological भविष्यवाणी सम्बन्धी गाउँपालिका कर्मचारी तथा पदाधिकारीहरूलाई तालिम प्रदान गर्ने | अ.का. | १० | जि.वि.रा.स, रेडक्रस, गा.पा | जि.कृ.वि.का<br>जि.स.स<br>गै.स.स. |
| | गाउँपालिका भित्र रहेको सबै विद्यालयहरूमा विपद् न्यूनीकरण (Disaster Risk Reduction) तालिम नियमितरूपमा सञ्चालन गर्ने | अ.का. | ३० | जि.वि.रा.स,<br>जि.आ.स.के.<br>रेडक्रस, गा.पा | गै.स.स. |
| | सबै वडाहरूमा नियमित रूपमा आपतकालीन उद्धार तालिम सञ्चालन गर्न | अ.का. | ३० | जि.वि.रा.स.,<br>जि.आ.स.के., | गै.स.स.<br>रेडक्रस,<br>गा. पा. |
| | सबै वडा तथा विद्यालयहरूमा प्राथमिक उपचार तालिम नियमितरूपमा सञ्चालन गर्ने | अ.का. | ३० | जि.वि.रा.स.,<br>रेडक्रस,<br>गा. पा. | गै.स.स. |
| | विपद् उद्धारसम्बन्धी तालिम सञ्चालन गरी स्वयंसेवक तथा रेस्क्यु टिमको विकास गर्ने | अ.का. | ५० | जि.वि.रा.स.,<br>रेडक्रस,<br>गा. पा. | गै.स.स. |
| | वडास्तरमा स्थानीय स्वयमसेवकको गठन गरी परिआएको बेला तालिम सञ्चालन तथा परिचालन गर्ने | म.का. | २० | जि.वि.रा.स.,<br>रेडक्रस,<br>गा. पा. | जि.स.स.,<br>गै.स.स. |
| भूकम्प | भूकम्प प्रतिरोधी घर बनाउने तरिकाको बारेमा तालिम प्रदान गर्नुका साथै प्रचारप्रसार गर्ने | म.का. | ५० | गा.पा., भ.वि. | जि.स.स.,<br>गै.स.स. |
| | भूकम्पबाट जोगिने उपायहरूको बारेमा समुदायस्तरमा तालिम सञ्चालन गर्ने | म.का. | २० | जि.आ.स.के.,<br>जि.वि.रा.स. ,<br>रेडक्रस, गा. पा. | गै.स.स. |
| | विद्यालयहरूमा नियमित रूपमा भूकम्प पूर्व-अभ्यास (Earthquake Drill) गर्ने | अ.का. | ३० | जि.आ.स.के.,<br>जि.वि.रा.स. ,<br>रेडक्रस, गा. पा. | जि.स.स.,<br>गै.स.स. |

| संस्थागत क्षमता विकास विपदहरू | प्रस्तावित कार्यक्रमहरू | कार्यान्वयन अवधि | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| शीतलहर | शीतलहरसम्बन्धी तालिम प्रदान गर्ने र शीतलहरबारेमा आम मानसमा सचेतना जगाउने | म.का. | १० | जि.आ.स.के., जि.वि.रा.स. , रेडक्रस, गा. पा. | जि.स.स., गै.स.स. |
| आगलागी | आगलागीबाट बच्ने उपाय सम्बन्धी तालिम प्रदान गर्ने | अ.का. | १० | जि.आ.स.के., जि.वि.रा.स., रेडक्रस, गा. पा. | गै.स.स. |
| खडेरी | वैकल्पिक बालीको विकास तथा खडेरी सहन सक्ने जातको बालीनाली खेतीपातीसम्बन्धी तालिम प्रदान गर्ने | अ.का. | १० | जि.कृ.वि.का, रेडक्रस, गा. पा. | गै.स.स. |

### ५.७.५ प्राकृतिक स्रोत व्यवस्थापन

| संस्थागत क्षमता विकास/विपदहरू | प्रस्तावित कार्यक्रमहरू | कार्यान्वयन अवधि | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| सबै | वृक्षारोपण गरी क्षयीकरण भएको भू-भागको अवस्थामा सुधार गर्ने | दि.का. | ५० | गा. पा. | जि.स.स., गै.स.स. |
| खडेरी | प्रभावकारी सिंचाई, भू-उपयोग प्रविधि, बालि तथा प्रजातिहरूलाई प्रोत्साहन गर्ने | दि.का. | १० | गाउँपालिका | स. स., गै.स.स. |
| | Mulching र Compost Manuring लाई प्रोत्साहन गर्ने | दि.का. | १० | गाउँपालिका | जि.स.स., गै.स.स. |
| बाढी | | | | | |
| | नदी किनार तथा जलाधार क्षेत्रहरूमा वृक्षारोण तथा बायो इन्जिनियरिंग गर्ने | दि.का. | २०० | गा.पा. | गै.स.स. |
| | समुदायमा आधारित वन तथा जलाधार व्यवस्थापन कार्यक्रमलाई प्रोत्साहन गर्ने | दि.का. | २० | गा.पा. | गै.स.स |
| | भिरालो जमिनमा (Slope agricultural land technology (SALT) लाई प्रोत्साहन गर्ने | दि.का. | ५० | गा.पा. जि.व.का. | गै.स.स. |
| | समुदायस्तरमा तालिम प्रदान गर्ने | अ.का. | १० | रेडक्रस, गा. पा. | गै.स.स. |
| आगलागी | बन जंगलमा रहेको सुखा पातपतिंगरहरू | दि.का. | २० | सा.व.उ.स., जि.व.का. | गै.स.स. |

| संस्थागत क्षमता विकास/विपदहरू | प्रस्तावित कार्यक्रमहरू | कार्यान्वयन अवधि | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | लाई नियमित रूपमा हटाउने | | | | |
| | वनजंगलको प्राविधिक तथा वैज्ञानिक व्यवस्थापन गर्ने | दि.का. | ५० | सा.व.उ.स., जि.व.का. | गै.स.स. |
| माहामारी | लामखुट्टेको नियन्त्रण गर्न खुला ठाउँहरूमा पानी जम्न नदिने जनचेतना फैलाउने | सँधै | १० | सा.व.उ.स., जि.व.का. | रेडक्रस गै.स.स. |

### ५.७.६ जीवनयापन विकास ९ीष्खभष्जियमम म्भखभयिक्रुभलत०

| संस्थागत क्षमता विकास विपदहरू | प्रस्तावित कार्यक्रमहरू | कार्यान्वयन अवधि | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| सबै | हिउँदको समयमा नदी किनारहरूमा लगाउन मिल्ने उपयुक्त बाली विकास गर्ने | दि.का. | ५० | गाउँपालिका | ने.कृ.अ.प. |
| | गैर-कृषि आम्दानीका उपायहरू विकास तथा अबलम्बन गर्ने | दि.का. | १० | गा. पा. | गै.स.स., सहकारीहरू |
| | जोखिमयुक्त समुदायहरूमा क्षमता विकास तालिम सञ्चालन गर्ने जस्तै सिलाई बुनाइ, मैन बत्ती बनाउने, परम्परागत हस्तकलाका सामान बनाउने तालिमहरू सञ्चालन गर्ने | दि.का. | ५० | गा.पा., गै.स.स. | गै.स.स., सहकारीहरू |
| | वनजंगलमा आधारित उत्पादनमुखी व्यवसायहरू अबलम्बन गर्ने तालिम सञ्चालन गर्ने | दि.का. | ५० | गा.पा. | गै.स.स., निजि क्षेत्र |
| | माछा तथा धान खेतीजस्ता एकीकृत खेती प्रणाली कार्यक्रम सञ्चालन | दि.का. | ५० | गा. पा. | ने.कृ.अ.प. |

| संस्थागत क्षेमता विकास विपदहरू | प्रस्तावित कार्यक्रमहरू | कार्यान्वयन अवधि | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | गर्न अभिमुखीकरण तालिम सञ्चालन गर्ने | | | | |
| खडेरी | समुदायहरूलाई गुणस्तरीय बिउ तथा प्रविधि उपलब्ध गराउने | दि.का. | ६० | गाउँपालिका, | गा.पा., स्थानीय समुदाय |
| | सबै खेती योग्य जमिनहरूमा सिंचाई सुविधा विस्तार गर्ने | दि.का. | १०० | गा.पा. | गा.पा., स्थानीय समुदाय |
| | एकीकृत खेती प्रणाली सम्बन्धी तालिमहरू सञ्चालन गर्ने | दि.का. | ५० | गाउँपालिका | गा.पा., स्थानीय समुदाय, गै.स.स. |

### ५.७.७ पूर्व सूचना जानकारी प्रणाली

| विपदहरू | प्रस्तावित कार्यक्रमहरू | कार्यान्वयन अवधि | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| सबै | स्वचालित जलवायु मापन केन्द्र स्थापना गर्ने | म.का. | ५० | ज.मौ.वि. | गै.स.स., गा.पा. |
| | पूर्वसूचना तथा प्रतिकार्य (Response) को चुस्त संयन्त्र निर्माण गर्ने | दि.का. | १०० | जि.वि.रा.स., गा.पा. | गै.स.स., रेडक्रस |
| खडेरी | खडेरी पूर्वसूचना, pest and crop damage preventionका बारेमा सुसूचित गर्ने संयन्त्र विकास गर्ने | म.का. | ५० | गाउँपालिका | गै.स.स |
| बाढी | बाढी पूर्वसूचना प्रणाली स्थापना गर्ने | म.का. | १०० | गाउँपालिका | जि.वि.रा.स., ज.मौ.वि. |
| शीतलहर | शीतलहर भविष्यवाणी तथा तयारीसम्बन्धी जनचेतना कार्यक्रमहरू सञ्चालन गर्ने गाउँपालिका स्तरमा | म.का. | १० | जि.वि.रा.स., गा.पा. | स्थानीय गै.स.स. |
| आगलागी | आगलागी रेखा (Fireline) निर्माण गर्ने ( वन क्षेत्र) | म.का | ५० | गा.पा | सा.व.उ.स समुदाय |

## ५.७.८ आपत्कालीन विपद् प्रतिकार्य योजना

| विपदहरू | प्रस्तावित कार्यक्रमहरू | कार्यान्वयन अवधि | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| **वडास्तरमा** | सूचना सम्प्रेषण, खोज, तथा उद्धार कार्यक्रम परिचालन गर्ने | आपतकालीन अवस्थामा | २० | जि.वि.रा.स. | संचार माध्यमहरू |
| | सुरक्षा निकाय तथा स्वयंसेवक टोली परिचानल गर्ने | आपतकालीन अवस्थामा | २० | जि.प्रा.का, गा.पा.आ.स.के | सुरक्षा निकाय, रेडक्रस |
| | फोहोरमैला व्यवस्थापन प्रबन्ध तथा स्वछता कायम राख्ने | दि.का. | ४० | जि.वि.रा.स. | गै.स.स., सुरक्षा निकाय, रेडक्रस |
| | सबै जोखिमयुक्त क्षेत्रहरूमा उद्धार, खोज तथा राहत सामग्रीको व्यवस्था गर्ने | आपतकालीन अवस्थामा | ५० | जि.वि.रा.स. | गै.स.स., सुरक्षा निकाय |
| | सुरक्षित आश्रयको व्यवस्था गर्ने (प्रकोप प्रभावित क्षेत्रमा) | सधै | ३०० | जि.वि.रा.स., गा.पा. | गै.स.स., सुरक्षा निकाय |
| | मृत शरीरहरूको उचित व्यवस्थापन गर्ने | आपतकालीन अवस्थामा | २० | उद्धार टोली, नेपाल प्रहरी | गै.स.स., सुरक्षा निकाय |
| **बाढी** | क्षतिको मूल्याङ्कन गर्ने | आपतकालीन अवस्थामा | १० | | |
| | अस्थायीरूपमा बाढी नियन्त्रण गर्न मानब स्रोतको परिचालन गर्ने | आपतकालीन अवस्थामा | २० | जि.वि.रा.स., ज.उ.प्र.नि.वि., रेडक्रस | सुरक्षा निकाय, राजनैतिक दलहरू, स्वयंसेवकहरू, सामुदायिक संस्थाहरू |
| **शीतलहर** | विपन्न समुदायमा आवश्यक न्यानो कपडाहरू वितरण गर्ने | आपतकालीन अवस्थामा | २० | जि.वि.रा.स. , रेडक्रस | गा.पा., गै.स.स |
| **खडेरी** | किटनासक औषधी तथा बिउहरू उपलब्ध गराउने | आपतकालीन अवस्थामा | २० | गाउँपालिका | गै.स.स |
| **आगलागी** | आगलागी नियन्त्रण संयन्त्र परिचालन गर्ने | आपतकालीन अवस्थामा | १० | | जि.प्रा.का |
| **महामारी** | प्रभावित क्षेत्रहरूमा घुम्ती स्वास्थ्य टोलीहरू खटाउने | आपतकालीन अवस्थामा | २० | | रेडक्रस |
| | महामारी नियन्त्रणका लागि औषधी वितरण गर्ने | आपतकालीन अवस्थामा | २५ | गाउँपालिका | रेडक्रस |

### ५.७.९ पुनर्स्थापना तथा पुनर्निर्माण

| विपदहरू | प्रस्तावित कार्यक्रमहरू | कार्यान्वयन अवधि | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| सबै | राहत संकलन तथा वितरणका लागि तथ्याङ्क तयार पार्ने | विपद पछि तत्कालै | १० | जि.वि.रा.स. र गा.पा.वि.रा.स. | रेडक्रस, गै.स.स. |
| | पुनर्स्थापना तथा पुनर्निर्माणका लागि एकिन तथ्याङ्क तयार पार्ने | विपद पछि | १० | जि.वि.रा.स. र गा.पा.वि.रा.स. | गै.स.स. सरोकारवालाहरू |
| | प्रभावित बासिन्दाहरूलाई पुनर्थापनाका लागि आवस्यक सामग्रीहरू उपलब्ध गराउने (जस्तै : बिउ, घर बनाउने काठ) | विपद् पछि | २०० | जि.वि.रा.स./ गा.पा.वि.रा.स./ जि.व.का./ सा.व.उ.स. | सबै सरोकारवालाहरू |
| | विपद् तयारी तथा प्रतिकार्य प्रभावकारिता मूल्याङ्कन गर्ने | विपद् पछि | १० | जि.वि.रा.स./ गा.पा.वि.रा.स. | सबै सरोकारवालाहरू |
| बाढी | क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण गर्ने | विपद् पछि | १००० | जि.वि.रा.स./ गा.पा.वि.रा.स., गा.पा. | सबै सरोकारवालाहरू |
| खडेरी | खडेरी प्रभावित क्षेत्रहरूमा सिँचाईको वैकल्पिक प्रबन्ध गर्ने | दि.का | १०० | जि.सि.का, गा.पा. | गा.पा., प्र.स., के.स. |
| शीतलहर | जीवनयापन सुधार गतिविधिहरू सञ्चालन गर्ने | दि.का | १०० | गा.पा. | राजनैतिक दलहरू, गै.स.स. |

### ५.७.१० विविध

| वडा | साइरन | सेल्टर हाउस | तटबन्धन | उद्धार सामग्री | जलमापन केन्द्र |
|---|---|---|---|---|---|
| सबै | जोखिमयुत्त वस्तीहरु सबै स्थानमा राख्ने | जोखिमयुत्त वस्तीहरु सबै स्थानमा बनाउने | खोला किनार आसापासका बस्ती भएको ठाउँमा तटबन्धन गरिएको र बाँकी स्थानमा पनि गर्नु पर्ने, | केही सामान्य सामग्री मात्र रहेको अधिकाँस सामग्री आवश्यक रहेकोले तत्काल आवश्यक प्रबन्ध गर्ने | गाउँपालिकाको अधिकाँस भूभागको हावापानी सँग मेल खाने स्थानमा राख्ने |

# संक्षेपीकरण

| | | |
|---|---|---|
| NEOC | : | National Emergency Operation Center |
| गा.पा. | : | गाउँपालिका |
| प्र.स. | : | प्रदेश सरकार |
| के.स. | : | केन्द्र सरकार |
| सु.प्र.वि. | : | सूचना तथा प्रसारण विभाग |
| ज.मौ.वि. | : | जल तथा मौसम विभाग |
| भ.वि. | : | भवन विभाग |
| जि.आ.स.के | : | जिल्ला आपतकालीन सञ्चालन केन्द्र |
| गा.पा.आ.स.के | : | गाउँपालिका आपतकालीन सञ्चालन केन्द्र |
| गा.पा.वि.रा.स. | : | गाउँपालिका विपद् राहत समिति |
| सा.व.उ.स | : | सामुदायिक वन उपभोक्ता समिति |
| गै.स.स. | : | गैर-सरकारी संस्था |
| स.वि. | : | सडक विभाग |
| सी.वि. | : | सिँचाइ विभाग |
| जि.वि.रा.स. | : | जिल्ला विपद् राहत समिति |
| ने.कृ.अ.प | : | नेपाल कृषि अनुसन्धान परिषद् |
| कृ.वि.म. | : | कृषि तथा पशुपन्छी विकासमन्त्रालय |
| स्वा.ज.म. | : | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ज.उ.प्र.नि.वि. | : | जल उत्पन्न प्रकोप नियन्त्रण विभाग |

# अनूसूचीहरू

## अनुसूची - १: योजना तर्जुमा गर्दाको छलफलका फोटाहरू

















## अनुसूची - २ : योजना तर्जुमा छलफलको माइन्युट

आज मिति २०७८।०१।०५ गते आइतवारका दिन यस माङसेबुङ गाउँपालिका वडा नं. २ का वडाअध्यक्ष श्री पुष्पराज कार्की ज्यूको अध्यक्षतामा वडा पदाधिकारी तथा समाजसेवी, बुद्धिजीवी एवं सरोकारवालाहरुका साथ बैठक बसि निम्नित छलफल एवं निर्णयहरु गरियो ।

उपस्थिति:

१. वडाअध्यक्ष श्री पुष्पराज कार्की
२. वातावरण विज्ञ श्री राम प्रसाद गौतामे
३. वडा सदस्य श्री कमला पोर्तेल
४. समाजसेवी श्री कृष्ण बहादुर बस्नेत
५. शिक्षक श्री युवराज बस्नेत
६. समाजसेवी श्री टीकाराम बुलाल
७. ,, श्री राजकुमार योङहाङ
८. ,, श्री जीवन राई
९. ,, श्री चन्द्रकुमार राँत्रा
१० ,, श्री आशा लिम्बु
११. ,, श्री इश्वर ब. कार्की
१२ ,, श्री रविन राई
१३ ,, श्री शिशिर लिम्बु
१४ ,, श्री भिमा खत्री
१५ वडा सचिव श्री हेमसागर घिमिरे
१६ कर्मचारी श्री प्रमिला विश्वकर्मा
१७.

प्रस्ताव नं १: विपद व्यवस्थापन योजनाको लागि छलफल एवं तथ्याङ्क संकलन सम्बन्धमा ।

उपर्योक्त प्रस्तावमाथि छलफल गर्दा यस गाउँपालिका वडा नं २ को वडा तहमा विपद व्यवस्थापन, प्रसको नक्साङ्कन विपदका असर, न्यूनिकरण एवं सतर्कताका उपाय, विपद व्यवस्थापन योजना, विपद व्यवस्थापन कोष संचालन जस्ता विविध विषयमा छलफल गरि विविध क्षेत्रका विभिन्न विषयमा अन्तर्कृया एवं तथ्याङ्क संकलन गर्ने कार्य गरियो।

~~प्रस्ताव नं २~~: ~~भू-~~ उपयोग योजना निर्माण एवं परिचालन ~~सम्बन्धमा~~ ।

आज मिति २०७८ वैशाख ६ गते यस वडा नं.१ का अध्यक्ष श्री भक्तराज लिम्बु ज्यू को अध्यक्षतामा मादुलेबुङ गाउँपालिका को विपद व्यवस्थापन योजना निर्माणको लागि वडा समितिका सदस्य, बुद्धिजीवी तथा संघ संस्थाका प्रतिनिधि हरुको सहभागितामा वडास्तरीय छलफल तथा तथ्याङ्क संकलनको कार्य सम्पन्न गरियो ।

उपस्थिती हरु

१. वडा अध्यक्ष - भक्तराज लिम्बु
२. ने०क०पा० माओवादी केन्द्र अध्यक्ष - नर ब० आङदेम्बे
३. ने०क०पा० एमाले भीम प्रसाद कट्टेल
४. ठेगाना वा.स. नं १ शिवचन्द्र
५. नेपाल रेडक्रस सोसाइटी ठेगाना उपशाखा - सभापति धन कुमार आङदेम्बे
६. माङसेबुङ -१ वडा सदस्य - पूर्ण बहादुर नेपाल
७. [illegible]
८. अशोक निराला (शिक्षक)
९. वातावरण विद् राम प्रसाद गौतम

आज मिति २०७८ वैशाख ७ गते यस वडा नं ३ का वडाध्यक्ष श्री मैतराज राई ज्यू को अध्यक्षतामा गाउँपालिकाको विपद् व्यवस्थापन योजना निर्माणको लागि वडास्तरीय छलफल तथा तथ्याङ्क संकलन कार्य वडा समिति सदस्य र अन्य प्रतिनिधि ज्यू हरुको उपस्थितीमा सम्पन्न भयो

उपस्थितीहरु

१. मैतराज राई
२. संगीता ,,
३. इन्द्र कु. लिम्बु -
४. कुमार ,,
५. कला शिवा पोखरेल
६. वडा सचिव सुलव दाहाल
७. आमन्त्रित
८. हरिराज लाम्बा
९. कमला राई ,,
१०. वातावरण विज्ञ राम प्रसाद गौतम

मिति २०८१/०१/०८

आज मिति २०८१ बैशाख ०८ गते यस माङसेबुङ गाउँपालिका ३ नं. वडा कार्यालय, लाफस्वामा वडा अध्यक्ष श्री नरेन्द्र कुमार राईको अध्यक्षतामा बैठक बसि निम्न प्रस्तावहरूमा यस वडाको बुद्धिजीवी हरु संग छलफल गरी निर्णय पारित गरियो।

उपस्थिती तपसिल:

वडा अध्यक्ष: श्री नरेन्द्र कुमार राई

वडा सदस्य: श्री तिलकुमा सवेहाङ

" ": श्री खड्क लिम्बु

" ": श्री पवित्रा लिम्बु तुम्बाहाङफे

" ": श्री देवी माया वि.क.

वडा सचिव/प्राविधिक कर्मचारी श्री सुनिल तेम्बे

सामाजिक अगुवा/बुद्धिजीवी श्री देवी कुमार थोङहाङ

" " " श्री होम लिङदेन

" " " श्री धन बहादुर तेम्बे

" " " श्री चिरहाङ तुम्बाहाङफे

" " " श्री किसान तुम्बपा

" " " श्री

वातावरण विद् श्री राम प्रसाद गौतम

प्रस्ताव:

१, माङसेबुङ गाउँपालिकाको विपद व्यवस्थापन योजना निर्माणका लागि वडा स्तरीय छलफल तथा तथ्याङ्क संकलन सम्बन्धमा

निर्णय: नं. १ प्रस्ताव नं. १ मा छलफल गर्दा यस माङसेबुङ गा.पा. विपद व्यवस्थापन योजना निर्माणका लागि यस माङसेबुङ गा.पा. ३ नं. वडाको गत साल देखि अब हुने सम्भावित आउने विपद सम्बन्धी व्यापक छलफल गरी तथ्याङ्क संकलन गरियो।

आज मिति २०७८ वैशाख ८ गतेका दिन यस वडा नं. ४ का अध्यक्ष अमृत बहादुर राई ज्यूको अध्यक्षतामा माझुवाबेसी गाउँपालिकाको विपद व्यवस्थापन योजना निर्माणको लागि वडास्तरीय इलाकल तथा तथ्यांक संकलन कार्य वडा समिति तथा अन्य प्रतिनिधि एवं बुद्धिजीवि ज्यू हरुको उपस्थितिमा सम्पन्न भयो।

उपस्थिती

१. वडा अध्यक्ष - अमृत बहादुर राई
(२) ,, सदस्य :- गोमा देवि वि.क.
(३) ,, ,, :- सन्त कुमार वि.क.
(४) ,, ,, :- धन प्रसाद राई
(५) ,, ,, :- किरण कुमारी लिम्बु
(६) प्रतिनिधी तथा बुद्धिजिवि :- टेकमान लिम्बु
(७) ,, ,, ,, :- उत्तर कुमार राई
(८) ,, ,, ,, :- सुरज बहादुर राई
(९) प्रहरी चौकी नामेटार .. प्रहरी जवान रमेश बाङ्गी
(१०) वातावरण विज्ञ - राम प्रसाद गौतम
(११) वडा सचिव - सरिता गिरी

आज मिति २०७८/१/०६ गतेका दिन यस माङसेबुङ गा.पा वडा नं. ६ का वडा अध्यक्ष श्री प्रदिप साङपाङ ज्यु को अध्यक्षतामा तपशिलको उपस्थितिमा विपद व्यवस्थापन योजना निर्माण सम्बन्धी छलफल तथा तथ्याङ्क संकलन वडा समिति, बुद्धिजीवि, समाजसेवी, नागरिक समाज को उपस्थितिमा सम्पन्न गरियो।

उपस्थिति

१. वडा अध्यक्ष :- श्री प्रदिप साङपाङ
२. वडा सदस्य :- श्री राम चन्द्र राई
३. —॥— :- श्री मनिषा राई
४. —॥— :- श्री धन कुमारी वि.क
५. वडा सचिव :- श्री सिर्जना खड्का
६. शिक्षक श्री भक्त ब. राई (खेई)
७. बुद्धिजीवि श्री इन्द्र ब. राई
८. —॥— श्री अनिष राई
९. —॥— श्री भनम राई
१०. नागरिक श्री भक्त कुमार राई
११. —॥ श्री दिपेन राई
१२. —॥— श्री रिवन राई
१३. —॥— श्री पदम राई
१४. —॥— श्री मनोज कुमार राई
१५. —॥— श्री चन्द्रकला राई
१६. —॥— श्री सोनिका राई Sons
१७. —॥— श्री रमिला राई रमिला राई
१८. —॥— श्री [illegible] राई
१९. —॥— श्री तुल ब. कार्की
२०. —॥— श्री धन ब. राई
२१. स्वास्थ्य कर्मी श्री सुमन राई
२२. —॥— नदिप राई
२३. —॥— अरुन कुमार राई
२४. वातावरण विज्ञ - राम प्रसाद गौतम